# विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप

# २०७६

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**पाठ्यक्रम विकास केन्द्र**

सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

© सर्वाधिकार : पाठ्यक्रम विकास केन्द्र

प्रथम संस्करण : वि.सं. २०७६

दोस्रो संस्करण : वि.सं. २०७९

मुद्रण :

पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना व्यापारिक प्रयोजनका लागि यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधनमा उतार्न वा अन्य रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

# प्राक्कथन

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको विद्यालय शिक्षा पद्धतिको मार्गदर्शक दस्तावेजका रूपमा रहेको यस पाठ्यक्रम प्रारूपले विद्यालय शिक्षाको दृष्टिकोणलाई प्रतिविम्बित गरेको छ । विश्वमा भएका नवीनतम शैक्षिक परिवर्तन एवम् नेपालको वर्तमान सन्दर्भ र स्थानीय आवश्यकतालाई दृष्टिगत गर्दै यसले समाजवादउन्मुख राष्ट्र निर्माणका लागि सामाजिक न्यायमा आधारित सक्षम र प्रतिस्पर्धी नागरिक विकास गर्न विद्यालय शिक्षाको भावी मार्गचित्र तय गरेको छ ।

स्थानीय तथा विश्वव्यापी आवश्यकताको सन्दर्भलाई दृष्टिगत गर्दै सूचना तथा सञ्चार प्रविधि प्रयोगलाई व्यापक गर्ने, प्राविधिक शिक्षाको विस्तार गर्ने, जीवनोपयोगी सिपलाई एकीकृत गर्ने, सिकाइलाई कामको संसारसँग आबद्ध गर्ने र ज्ञान तथा सिपलाई उत्पादनसँग जोड्ने कार्यलाई महत्त्व दिने दृष्टिकोणलाई यस प्रारूपले आत्मसात गरेको छ । यसले शिक्षामा विविधतालाई सम्बोधन, मानव अधिकारको प्रत्याभूति र समावेशीकरणलाई आत्मसात गर्ने प्रयास गरेको छ । नेपालले अन्तर्राष्ट्रिय मञ्चहरूमा व्यक्त गरेका प्रतिबद्धता एवम् सन् २०३० सम्म दिगो विकासका लक्ष्य हासिल गर्ने सन्दर्भमा शिक्षाको पहुँचलाई समावेशी र समतामूलक बनाई गुणस्तरीय शिक्षा प्रदान गर्ने दिशातर्फ यस प्रारूपले मार्गनिर्देश गरेको छ । यस प्रारूपले विद्यालय शिक्षामा नीतिगत तथा संरचनागत नवीन आयाम समावेश गरी कक्षा १ देखि ३ सम्म एकीकृत पाठ्यक्रम तथा कक्षा ९ देखि १२ सम्म एकलपथीय पाठ्यक्रम ढाँचा अवलम्बन गरेको छ ।

विश्वव्यापी परिवेश, विद्यमान पाठ्यक्रमको विश्लेषण, विशेषज्ञ एवम् विज्ञहरू तथा सरोकारवालाहरूको राय, सल्लाह, सुझाव एवम् प्रतिक्रियासमेतका आधारमा तयार गरिएको यस प्रारूपले विद्यालय शिक्षालाई व्यवस्थित गर्न मार्ग प्रशस्त गर्ने अपेक्षा गरिएको छ । नेपालको समग्र शैक्षिक, सामाजिक, सांस्कृतिक, आर्थिक तथा राजनीतिक अवस्था एवम् विश्वव्यापी शैक्षिक अभ्यासलाई समेत विश्लेषण गरी तयार पारिएको यस दस्तावेजको सफल कार्यान्वयनबाट बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग पुग्नुका साथै सन् २०३० सम्ममा मध्यम आय वर्गका मुलुकहरूको स्तरमा पुग्ने राष्ट्रिय लक्ष्य हासिल गर्न सहयोग मिल्ने विश्वास लिइएको छ ।

यसमा प्रारूप विकासको सन्दर्भ एवम् औचित्य, पाठ्यक्रमसम्बद्ध समसामयिक पक्षहरूको विश्लेषण, पाठ्यक्रम विकासका सैद्धान्तिक र नीतिगत आधारहरू एवम् विद्यालय शिक्षाको दृष्टिकोण, राष्ट्रिय उद्देश्य, सक्षमता, पाठ्यक्रम संरचना, विद्यार्थी मूल्याङ्कन तथा प्रमाणीकरण र राष्ट्रिय पाठ्यक्रम प्रारूप कार्यान्वयन जस्ता पक्षहरूलाई समेटिएको छ । विभिन्न पक्षबाट समय समयमा प्राप्त सुझावका आधारमा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को विभिन्न मितिको बैठकबाट भएको निर्णयअनुसार यस संस्करणमा केही थपघट तथा परिमार्जनसमेत गरिएको छ ।

प्रारूप तयार गर्ने क्रममा महत्त्वपूर्ण सहयोग पुऱ्याउने नीति निर्माता, विज्ञ तथा विशेषज्ञ, शिक्षाविद्, प्राध्यापक, शिक्षक, अभिभावक, पत्रकार, रोजगारदाता, विद्यार्थी एवम् सम्बन्धित सरोकारवालाहरूप्रति पाठ्यक्रम विकास केन्द्र हार्दिक कृतज्ञता व्यक्त गर्दछ । आवश्यक समन्वय एवम् सहजीकरण गर्ने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय एवम् सङ्घ, प्रदेश र स्थानीय तहसम्बद्ध सरोकारवालाहरूका साथै प्रारूप विकासमा योगदान गर्नुहुने सबैप्रति केन्द्र हार्दिक आभार प्रकट गर्दछ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप उक्त गतिशील दस्तावेज भएकाले अझ परिस्कृत गर्दै लैजानका लागि पाठ्यक्रम विकास केन्द्र प्रयोगकर्ता महानुभावहरूबाट सदैव रचनात्मक सुझावको अपेक्षा गर्दछ ।

२०७९ असार                                        पाठ्यक्रम विकास केन्द्र

## विषय सूची


| क्र.सं. | विषयवस्तु | पृष्ठ सङ्ख्या |
|---|---|---|
| **परिच्छेद एक : प्रारम्भिक** | | **१** |
| १.१ | पृष्ठभुमि | १ |
| १.२ | प्रारूप विकासको औचित्य | ३ |
| १.३ | प्रारूप निर्माण प्रक्रिया | ४ |
| **परिच्छेद दुई : पाठ्यक्रमसम्बद्ध समसामयिक पक्षहरू** | | **७** |
| २.१ | भौगोलिक, सामाजिक, सांस्कृतिक, आर्थिक तथा शैक्षिक पक्ष | ७ |
| २.२ | पाठ्यक्रम विकास तथा परिमार्जन प्रक्रिया | ८ |
| २.३ | पाठ्यक्रमको सामञ्जस्य र निरन्तरता | ९ |
| २.४ | मूल्य र मान्यतामा आधारित शिक्षा | १० |
| २.५ | शिक्षामा जीवनोपयोगी सिप | ११ |
| २.६ | रोजगारी र स्वरोजगारीका लागि शिक्षा | ११ |
| २.७ | सञ्चार तथा सुचना प्रविधिसम्बन्धी शिक्षाको आवश्यकता | १२ |
| २.८ | मातृभाषिक पक्षहरू | १३ |
| २.९ | पाठ्यक्रममा समावेशी पद्धति | १४ |
| २.१० | शैक्षणिक पद्धति | १५ |
| २.११ | संस्कृत शिक्षा | १६ |
| २.१२ | परम्परागत पद्धतिमा आधारित शिक्षा | १७ |
| २.१३ | स्थानीय आवश्यकतामा आधारित शिक्षा | १८ |
| २.१४ | सिकाइका क्षेत्रहरू | १९ |
| २.१५ | वैकल्पिक तथा खुला शिक्षा | १९ |
| २.१६ | शिक्षामा विश्वव्यापीकरणको प्रभाव | २० |
| २.१७ | विद्यार्थी मूल्याङ्कन | २१ |
| २.१८ | शैक्षिक गुणस्तर र सान्दर्भिकता | २२ |
| २.१९ | अनुसन्धानात्मक कार्य | २३ |
| २.२० | संस्थागत क्षमता | २४ |
| **परिच्छेद तीन : पाठ्यक्रम विकासका सैद्धान्तिक आधार तथा नीति** | | **२५** |
| ३.१ | पाठ्यक्रम विकासका सैद्धान्तिक आधारहरू | २५ |
| ३.२ | विद्यालय शिक्षाको पाठ्यक्रमसम्बन्धी नीति | ३४ |

| | | |
|---|---|---|
| **परिच्छेद चार : विद्यालय शिक्षाको पाठ्यक्रम संरचना** | | **४३** |
| ४.१ | विद्यालय शिक्षाको दृष्टिकोण | ४३ |
| ४.२ | विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य | ४३ |
| ४.३ | विद्यालय शिक्षाको तहगत संरचना र उमेर | ४४ |
| ४.४ | विद्यालय शिक्षाका सक्षमता | ४५ |
| ४.५ | विद्यालय शिक्षाको पाठ्यक्रम संरचना | ४९ |
| **परिच्छेद पाँच : विद्यार्थी मूल्याङ्कन तथा प्रमाणीकरण** | | **६४** |
| ५.१ | आधारभुत तहमा विद्यार्थी मूल्याङ्कन | ६४ |
| ५.२ | माध्यमिक तहमा विद्यार्थी मूल्याङ्कन प्रक्रिया | ६५ |
| **परिच्छेद छ : राष्ट्रिय पाठ्यक्रम प्रारूप कार्यान्वयन** | | **६६** |
| ६.१ | पाठ्यक्रम विकास, स्वीकृति र परिमार्जन प्रक्रियामा सुधार | ६६ |
| ६.२ | पाठ्यक्रमसम्बद्ध सामग्री विकास र वितरण | ६६ |
| ६.३ | संस्थागत संयन्त्रको विकास | ६७ |
| ६.४ | अनुसन्धान र पाठ्यक्रम मूल्याङ्कन | ६८ |
| ६.५ | विभिन्न स्तरमा परीक्षा बोर्ड र समितिको निर्माण | ६८ |
| ६.६ | पाठ्यक्रमको कार्यान्वयनमा सरोकारवालाको सहभागिता | ६९ |
| ६.७ | प्रभावकारी पाठ्यक्रम विकास र कार्यान्वयनका निम्ति शिक्षकको तयारी | ७० |
| ६.८ | विद्यालयको भूमिका | ७० |
| ६.९ | अनुगमन र सुपरिवेक्षण | ७१ |
| ६.१० | समन्वय र साझेदारी | ७२ |
| ६.११ | संस्थागत क्षमता र प्रारूप कार्यान्वयन | ७२ |
| ६.१२ | राष्ट्रिय पाठ्यक्रम प्रारूप जीवन्त दस्तावेजका रूपमा | ७२ |
| **अनुसुचीहरू** | | **७३** |
| अनुसुची १ : | माध्यमिक शिक्षा (कक्षा ९-१०) का ऐच्छिक विषय | ७३ |
| अनुसुची २ : | माध्यमिक शिक्षा (कक्षा ११-१२) का ऐच्छिक विषय | ८० |
| अनुसुची ३ : | माध्यमिक शिक्षा (कक्षा ११-१२) का संस्कृततर्फका ऐच्छिक समूह र विषयहरू | ८४ |
| अनुसुची ४ : | माध्यमिक (कक्षा ९-१२) प्राविधिक तथा व्यावसायिक शिक्षाको पाठ्यक्रम संरचना | ८९ |
| अनुसुची ५ : | राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ विकासमा संलग्न विज्ञहरूको विवरण | ९५ |

# परिच्छेद : एक

# प्रारम्भिक

## १.१ पृष्ठभूमि

राष्ट्रिय पाठ्यक्रम प्रारूप विद्यालय शिक्षाको पाठ्यक्रमसम्बन्धी मूल मार्गदशक दस्तावेज हो । यसलाई विद्यालय शिक्षाको सुधारसम्बन्धी मार्गचित्रका रूपमा विकास गरिएको छ । ज्ञानको विकास तथा विस्तार, प्रविधिमा हुने परिवर्तन र स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवर्तित शैक्षिक मुद्दाहरूलाई सम्बोधन गर्न सक्ने गतिशील दस्तावेज (Living document) का रूपमा यो प्रारूप तयार गरिएको छ । पाठ्यक्रम कार्यान्वयनका क्रममा आउन सक्ने सम्भावित परिवर्तनलाई समेत समायोजन गर्न सक्ने गरी विकास गरिएको यस प्रारूपले पाठ्यक्रमसम्बद्ध नीति तथा सिद्धान्त, पाठ्यक्रम संरचना, सिकाइका क्षेत्र एवम् सिकाइ सहजीकरण प्रक्रिया, विद्यार्थी मूल्याङ्कन तथा प्रमाणीकरण प्रक्रियाका साथै पाठ्यक्रम कार्यान्वयनको संस्थागत प्रबन्धलाई मार्गनिर्देश गर्ने आधार प्रदान गर्ने छ । यस प्रारूपले पाठ्यक्रमसम्बन्धी राष्ट्रिय तथा स्थानीय मुद्दाहरू र विश्वव्यापीकरणको सन्दर्भको सापेक्षतामा पाठ्यक्रमको संरचनागत स्वरूप, अपेक्षित सक्षमता र तिनको प्राप्तिका लागि सञ्चालन गरिने सिकाइ सहजीकरण प्रक्रियालगायत पाठ्यक्रमका समग्र पक्षलाई मार्गनिर्देश गर्ने छ ।

नेपालमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप पहिलो पटक वि. सं. २०६३ मा तयार गरी कार्यान्वयनमा ल्याइएको थियो । तत्पश्चात यही प्रारूपले मार्गनिर्देश गरेअनुसार विद्यालय शिक्षाको पाठ्यक्रम विकास र परिमार्जन गरिएको हो । समसामयिक परिवर्तनलाई समेटी वि.सं. २०७१ मा उक्त प्रारूपमा परिमार्जन गरिएको थियो । नेपालको संविधानले मुलुकलाई सङ्घीय ढाँचामा रूपान्तरण गरेको सन्दर्भमा पाठ्यक्रमसम्बन्धी सङ्घीय, प्रादेशिक र स्थानीय भूमिकालाई व्यवस्थित गर्ने, विद्यालय शिक्षालाई प्रारम्भिक बालविकास तथा शिक्षादेखि कक्षा १२ सम्म पुनर्संरचित गर्ने तथा विद्यमान विद्यालय शिक्षालाई सिपमूलक, जीवनोपयोगी, रोजगारउन्मुख एवम् मूल्यमा आधारित बनाउने उद्देश्यले यो राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरिएको छ ।

राष्ट्र, राष्ट्रियता, राष्ट्रिय एकता, सङ्घीय लोकतान्त्रिक गणतन्त्र र नेपाली वैशिष्ट्यप्रति समर्पित जनशक्ति विकासमा विद्यालय शिक्षा केन्द्रित हुनुपर्छ । दिगो विकास, मानव अधिकारको संरक्षण, बाल अधिकार, शान्ति, सामाजिक एवम् लैङ्गिक समानता, जनसाङ्ख्यिकी, वातावरण संरक्षणजस्ता सामाजिक रूपान्तरणका मुद्दालाई सम्बोधन गर्नु आवश्यक छ । त्यसै गरी सूचना तथा सञ्चार प्रविधिलगायतका व्यवहारकुशल, जीवनोपयोगी तथा रोजगारउन्मुख सिप विकास, उद्यमशीलताको विकास जस्ता आर्थिक रूपान्तरणमा सहयोग गर्ने पक्षलाई पनि  विद्यालय शिक्षाले सम्बोधन गर्नु आवश्यक छ । शिक्षालाई सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक, राजनीतिक विकासको प्रमुख माध्यमका रूपमा  विकास गरी सबैका लागि गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्नुपर्दछ । उल्लिखित विशेषतामा आधारित शिक्षाको विकास गरी सुसंस्कृत, समृद्ध, प्रतिस्पर्धी, समतामूलक मूल्यलाई आत्मसात गर्ने तथा राष्ट्र एवम् राष्ट्रियताप्रति निष्ठावान् नागरिक तयार गर्ने लक्ष्य प्राप्तिका लागि उपयोगी हुने गरी पाठ्यक्रम विकास तथा यसको प्रभावकारी कार्यान्वयन गर्नु आवश्यक छ ।

नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थासहितको संविधान कार्यान्वयनमा छ । यस संविधानले शिक्षासम्बन्धी हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । यसै गरी राज्यका निर्देशक सिद्धान्तका रूपमा उल्लिखित राज्यका नीतिमा शिक्षालाई नागरिकका आधारभूत आवश्यकताका रूपमा उल्लेख गरी सबै नागरिकलाई शिक्षाको अवसर उपलब्ध गराउनु राज्यको दायित्व रहने स्पष्ट गरिएको छ । नेपालको संविधानले परिलक्षित गरेका शिक्षासम्बद्ध अधिकारको प्राप्तिमा विद्यालय स्तरमा विकास गरिने पाठ्यक्रमले प्रभावकारी भूमिका खेल्नुपर्छ । प्रारम्भिक बाल विकास तथा शिक्षाको प्रबन्धसहित निःशुल्क एवम् अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको प्रभावकारी कार्यान्वयन गर्ने, प्राविधिक र व्यावसायिक शिक्षाको अवसर बढाउने, जीवनपर्यन्त सिकाइका अवसर सिर्जना गरी सिकाइलाई उत्पादनसँग आबद्ध गर्ने, उद्यमशीलताको प्रवर्धन गर्ने, शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने र सबै तहको शिक्षाको गुणस्तरमा सुधार ल्याउने जस्ता विषयहरू विद्यालय शिक्षाका प्राथमिकताका क्षेत्रहरू हुन् ।

नेपालले शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय मञ्चहरूमा व्यक्त गरेका प्रतिबद्धताहरू पूरा गर्न सहयोग पुऱ्याउन पाठ्यक्रम तथा पाठ्यसामग्रीमा समसामयिक सुधार गरिँदै आएको छ । सन् २०१५ को संयुक्त राष्ट्रसङ्घको महासभाबाट सन् २०३० सम्म हासिल गरिसक्ने प्रतिबद्धतासहित स्वीकार गरिएको दिगो विकासका लक्ष्यहरू र नेपालले त्यस बेलासम्म मध्यम आय वर्गका मुलुकहरूको स्तरमा पुग्ने लक्ष्य लिइएको सन्दर्भमा दिगो विकासका लक्ष्यहरूमध्ये समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चिता गर्ने र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसर प्रवर्धन गर्ने शिक्षासँग सम्बन्धित प्रमुख लक्ष्य प्राप्तिका लागि विद्यालय शिक्षाको पाठ्यक्रममा गरिने सुधार महत्त्वपूर्ण हुन्छ ।

नेपालमा विद्यालय शिक्षामा पहुँच बढाउन तथा गुणस्तरमा सुधार ल्याउन राष्ट्रिय स्तरमा विभिन्न प्रयासहरू हुँदै आएकामा सन् १९९० को दशकपश्चात् यसले अझ गति लिएको देखिन्छ । यस अवधिमा राष्ट्रिय विकास योजना र शिक्षासम्बन्धी राष्ट्रिय स्तरका योजनाहरूमा विद्यालय शिक्षा सुधारका लागि नीति, रणनीति, कार्यनीति, कार्यक्रम र कार्ययोजना अगाडि सारिएका छन् । यसै सन्दर्भमा वि. स. २०७३ साउनदेखि २०८० असार (सन् २०१६ जुलाईदेखि २०२३ जुलाईसम्म) को सात बर्से विद्यालय क्षेत्र विकास योजना स्वीकृत भई कार्यान्वयनमा रहेको छ । यस योजनाले नेपाललाई वि.सं. २०७९ सम्ममा अल्पविकसित राष्ट्रको स्तरबाट माथि उठाउन र वि.सं. २०८७ सम्ममा मध्यम आय भएको मुलुकमा रूपान्तरण गर्न आवश्यक पर्ने जनशक्ति उत्पादन गर्ने लक्ष्यलाई आत्मसात गरेको देखिन्छ । त्यसै गरी यस योजनाले नेपालको शिक्षामा समताको विकास, गुणस्तरमा सुधार, सक्षमतामा अभिवृद्धि, सुशासन कायम तथा व्यवस्थापकीय सुधारमा जोड दिएको छ ।

पन्ध्रौँ योजना (२०७६/७७-२०८०/८१) को आधार पत्रमा शिक्षासम्बन्धी हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरी आधारभूत तहसम्म अनिवार्य र निःशुल्क तथा माध्यमिक तहको शिक्षा निःशुल्क पाउने व्यवस्थामा जोड दिइएको छ । शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक तथा रोजगारमूलक बनाउँदै लैजान लगानी वृद्धि गर्ने, जनशक्तिलाई अन्तर्राष्ट्रिय स्तरमा समकक्षी र प्रतिस्पर्धी बनाउने, प्राविधिक शिक्षालाई हरेक स्थानीय तहसम्म सर्वसुलभ गराउने कुरा यस आधार पत्रमा उल्लेख गरिएको छ । यस योजनाले गुणस्तरीय शैक्षिक वातावरण सिर्जना, खोज तथा अनुसन्धान, सामाजिक तथा आर्थिक रूपान्तरणका लागि मानव संसाधन विकास, उत्पादनशील र

नवप्रर्वतनशील मानव स्रोतको विकास, सबैलाई जीवनपर्यन्त शिक्षाको अवसर एवम् शैक्षिक निकाय र शिक्षण संस्थामा सुशासन कायम गर्ने जस्ता पक्षलाई प्राथमिकतामा राखेको छ ।

कानुनी तथा नीतिगत प्रावधानले निर्दिष्ट गरेबमोजिम विद्यालय शिक्षाको संरचनालाई प्रारम्भिक बाल विकास तथा शिक्षा एवम् कक्षा १ देखि कक्षा ८ सम्म आधारभूत र कक्षा ९ देखि १२ सम्म माध्यमिक तह कायम गरिएको अवस्थामा १३ बर्से अवधिको विद्यालय शिक्षाको समग्र दृष्टिकोण निर्धारण गर्नुका साथै मुलुकको राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक परिवेश सुहाउँदो पाठ्यक्रम विकासका लागि उपयुक्त खाका विकास गर्नुपर्ने भएकाले राष्ट्रिय पाठ्यक्रम प्रारूपको विकास गर्नुपरेको हो । एकातर्फ आधारभूत तह कक्षा १ देखि ३ सम्म सम्भाव्य सिप तथा सक्षमताहरूलाई अन्तरसम्बन्धित र एकीकृत गरी पाठ्यक्रमको विकास गर्नुपर्ने आवश्यकता छ भने अर्कोतर्फ माध्यमिक तहमा सिपमूलक र रोजगारउन्मुख पाठ्यक्रम विकास गरी कार्यान्वयनमा ल्याउनु आवश्यक छ । त्यसै गरी मुलुकमा अहिले सङ्घीय संरचनाअनुसार सङ्घ, प्रदेश र स्थानीय सरकारमार्फत शिक्षाका कार्यक्रमहरू सञ्चालन तथा व्यवस्थापन भइरहेकाले विद्यालय शिक्षाको पाठ्यक्रम विकास तथा कार्यान्वयन सम्बन्धमा मार्गदर्शन गर्नका लागि पनि राष्ट्रिय पाठ्यक्रम प्रारूपको विकास आवश्यक देखिएको छ । यसले सिकाइका मापदण्ड निर्धारण तथा सिकाइ व्यवस्थापनमा सहजीकरण गर्नुका साथै स्थानीय विषयवस्तु छनोट, तिनको पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि आधार प्रदान गर्ने छ ।

## १.२ प्रारूप विकासको औचित्य

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम मुलुकको सामाजिक तथा आर्थिक विकासको प्रमुख आधारशिला हो । राष्ट्रिय पाठ्यक्रम प्रारूपले नै शिक्षाको राष्ट्रिय गन्तव्य तथा कार्यदिशा तय गर्दछ । नेपालको विद्यमान संवैधानिक, कानुनी र नीतिगत व्यवस्था एवम् सङ्घीय संरचनाअनुकूल हुने गरी मौजुदा राष्ट्रिय पाठ्यक्रम प्रारूपलाई परिवर्तन गर्न जरुरी छ । यसर्थ देहायबमोजिमका पक्षलाई राष्ट्रिय पाठ्यक्रम प्रारूप विकासको औचित्यका रूपमा लिन सकिन्छ :

- संवैधानिक व्यवस्था र मुलुकको सङ्घीय संरचनाअनुसार विद्यालयस्तरीय पाठ्यक्रमसम्बद्ध कार्यलाई व्यवस्थित गर्नु
- विद्यालयीय शिक्षाको संरचनाअनुरूप प्रारम्भिक बाल विकास तथा शिक्षादेखि कक्षा १२ सम्मको पाठ्यक्रम विकास कार्यलाई दिशानिर्देश गर्नु
- पाठ्यक्रम विकास तथा कार्यान्वयनसँग सम्बन्धित सैद्धान्तिक र नीतिगत आधार तय गर्नु
- परिवर्तित सन्दर्भमा शिक्षालाई समानताको कारकका रूपमा स्थापित गर्न गुणस्तरीय विद्यालय शिक्षाका लागि सिकाइ सहजीकरण मापदण्ड निर्दिष्ट गर्नु
- विद्यालय शिक्षामा प्रविधिमैत्री सिकाइलाई सुनिश्चित गर्ने आधारशिला खडा गर्नु
- विद्यार्थी मूल्याङ्कन, प्रमाणीकरण, समकक्षता तथा राष्ट्रिय योग्यता प्रारूपसम्बन्धी कार्यहरूलाई व्यवस्थित र प्रभावकारी बनाउनु
- राष्ट्रिय आवश्यकता र अन्तर्राष्ट्रिय अभ्यासका आधारमा तहगत एवम् कक्षागत पाठ्यक्रम संरचनामा समसामयिक सुधार गर्नु

- समसामयिक परिवेश, समाजको माग, सिकारुका आवश्यकतालगायतका वस्तुनिष्ठ आधारमा पाठ्यक्रम विकास तथा सुधार गर्नु
- राष्ट्रिय आवश्यकता र अन्तर्राष्ट्रिय मञ्चमा व्यक्त गरेका प्रतिबद्धतालाई सम्बोधन गर्नु
- राष्ट्रको दीर्घकालीन विकासको लक्ष्यअनुरूप विद्यालय शिक्षाका माध्यमबाट मुलुकको विकासमा स्तरोन्नतिका लागि सहयोग गर्नु
- सङ्घीय संरचनाअनुकूल हुने गरी मौजुदा राष्ट्रिय पाठ्यक्रम प्रारूपलाई परिमार्जन गरी स्थानीय तहको भूमिकालाई सुनिश्चित गर्नु

## १.३ प्रारूप निर्माण प्रक्रिया

पाठ्यक्रम तथा पाठ्यक्रमसम्बद्ध विश्वव्यापी परिवेश, विद्यमान पाठ्यक्रमको विश्लेषण, विशेषज्ञ एवम् विज्ञहरूको सल्लाह तथा सुझाव र अन्य सरोकारवालाहरूका राय, सुझाव तथा प्रतिक्रियासमेतका आधारमा देहायका चरणहरू पूरा गरी यो पाठ्यक्रम प्रारूप तयार गरिएको हो ।

### १.३.१ प्रारूप निर्माण कार्ययोजना निर्माण

पाठ्यक्रम प्रारूप तयार गर्ने क्रममा पाठ्यक्रम विकास केन्द्रले कार्ययोजना तयार गरी वि. सं. २०७३ को फागुनबाट कार्य प्रारम्भ गरेको थियो ।

### १.३.२ विषयक्षेत्रगत समूह (Thematic group) गठन

पाठ्यक्रम प्रारूप निर्माण कार्ययोजनाले निर्दिष्ट गरेअनुरूप नयाँ प्रारूप विकास गर्नका लागि विद्यालय शिक्षाको प्रारम्भिक बाल विकास तथा शिक्षादेखि कक्षा १२ सम्म समेटिने गरी विद्यालय शिक्षाको पाठ्यक्रम विकासका सैद्धान्तिक आधारहरू, विद्यालय शिक्षाको दूरदृष्टि, राष्ट्रिय उद्देश्य, सक्षमता, पाठ्यक्रम संरचना, मूल्याङ्कनलगायतका पाठ्यक्रमसम्बद्ध विविध पक्षहरूमा विज्ञ समूहबाट प्रारम्भिक अवधारणा विकास गर्न देहायअनुसारका सातओटा विषयक्षेत्रगत समूह गठन भई प्रारम्भिक मस्यौदा गरिएको थियो :

१. प्रारम्भिक बाल विकास तथा शिक्षादेखि कक्षा ३ सम्मको पाठ्यक्रम संरचना

२. विद्यालय शिक्षाको दृष्टिकोण, राष्ट्रिय उद्देश्य, तहगत सक्षमता

३. साधारण धारको पाठ्यक्रम ढाँचा

४. संस्कृत तथा परम्परागत शिक्षाको पाठ्यक्रम ढाँचा

५. प्राविधिक तथा व्यावसायिक शिक्षाको पाठ्यक्रम संरचना

६. सिकाइ सहजीकरण प्रक्रिया, मूल्याङ्कन र प्रमाणीकरण

७. पाठ्यक्रम सिद्धान्त, नीति र अन्य सान्दर्भिक विषयहरू

### १.३.३ सन्दर्भ सामग्री पुनरवलोकन

यो राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गर्ने क्रममा निम्नलिखित सामग्रीहरू पुनरवलोकन गरिएको थियो :

**(क) मौजुदा राष्ट्रिय पाठ्यक्रम प्रारूप पुनरवलोकन**

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३ ले व्यवस्था गरेका विद्यालय शिक्षाका पाठ्यक्रमसम्बद्ध विविध पक्षहरूको पुनरवलोकन गरियो । यसअन्तर्गत मूलतः पाठ्यक्रमसम्बद्ध समसामयिक पक्षहरू, सैद्धान्तिक आधार, विद्यालय शिक्षाको दृष्टिकोण, राष्ट्रिय उद्देश्य, सक्षमता, पाठ्यक्रमको संरचना, विद्यार्थी मूल्याङ्कन एवम् नीतिगत व्यवस्थाको समीक्षा गरियो । यसका साथै राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३ का आधारमा विकास गरिएको पाठ्यक्रमको करिब एक दशकभन्दा बढीको कार्यान्वयन अनुभवबाट प्राप्त सिकाइका आधारमा असल र सान्दर्भिक अभ्यासलाई निरन्तरता दिँदै समसायिक रूपमा समेट्नुपर्ने नवीन विषयहरूको खोजी गरिएको थियो ।

**(ख) अन्तर्राष्ट्रिय अभ्यासको पुनरवलोकन**

विद्यालय शिक्षाको पाठ्यक्रमसम्बद्ध अन्तर्राष्ट्रिय अभ्यासको पुनरवलोकन गर्ने क्रममा भारत, चीन, श्रीलङ्का, सिङ्गापुर, जापान, कोरिया, फिनल्यान्ड, अमेरिका, बेलायत, माल्टा, स्विजरल्यान्ड, अस्ट्रेलिया, न्युजिल्यान्ड, थाइल्यान्ड, फिलिपिन्सका विद्यालय स्तरका पाठ्यक्रम ढाँचा र सम्बद्ध विषयक्षेत्रको तुलनात्मक अध्ययन गरी नेपालको सन्दर्भमा उपयोगी हुने विभिन्न विकल्पहरूमाथि विज्ञ समूहबिच छलफल गरिएको थियो ।

**(ग) राष्ट्रिय नीतिगत दस्तावेजहरूको अध्ययन**

प्रारूप निर्माणका क्रममा नेपालको संविधान, मौजुदा शिक्षा ऐन तथा नियमावली, विभिन्न समयमा गठित राष्ट्रिय स्तरका शिक्षा आयोगका प्रतिवेदनहरू, आवधिक विकास योजनाहरू, विद्यालय क्षेत्र विकास योजनालगायत शिक्षासम्बद्ध नीतिगत दस्तावेजहरूको अध्ययन तथा पुनरवलोकन गरिएको थियो । सबैका लागि शिक्षासम्बन्धी लक्ष्यहरू, सहस्राब्दी विकास लक्ष्यहरू तथा दिगो विकासका लक्ष्य प्राप्तिका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चमा नेपालले व्यक्त गरेका प्रतिबद्धताहरूको अध्ययन गरी प्रारूप विकास प्रक्रियालाई सान्दर्भिक र व्यावहारिक बनाउने प्रयास गरिएको थियो ।

**(घ) मौजुदा पाठ्यक्रम तथा पाठ्यपुस्तक विश्लेषण**

विद्यालय शिक्षाको प्रारम्भिक बाल विकास र शिक्षादेखि कक्षा १२ सम्मका विभिन्न विषय तथा सिकाइ क्षेत्रका मौजुदा पाठ्यक्रम तथा पाठ्यपुस्तक अध्ययन तथा विश्लेषण गरी पाठ्यक्रमको कक्षागत, तहगत, विषयगत लम्बीय (Vertical) एवम् समतलीय (Horizontal) सम्बन्धलगायत सान्दर्भिकता (Relevancy) तथा पर्याप्तता (Adequacy) को विश्लेषण गरिएको थियो । यस क्रममा मौजुदा पाठ्यक्रम तथा पाठ्यपुस्तकमा भएका निरन्तरता दिनुपर्ने राम्रा पक्षहरू तथा सुधार गर्नुपर्ने पक्षहरूको पनि खोजी गरिएको थियो ।

### १.३.४ सरोकारवालाहरूबाट सुझाव तथा पृष्ठपोषण सङ्कलन

मस्यौदाका रूपमा तयार भएको राष्ट्रिय पाठ्यक्रम प्रारूपमा समावेश गरिएको मूलभूत विषयक्षेत्रलाई थप परिष्कृत गर्न सरोकारवालाहरूसँग अन्तरक्रिया गरी सुझाव एवम् पृष्ठपोषण सङ्कलन गरिएको थियो । देहायअनुसारका सरोकारवाला समूहबाट प्राप्त भएका सान्दर्भिक र उपयुक्त सुझाव तथा पृष्ठपोषणलाई प्रारूपमा समावेश गरिएको थियो :

- पाठ्यक्रम विकास केन्द्रका विषयगत विषय समितिका पदाधिकारीहरू
- विश्वविद्यालयका पदाधिकारीहरू

- राष्ट्रिय परीक्षा बोर्डका पदाधिकारीहरू
- शिक्षक महासङ्घलगायत शिक्षकका पेसागत संस्थासम्बद्ध पदाधिकारीहरू
- निजी क्षेत्रसँग आबद्ध विद्यालय सञ्चालकका प्रतिनिधिहरू
- नागरिक समाज र अभिभावकसम्बद्ध संस्थाका पदाधिकारीहरू
- विद्यार्थी सङ्घ सङ्गठनका पदाधिकारीहरू
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तर्गत निकायका नीतिगत तहका पदाधिकारीहरू
- नमुनाका रूपमा केही शिक्षविद्हरू, शिक्षकहरू, विद्यार्थीहरू, अभिभवकहरू, सामाजिक तथा राजनीतिकर्मीहरू
- प्रादेशिक तहमा नमुनाका रूपमा केही सरोकारवाला र शिक्षक समुदायसँगको अन्तरक्रिया

### १.३.५ प्रारूपको पुनरवलोकन तथा अन्तिम मस्यौदा तयारी

राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को मिति २०७५/०२/१८ को बैठकले राष्ट्रिय पाठ्यक्रम प्रारूपको स्वरूप तथा आधारहरू तयार गरेको थियो भने परिषद्को २०७५/०५/०२ को बैठकले प्रारम्भिक बाल विकास र शिक्षादेखि कक्षा १२ सम्मको पाठ्यक्रम संरचना सिफारिस गरेको थियो । यसरी तयार भएको प्रारूपको मस्यौदामा विभिन्न सरोकारवालाबाट प्राप्त भएका रायसुझाव तथा प्रतिक्रियाहरूसमेतका आधारमा पुनरवलोकन गरी केही परिमार्जनसहित मिति २०७६/०५/१९ गते बसेको राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को बैठकले राष्ट्रिय पाठ्यक्रम प्रारूपलाई अन्तिम रूप दिई स्वीकृतिका लागि सिफारिस गरेको थियो ।

### १.३.६ प्रारूप स्वीकृति

उल्लिखित प्रक्रिया पूरा गरी मस्यौदाका रूपमा तयार गरिएको विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूपमा सरोकारवालाहरूबाट प्राप्त सान्दर्भिक र उपयुक्त सुझाव तथा पृष्ठपोषणलाई विचार गरी राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को मिति २०७६/०५/१९ को बैठकमा पुनः छलफल गरी सोही बैठकको निर्णयअनुसार स्वीकृतिका लागि सिफारिस भएअनुसार नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रलयको मिति २०७६/०५/२० को निर्णयबाट स्वीकृत भई यो **विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६** विद्यालय शिक्षाको पाठ्यक्रम विकास तथा परिमार्जनको मार्गदर्शक दस्तावेजका रूपमा कार्यान्वयनमा आएको हो ।

# परिच्छेद : दुई

## पाठ्यक्रमसम्बद्ध समसामयिक पक्षहरू

पाठ्यक्रमसम्बन्धी भावी दृष्टिकोण विकास गर्न सम्बद्ध समसामयिक मुद्दा तथा चुनौतीहरू पहिचान र विश्लेषण गर्नु सान्दर्भिक हुन्छ । मुद्दा र चुनौतीको पहिचान, व्याख्या तथा विश्लेषणले भविष्यको दृष्टिकोण बनाउन आधार प्रदान गर्ने हुँदा यस खण्डमा नेपालमा विद्यालय तहको शिक्षामा देखा परेका महत्त्वपूर्ण पक्षहरू उल्लेख गर्दै ती पक्षहरूसँग सम्बन्धित समस्या र चुनौतीहरूका बारेमा विश्लेषण गरिएको छ ।

### २.१ भौगोलिक, सामाजिक, सांस्कृतिक, आर्थिक तथा शैक्षिक पक्ष

नेपाल भौगोलिक, सामाजिक र सांस्कृतिक विविधतायुक्त देश हो । यी विविधता नेपालका विशिष्ट पहिचान पनि हुन् । उच्च हिमशृङ्खलासहितको हिमाली भेक, विविध जलवायुयुक्त रमणीय पहाडी भेक र उपत्यका, समतल र उर्वरभूमि भएको तराई मधेश भेक नेपालको पहिचान हो । दक्षिणदेखि उत्तरसम्मको छोटो दुरीबिचको भिन्न भिन्न जलवायुले नेपालको भौगोलिक, सामाजिक तथा सांस्कृतिक पक्षहरूमा विशिष्टता प्रदान गरेका छन् । आपसी सहयोग, सद्भाव र सहिष्णुतासहित सरल र मैत्रीपूर्ण व्यवहार तथा मौलिक संस्कृतिमा रमाउने जीवनशैली नेपालीका पहिचान हुन् । परोपकार, अतिथि सत्कार, मेलमिलाप र सद्भाव जस्ता आदर्श नेपालका सामाजिक तथा सांस्कृतिक विशेषता बनेका छन् ।

नेपाल भौगोलिक, आर्थिक, सांस्कृतिक र सामाजिक दृष्टिले विशिष्ट पहिचान भएको देश हो । यहाँको विशिष्टतामा विविधता पाइन्छ । विविधता नै नेपालको गौरव हो । विविध कला, धर्म, वेशभूषा र रहनसहनको निरन्तरता नेपालको विशेषता हो । मन्दिर, गुम्बा, धर्मशाला, पाटीपौवा, मस्जिद, चौतारी एवम् ढुङ्गे धारा जस्ता सार्वजनिक धरोहरहरूको उपस्थिति नेपालको विशेषता हो । यहाँ विविध सांस्कृतिक सभ्यता र चाडपर्वप्रति सद्भाव राखी मनाउने चलन पनि विशिष्ट छ। कृषि र पशुपालन, जडीबुटी, स्थान विशेषका उत्पादनको आदानप्रदान, हाटबजार, पर्वतारोहण, पर्यटन जस्ता पक्षहरू नेपालका आर्थिक क्रियाकलापका प्रमुख आधार हुन् ।

शैक्षिक दृष्टिकोणले हेर्दा नेपालमा उच्च शिक्षा अध्ययन गर्नका लागि विश्वविद्यालयहरूलगायत उच्च शिक्षा प्रदायक प्रतिष्ठानहरू सञ्चालनमा रहेका छन् । यसै गरी पैंतिस हजारको हाराहारीमा विद्यालय तथा झन्डै त्यतिकै सङ्ख्यामा बाल विकास केन्द्रहरू स्थापना भएका छन् । नेपालको भौगोलिक, सामाजिक, सांस्कृतिक, आर्थिक तथा शैक्षिक पक्षहरूलाई विश्लेषण गर्दा देहायअनुसारका समस्या देखिन्छन् :

- धार्मिक, सांस्कृतिक एवम् पर्यटकीय स्थलहरूको बृहत् सम्भावना भए तापनि पर्याप्त रूपमा यसको पहिचान, संरक्षण र संवर्धन भइनसकेको
- कृषिमा निर्भर रहेर पनि अपेक्षित रूपमा कृषि क्षेत्रको विकासबाट पूर्णरूपमा आत्मनिर्भर हुन नसकेको र आर्थिक वृद्धिदर अपेक्षित रूपमा बढोत्तरी हुन नसकेको
- मुलुक अझै पनि पूर्ण साक्षर हुन नसकेको

- शैक्षिक गुणस्तर अपेक्षित रूपमा बढ्न नसकेको
- पूर्वाधारहरूको अवस्था सन्तोषजनक रूपमा विकसित भइनसकेको
- समग्र शिक्षा पद्धतिबाट उत्पादित सम्पूर्ण जनशक्ति रोजगार बजारमा खपत हुन नसकेको र स्वरोजगारको
  अवस्थासमेत सन्तोषजनक नरहेको
- स्थानीय ज्ञान तथा सिपसँग सामीप्य हुन नसकी शैक्षिक सान्दर्भिकतामाथि प्रश्न उठ्ने गरेको
- महिला, आदिवासी जनजाति, दलित, अपाङ्गता भएका, मधेशीलगायत भौगोलिक रूपमा पछाडि परेका उत्पीडित वर्गको शैक्षिक पहुँचको अवस्था सन्तोषजनक नरहेको
- उत्पादित जनशक्तिमा मानवीय मूल्य, मान्यता र आचरण अपेक्षाकृत रूपमा वृद्धि हुन नसकेको

उल्लिखित समस्याहरूलाई सम्बोधन गरी देशको समग्र विकासमा गति प्रदान गर्ने किसिमको शिक्षाको विकास गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

## २.२ पाठ्यक्रम विकास तथा परिमार्जन प्रक्रिया

पाठ्यक्रम विकास केन्द्रले विद्यालय शिक्षाको पाठ्यक्रम विकासलगायत पाठ्यक्रमसम्बद्ध कार्य गर्ने गरेको छ । राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्ले पाठ्यक्रमसम्बन्धी नीतिगत निर्देश गर्दछ । यससम्बन्धी कार्यमा नेपाल सरकारको तर्फबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले निर्णय गर्दछ । ती निर्णयहरूको कार्यान्वयन पाठ्यक्रम विकास केन्द्रले गर्ने गर्दछ । यसका लागि पाठ्यक्रम विकास केन्द्रले देहायका प्रक्रियामार्फत सुझाव सङ्कलन गरी पाठ्यक्रम तथा पाठ्यक्रमसम्बद्ध कार्यहरू सम्पादन गर्दछ :

- राष्ट्रिय स्तरका शैक्षिक आयोग, कार्यदल र समितिबाट दिइएका सुझावहरू
- पाठ्यक्रम प्रयोगकर्ताका सुझावहरू
- शिक्षक, अभिभावक, सामाजिक कार्यकर्ता, बुद्धिजीवी आदिलाई समेटी गरिएका तालिम तथा गोष्ठीबाट प्राप्त प्रतिक्रिया एवम् सुझावहरू
- पाठ्यक्रम विकास र कार्यान्वयन गर्दाको समयमा उल्लिखित उद्देश्य, नीति तथा कार्यक्रम र अनुभव
- शैक्षिक दर्शन, अनुसन्धान तथा विकास र प्रवर्तनात्मक कार्यक्रमबाट प्राप्त सुझावहरू
- विभिन्न सञ्चारका माध्यमबाट प्राप्त सल्लाह र सुझाव तथा विचारहरू
- नागरिक समाजबाट प्राप्त सुझावहरू
- राजनीतिक दल तथा तिनका घोषणापत्रहरूमा व्यक्त प्रतिबद्धताहरू

पाठ्यक्रम विकास प्रक्रियामा पाठ्यक्रमका प्रयोगकर्ता (विद्यार्थी तथा शिक्षक), जनप्रतिनिधिहरू, अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षा समितिका सदस्यहरू, नागरिक समाजका अगुवाहरू, उद्यमी तथा व्यवसायीबाट पाठ्यक्रम तथा पाठ्यसामग्री परिमार्जनका सम्बन्धमा सूचना तथा पृष्ठपोषण लिने गरिएको छ । यसकै आधारमा केन्द्रबाट सामान्यतया हरेक वर्ष अद्यावधिक, प्रत्येक पाँच वर्षमा सामान्य परिमार्जन र प्रत्येक दश वर्षमा पूर्ण परिमार्जन/परिवर्तन गर्ने अभ्यास

हुँदै आएको छ । पाठ्यक्रम विकास तथा परिमार्जन प्रक्रियाले निम्नलिखित चुनौतीहरूलाई सामना गर्नुपर्ने देखिन्छ :

- पाठ्यक्रम विकास तथा परिमार्जन प्रक्रियालाई सरोकारवालाको मागबमोजिम विकेन्द्रीकृत गर्नु
- सरोकारवालाहरूको पूर्ण सहभागिता सुनिश्चित गर्नु
- सरोकारवालाहरूका माग र आवश्यकताअनुसारको पाठ्यक्रम विकास तथा परिमार्जन गर्नु
- समावेशी अवधारणाअनुरूप पाठ्यक्रम विकास र परिमार्जन गर्नु
- पाठ्यक्रम विकास एवम् कार्यान्वयनका लागि प्रादेशिक तथा स्थानीय तहसम्म संस्थागत संयन्त्रको विकास गर्नु र भएका संयन्त्रको संस्थागत क्षमता सबलीकरण गर्नु
- विद्यार्थीमा आफ्नो जीवन र जगत्सँग सान्दर्भिक शैक्षिक सिप, प्रविधि र प्रवृत्तिको विकास गर्नु
- स्थानीय आवश्यकता र विश्व बजार एवम् तत्कालीन र दीर्घकालीन आवश्यकताबिच सन्तुलन कायम गर्नु
- विद्यार्थीलाई पाठ्यक्रम विकास प्रक्रियामा सहभागी गराउनु
- नेपालको मौलिक मूल्य तथा मान्यता एवम् आस्था तथा विश्वासको संवर्धन र प्रवर्धन गर्दै विद्यार्थीमा असल चरित्र विकास गर्नु
- पाठ्यक्रमलाई जीवनोपयोगी र सान्दर्भिक बनाउनु एवम् सिर्जनशीलता प्रवर्धन गर्नु

पाठ्यक्रम विकास तथा परिमार्जन प्रक्रियाका उपर्युक्त चुनौतीहरूलाई सम्बोधन गरी पाठ्यक्रम कार्यान्वयन प्रक्रियालाई व्यावहारिक, समयसापेक्ष एवम् स्तरीय बनाउन थप सुधारका प्रयासहरू अवलम्बन गर्नुपर्ने देखिन्छ ।

## २.३ पाठ्यक्रमको सामञ्जस्य र निरन्तरता

पाठ्यक्रमको तहगत सामञ्जस्यले समग्र शिक्षाको गुणस्तर एवम् प्रभावकारितालाई प्रत्यक्ष प्रभाव पार्दछ । पाठ्यक्रममा तहगत, विषयगत, कक्षागत र विद्यार्थीको सक्षमताका दृष्टिले सामञ्जस्य कायम गर्नुपर्ने हुन्छ । यसका लागि पाठ्यक्रमको समतलीय (Horizontal) तथा लम्बीय (Vertical) सन्तुलन महत्त्वपूर्ण हुने गर्दछ । यस सन्दर्भमा हाम्रो पाठ्यक्रमको तहगत सामञ्जस्यका बारेमा विविध प्रश्नहरू उठ्ने गरेको यथार्थलाई नकार्न सकिँदैन । विभिन्न दस्तावेज, अध्ययन तथा अनुसन्धान र सरोकारवालाका सुझाव, विगतको पाठ्यक्रम कार्यान्वयनको अनुभव एवम् यो प्रारूप परिमार्जनका क्रममा गरिएका कक्षा १-१२ का विषयगत पाठ्यक्रमको विश्लेषणसमेतका आधारमा पाठ्यक्रमको सामञ्जस्य र निरन्तरता सम्बन्धमा निम्नलिखित चुनौतीहरू देखिएका छन् :

- दूर तथा खुला सिकाइ एवम् वैकल्पिक शिक्षासमेतलाई सम्बोधन गर्नुपर्ने अवस्था
- तहगत, कक्षागत एवम् विषयगत रूपमा लम्बीय एवम् समतलीय सन्तुलन
- पाठ्यक्रम निर्माण प्रक्रियाको सम्पूर्णता र तहगत रूपमा खण्डीकृत अवस्था
- विद्यार्थीको स्तरअनुरूपका विषयवस्तु चयन र बोझिलो पाठ्यक्रम
- पाठ्यक्रमको विषयगत सक्षमतासँग शिक्षकको क्षमता र तालिमको आबद्धता

- विद्यालय तहदेखि उच्च तहसम्म पाठ्यक्रमको अन्तरसम्बन्ध
- समसामयिक मुद्दाहरू (Contemporary issues) मा द्रुत गतिमा भइरहेको फेरबदल
- पाठ्यक्रममा थप गर्नुपर्ने विषयवस्तु र क्षेत्र दिन प्रतिदिन बढ्दो क्रममा रहेकाले सबै विषय र क्षेत्रलाई उत्तिकै प्राथमिकता दिनुपर्ने दबाब

## २.४ मूल्य र मान्यतामा आधारित शिक्षा

शिक्षाले असल व्यक्ति र असल संस्कारयुक्त नागरिक विकासमा सहयोग गर्नुपर्छ । समाजका मूल्य र मान्यताअनुसार सहिष्णु भाव, सम्मान, परोपकार, सामाजिक सद्भाव र सहयोग जस्ता पक्षहरूबाट शिक्षा पद्धति निर्दिष्ट हुनुपर्दछ । शिक्षा हासिल गरिसकेपछि व्यक्तिमा ज्ञान, सिप, अभिवृत्ति, दक्षता र काम गर्ने तत्परताको विकास हुनुपर्छ । शिक्षाले समृद्ध र सभ्य समाजको निर्माणमा मदत गर्नुपर्दछ । शिक्षाकै माध्यमबाट सामाजिक न्याय, लोकतन्त्र, मानवअधिकार, समता तथा सहअस्तित्व जस्ता पक्षहरू सबल बनाउनुपर्दछ । शिक्षाले शान्ति, सदाचार र नैतिकता जस्ता पक्षलाई पनि सम्बोधन गर्नुपर्ने हुन्छ । वर्तमान सङ्गठित र औपचारिक शिक्षा व्यवस्थापनमा शिक्षालाई पेसाको तयारीका रूपमा पनि हेर्ने गरिएको छ । यी पक्षलाई समेट्ने पाठ्यक्रम सही अर्थमा मूल्य र मान्यतामा आधारित हुन सक्छ । नेपालमा विद्यालय तहको शिक्षा आर्जन गरेको जनशक्तिले काम खोज्न वा सिर्जना गर्न, पुर्ख्यौली पेसालाई सुधार एवम् आत्मसात् गर्न र अपेक्षित रूपमा पारिवारिक कार्यमा सहयोग पुऱ्याउन सकेको छैन । सामाजिक मूल्य र मान्यता तथा सत्कर्म जस्ता पक्षलाई अपेक्षित रूपमा सम्बोधन गर्न सकेको छैन । प्रारूप तयार गर्ने क्रममा सञ्चालित विभिन्न कार्यशालाहरूमा पनि इमानदारी, मितव्ययिता, माया तथा सद्भाव, शिष्टता जस्ता पक्षलाई पाठ्यक्रमले अपेक्षित रूपमा सम्बोधन गर्न नसकेको कुरा औँल्याइएका थिए । यहाँ उल्लिखित कतिपय सवालहरू अदृश्य पाठ्यक्रमका पक्ष हुन् । यिनीहरू पाठ्यक्रमको कार्यान्वयन र विद्यालयले निर्माण गर्ने शैक्षिक संस्कृतिसँग पनि सम्बन्धित हुन्छन् । यस्ता अदृश्य पाठ्यक्रमका सवालहरू पनि सम्बोधन हुनु जरुरी हुन्छ । सन्दर्भ सामग्रीहरूको अध्ययन र पाठ्यक्रमको विश्लेषणबाट पनि वर्तमान विद्यालय तहको पाठ्यक्रमले एकातिर पूर्वीय दर्शनका मूल्य र मान्यताका उपयोगी पक्षहरूलाई प्रवर्धन गर्न नसकेको तथा अर्कातिर पश्चिमी ज्ञान प्राप्तिका मूल्य र मान्यताहरूलाई पनि अपेक्षित रूपमा समावेश गर्न नसकेको कुरा औँल्याएको छ । अतः प्रारूपले निम्नलिखित विषयलाई सम्बोधन गरी पाठ्यक्रमको स्वरूप, सिकाइ सहजीकरण प्रक्रिया जस्ता पक्षलाई सम्बोधन गर्दै ठोस दृष्टिकोण प्रस्तुत गर्नुपर्ने देखिएको छ :

- सामाजिक, सांस्कृतिक, राजनीतिक र मानवीय मूल्य तथा मान्यतासम्बद्ध पक्षहरू
- नेपाली मूल्य र मान्यतामा आधारित पाठ्यक्रम विकास
- शान्ति, सद्भाव, सहयोग, सेवा र सहिष्णुता, सहकारिता तथा असल चरित्रको विकास जस्ता मूल्यहरूमा आधारित पाठ्यक्रम विकास
- सत्यवादिता, निःस्वार्थता, सेवाभाव, आत्मनिर्भरता, पारस्परिक निर्भरता र समालोचनात्मक चिन्तन जस्ता मूल्यहरूमा आधारित पाठ्यक्रम विकास
- समता तथा समावेशितालाई आत्मसात् गर्ने र विविधतालाई कदर गर्ने मूल्यमा आधारित पाठ्यक्रम विकास

- विज्ञान र प्रविधिमा आधारित जीवन पद्धति एवम् वातावरणअनुकूल जीवनशैली अवलम्बन गर्न वस्तुनिष्ठ पाठ्यक्रम विकास

## २.५ शिक्षामा जीवनोपयोगी सिप

बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, बौद्धिक विकास गर्दै दैनिक जीवनलाई सुखी एवम् गुणस्तरीय बनाउन विविध व्यावहारिक सिपहरूको विकास गरिनुपर्छ । जीवनोपयोगी सिपले व्यक्तिको जीवनमा आइपर्ने समस्याहरूलाई बुद्धिमत्तापूर्ण ढङ्गबाट समाधान गर्न र आफ्नो जीवनलाई विविध किसिमका नकारात्मक प्रभावबाट टाढा राख्न मदत गर्दछ । जीवनोपयोगी सिपअन्तर्गत व्यक्तिको जीवनयापनमा आवश्यक पर्ने सञ्चार, समूहकार्य, समस्या समाधान, स्वनिर्णय, द्वन्द्व व्यवस्थापन, वित्तीय साक्षरता जस्ता अत्यावश्यक सिपहरू पर्दछन् । जीवनोपयोगी सिपका सम्बन्धमा निम्नानुसारका चुनौती विद्यमान छन् :

- पाठ्यक्रमसम्बद्ध प्रक्रियाले जीवनोपयोगी सिपलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्नु
- ज्ञान र जीवनोपयोगी सिपलाई वास्तविक जीवनमा कार्यान्वयन हुने गरी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नका लागि विद्यालय तहमा आवश्यक सहयोग र सुझाव प्रदान गर्नु

## २.६ रोजगारी र स्वरोजगारीका लागि शिक्षा

शिक्षाले व्यक्ति, परिवार, समाज र राष्ट्रको विकासका लागि आवश्यक सक्षमता भएका नागरिक तयार गर्नुपर्छ । यसले अर्थोपार्जन गर्ने, पेसा तथा व्यवसायलाई प्रवर्धन गर्ने र स्थानीय पेसा तथा व्यवसायलाई सम्मान गर्ने योग्य जनशक्ति तयार गर्नुपर्ने हुन्छ । त्यस्तै रोजगारीका क्षेत्रमा सहज रूपमा प्रवेश गरी आफ्नो सक्षमता प्रदर्शन गर्न सक्ने, आफ्नै प्रयासमा रोजगारीको अवसर सिर्जना गर्न सक्ने वा अन्य व्यक्तिहरूलाई समेत रोजगारीका अवसर प्रदान गर्न सक्ने जनशक्ति उत्पादन गर्ने शिक्षा नै रोजगारउन्मुख व्यावसायिक शिक्षा हो । नेपालका सन्दर्भमा एकातर्फ उच्च शिक्षा प्राप्त गरेको जनशक्ति रोजगार बजारसँग आबद्ध नहुँदा बेरोजगार हुनुपरेको छ भने अर्कातर्फ विगतमा बर्सेनि विद्यालय शिक्षा पूरा गर्न नसकी शिक्षाबाट बाहिरिनेहरूको सङ्ख्या उच्च रहेको छ । वर्तमानमा विद्यालय शिक्षा पूरा गर्ने तर काम र रोजगारीको क्षेत्र सुहाउँदो सक्षमता भएका जनशक्ति विद्यालय शिक्षाबाट आवश्यकतानुसार उत्पादन गर्न नसकिएको अवस्था छ । उच्च अध्ययनमा भएको सहभागिताको दर हेर्दा अधिकांश विद्यालय शिक्षा पूरा गरेका जनशक्ति काममा संलग्न हुन पुगेको देखिन्छ । यसले व्यावसायिक तथा प्राविधिक शिक्षाको आवश्यकतालाई थप पुष्टि गर्छ । व्यावसायिक शिक्षा, प्राविधिक शिक्षा तथा तालिम पनि अपेक्षित हुन नसकेको अवस्था छ । उत्पादित जनशक्ति स्वदेशी रोजगारका क्षेत्रमा अपेक्षित रूपमा प्रवेश गर्न र स्वरोजगार बन्न सकेको छैन । अझै पनि काम गर्दा लाज हुने मान्यता स्थापित छ भने जागिरका लागि भौँतारिने क्रम जारी नै छ । यस सन्दर्भमा अबको विद्यालय शिक्षाले पेसा तथा व्यवसायलाई आवश्यक पर्ने आधारभूत ज्ञान, सिप, प्रवृत्ति र व्यवहार हासिल गराउनुका साथै व्यवहारकुशल सिपहरू (Soft Skills) प्रदान गर्नुपर्छ । यस्ता सिपबाट पेसा तथा व्यवसाय सञ्चालन कार्यमा सहजीकरण गर्न थप मदत पुग्न जान्छ । विद्यालय शिक्षाका १३ वर्षदेखि १६ वर्ष उमेर समूहका सिकारुलाई भविष्यमा पेसा तथा व्यवसायमा संलग्न हुन आवश्यक पर्ने उक्त सिपहरू समेट्ने गरी प्रारूपले सम्बोधन गर्नुपर्ने हुन्छ । कुनै पेसा, व्यवसाय र रोजगारका लागि आवश्यक पर्ने विशिष्टीकृत सिपको रूपमा व्यावसायिक सिपको आवश्यकता रहन्छ । यसअन्तर्गत व्यवसायको प्रकृतिअनुसार औजार तथा उपकरण प्रयोग,

मर्मत जस्ता विशिष्ट सिप (Hard Skill) समेत पर्दछन् । यस सन्दर्भमा प्रारूप विकासमा निम्नलिखित पक्ष चुनौतीपूर्ण बनेका छन् :

- पूर्व व्यावसायिक सिप र व्यावसायिक सिपलाई व्यवस्थित गर्नु
- व्यावसायिक र साधारण धार छुट्टाछुट्टै हुने वा दुवै समानान्तर जाने यकिन गरी माध्यमिक विद्यालय शिक्षाका प्रकारलाई व्यवस्थित गर्नु
- विद्यालय शिक्षाको पाठ्यक्रमले कामका लागि आवश्यक पर्ने सिपको पहिचान र विषयगत क्षेत्र निर्धारण गर्नु
- व्यावसायिक शिक्षाबाट साधारण शिक्षा र साधारण शिक्षाबाट व्यावसायिक शिक्षामा जाने संरचनागत मार्ग स्पष्ट गर्नु
- अनौपचारिक रूपमा सञ्चालित व्यावसायिक तालिमलाई प्रमाणीकरण गर्नु
- विभिन्न निकायहरूबाट सञ्चालित व्यावसायिक शिक्षा तथा प्राविधिक प्रकृतिको शिक्षा र विद्यालय संरचनाबिचको तालमेल तथा समन्वय गर्ने संयन्त्रको संस्थागत व्यवस्था गर्नु
- सैद्धान्तिक मात्र नभई व्यावहारिक जीवनोपयोगी सिप विकास गर्नु
- लगानीको मात्रा साधारण शिक्षामा भन्दा प्राविधिक तथा व्यावसायिक शिक्षामा वृद्धि गर्नु

## २.७ सञ्चार तथा सूचना प्रविधिसम्बन्धी शिक्षाको आवश्यकता

सूचना तथा सञ्चार प्रविधि सिकाइको माध्यम र साधन दुवै हो । विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिलाई स्थापित गर्न पाठ्यक्रम र सिकाइ सहजीकरणमा विशेष जोड दिन थालिएको छ । सूचना तथा सञ्चार प्रविधि व्यक्तिगत क्षमता विकास, संस्थागत विकास, शैक्षिक विकास र आर्थिक विकासको साधनका रूपमा स्थापित हुँदै आएको छ । सूचना तथा सञ्चार प्रविधि आदान प्रदान गर्ने, जम्मा र सञ्चय गर्ने, उत्पादन तथा प्रयोग गर्ने एवम् ज्ञान र सूचनाको प्रवाह गर्ने एउटा माध्यम हो । विश्वमै आज सूचना तथा सञ्चार प्रविधि शिक्षाको विस्तार गर्ने साधनका रूपमा प्रमाणित भइसकेको छ । सञ्चार सञ्जालको प्रयोग गरेर सिकारुको स्वप्रयासबाट सिक्न सक्ने सम्भावनाहरू व्यापक हुँदै छन् । यसलाई शिक्षा क्षेत्रमा निम्नानुसार उपयोग गर्ने गरेको पाइन्छ :

- विद्यालयको प्रशासनिक कार्यमा सूचना प्रवाह गर्ने माध्यमका रूपमा
- विद्यालयमा सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्ने माध्यमका रूपमा
- योजनाकार, शिक्षा व्यवस्थापक, तालिम प्रशिक्षक, पाठ्यक्रमविद्, शिक्षक आदिको सक्षमता विकास गर्ने साधनका रूपमा
- विद्यार्थीको दक्षतालाई जीवनोपयोगी बनाउन मदत गर्ने गरी पाठ्यक्रममा समाविष्ट हुने छुट्टै विषयका रूपमा

नेपालमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी व्यवस्था नै नभएको विद्यमान अवस्था भने होइन । सीमित मात्रामा विद्यालय शिक्षा र उच्च शिक्षामा यससँग सम्बन्धित पाठ्यक्रम कार्यान्वयन हुँदै आएका छन् । विश्वव्यापीकरणलाई आत्मसात् गर्न र विज्ञान तथा प्रविधिबाट उत्पन्न चुनौतीको सामना गर्नका लागि सक्षम नागरिक तयार पार्न यसको प्रभावकारिता रहने यथार्थलाई नेपालको

आवधिक योजनामा समेत विशेष स्थान दिइएको छ । यसो भए तापनि यसको व्यापकताका पक्षबाट निम्नलिखित चुनौतीहरू भने विद्यमान छन् :

- सञ्चार तथा सूचना प्रविधिलाई विषय वा सिकाइ सहजीकरणको माध्यममध्ये केका रूपमा प्रयोगमा ल्याउने भन्ने कुराको अस्पष्टता
- कम्प्युटर शिक्षालगायतका प्रविधिसम्बन्धी विषयको व्यापकतालाई तल्लो कक्षाको शिक्षाबाट उच्च तहसम्मको सामञ्जस्य
- उपकरण नै सूचना प्रविधि भन्ने भ्रम
- सबै विषय, कक्षा र तहका पाठ्यसामग्रीको डिजिटाइजेसन
- भौतिक पूर्वाधार, उपयुक्त वातावरण, जनशक्ति आदिको उचित प्रबन्ध

उल्लिखित मुद्दाहरूलाई सम्बोधन गर्दै विद्यालय शिक्षामा सूचना प्रविधिलाई विषय र माध्यमका रूपमा व्यवस्थित गर्ने तथा यसको प्रयोग गर्ने उपयुक्त वातावरण सिर्जना गर्ने भौतिक पक्षसमेत चुनौतीकै रूपमा रहेका छन् ।

## २.८ मातृभाषिक पक्षहरू

पाठ्यक्रमका सन्दर्भमा भाषाका प्रमुख दुई पक्ष छन् । पहिलो, भाषाको संरक्षण, प्रवर्धन र विकासको पक्ष र दोस्रो, पठनपाठनको पक्ष । औपचारिक विद्यालयीय पठनपाठनको दृष्टिले शिक्षणका हकमा दोस्रो पक्ष बढी महत्त्वपूर्ण मानिन्छ । विशेष गरी प्रारम्भिक तहका कक्षाहरूमा मातृभाषिक संरचना ( ध्वनि, वर्ण, शब्दभण्डार, वाक्य संरचना र बोध) का कारणले सिकाइ सहज हुने हुँदा र विद्यालयप्रति विद्यार्थीको आकर्षणसमेत बढ्ने कारणले मातृभाषाका माध्यमबाट पठनपाठन गर्न उपयुक्त हुने कुरा अध्ययनहरूले औँल्याएका छन् । अनुभवबाट समेत यही निष्कर्ष उपयुक्त देखिएको छ ।

नेपालको विद्यमान कानुनी प्रावधानले मातृभाषाका सम्बन्धमा केही व्यवस्था गरेका छन् । सबैका लागि शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धताले समेत आफ्नो मातृभाषामा शिक्षा प्राप्त गर्ने कुरालाई जोड दिएको छ । नेपालको संविधानले माध्यमिक तहसम्म मातृभाषामा शिक्षा पाउने कुरालाई मौलिक हकका रूपमा लिएको छ । विभिन्न आवधिक विकास योजना र शिक्षासम्बन्धी राष्ट्रिय योजनाहरूले मातृभाषामा शिक्षा दिनेतर्फ नीतिगत व्यवस्था गरेको पाइन्छ । यस्ता विविध प्रयासहरू भए पनि मातृभाषाका सम्बन्धमा निम्नलिखित पक्षहरू चुनौतीका रूपमा रहेका छन् :

- विविध सामाजिक, सांस्कृतिक र भाषिक संरचनायुक्त मिश्रित समाजको अवस्थितिमा भाषाको व्यवस्थापन
- भाषिक विविधतालाई बाधा मान्ने र भाषा शिक्षणमा पनि व्यावहारिकताभन्दा पाठ्यपुस्तक केन्द्रित मानसिकता
- द्वैभाषिक एवम् बहुभाषिक शिक्षणका लागि उपलब्ध जनशक्ति (शिक्षक तयारी) को व्यवस्थापन
- स्थानीय तहको सक्रियता र सहयोगबाट मातृभाषी शिक्षक व्यवस्थापनमा चासो
- मातृभाषाको लिपि, शब्दकोश, व्याकरण र लेख्य परम्पराको विकास
- मातृभाषासम्बन्धी आवश्यक स्रोतसामग्रीहरूको सहज रूपमा उपलब्धता

- मातृभाषाको पाठ्यक्रम कार्यान्वयन नमुनाका रूपमा विकास
- स्थानीय तहको सक्रियतामा मातृभाषाका पाठ्यक्रम तथा पाठ्यसामग्री विकास
- विकास वा निर्माण भइसकेका मातृभाषाका पाठ्यपुस्तक तथा पाठ्यसामग्री पूर्ण रूपमा कार्यान्वयन
- अङ्ग्रेजी माध्यम भाषाप्रतिको झुकाव तथा यसबाट बालबालिकाको प्रारम्भिक सिकाइमा परेको प्रभाव

माथिका चुनौतीहरूले मातृभाषाका सम्बन्धमा उठाएका प्रश्नहरूलाई व्यवस्थित गरी प्रारूपले निर्दिष्ट गर्ने कार्य थप जटिल पक्षका रूपमा रहन पुगेको छ । एउटै कक्षामा दुईभन्दा धेरै मातृभाषा बोल्ने बालबालिका भएका विद्यालयहरूमा भाषा नीति कस्तो हुने ? न्यूनतम शिक्षक सङ्ख्याको समेत व्यवस्थापन गर्न नसकिएको वास्तविकतामा बहुभाषिक विविधतालाई सम्बोधन गर्ने गरी शिक्षकको व्यवस्थापन कसरी गर्ने ? कस्तो प्रकारको पाठ्यक्रम तथा पाठ्यक्रमसम्बद्ध सामग्री तयार गर्ने ? यीलगायत अन्य मुद्दाहरूलाई सम्बोधन गर्ने राष्ट्रिय भाषा नीतिको विकास र त्यसका आधारमा पाठ्यक्रम तथासम्बद्ध गतिविधिमा प्रभावकारिता कसरी ल्याउने जस्ता पक्षहरू चुनौतीपूर्ण रहेका छन् ।

## २.९ पाठ्यक्रममा समावेशी पद्धति

नेपालमा शिक्षाको विस्तार औपचारिक, अनौपचारिक र परम्परागत माध्यममार्फत हुने गरेको छ । आधारभूत तहका विद्यालय उमेर समूहका केही बालबालिकाहरू विद्यालय अवसरबाट अझै वञ्चित छन् । कतिपय बालबालिकाहरू भौगोलिक, आर्थिक, सामाजिक, सांस्कृतिक र भाषिक कारणले विद्यालय नआएका पनि छन् । यस्तो अवस्थालाई सम्बोधन गर्न शिक्षामा विस्तार, पहुँच एवम् समानताका दृष्टिबाट सकारात्मक विभेदको सिद्धान्त अवलम्बन गर्नुपर्ने अवस्था देखिन्छ । भाषिक समुदायलाई मातृभाषामा शिक्षा प्रदान गर्ने अधिकार, महिला, आर्थिक वा सामाजिक रूपमा पिछडिएकाहरूका लागि विशेष व्यवस्था, आधारभूत शिक्षा निःशुल्क र बालबालिकाको हकहितको सुरक्षा, असहाय, वृद्ध, अपाङ्गता भएका तथा अनाथहरूका निम्ति राज्यले विशेष व्यवस्था गर्दै जानुपर्ने अवस्था विद्यमान छ । समावेशी शिक्षाको प्रमुख उद्देश्य भनेकै विभिन्न कारणले शिक्षाको अवसरबाट वञ्चित बालबालिकालाई शिक्षा प्रणालीको मूल धारमा समावेश गर्नु हो । प्रारूप विकास गर्ने सिलसिलामा विभिन्न समूह (बाल, महिला, दलित, जनजाति, अपाङ्गता आदि) बाट तयार गरिएको विद्यालय तहको पाठ्यक्रम विश्लेषण प्रतिवेदन तथा अन्तरक्रियाबाट प्राप्त सुझावमा विद्यमान पाठ्यक्रमले महिला, दलित, जनजाति, पिछडिएको वर्ग, अपाङ्गता भएका, अति कठिन अवस्थामा जीवन बिताउन बाध्य, बाल श्रमिक, घरेलु श्रमिक, सडक बालबालिका, द्वन्द्वबाट पीडित बालबालिकाहरूका आवश्यकतालाई पर्याप्त मात्रामा सम्बोधन गर्न नसकेको अवस्था छ । यसै गरी मानसिक रूपमा कमजोर बालबालिकाहरूको शैक्षिक आवश्यकतालाई पनि सम्बोधन गर्नु आवश्यक छ ।

शिक्षामा सहभागी हुनबाट वञ्चित हुनुपर्ने अवस्था तथा बिचैमा पढाइ छाड्ने प्रवृत्तिलाई हटाएर शिक्षालाई बालकेन्द्रित बनाई बालबालिकाको चौतर्फी विकासका लागि निम्नानुसारका लक्षित समूहलाई विशेष प्राथमिकता दिनुपर्ने देखिन्छ :

- महिला
- अपाङ्गता भएका बालबालिका

- दलित बालबालिका
- सीमान्तकृत र पिछडिएका जातजाति
- विभिन्न भाषाभाषी बालबालिका
- सडक बालबालिका
- श्रमिक बालबालिका
- बेचबिखनमा परी उद्धार गरिएका बालबालिका
- दैवी प्रकोप पीडित बालबालिका
- द्वन्द्वपीडित बालबालिका
- यौनशोषित तथा दुराचारग्रसित बालबालिका
- गरिबीको रेखामुनि रहेका परिवारका बालबालिका
- कामदार वा मजदुरका बालबालिका
- जेलमा रहेका बालबालिका
- कुष्ठरोगी र अन्य सङ्क्रामक रोगग्रस्त बालबालिका इत्यादि

पाठ्यक्रमलाई कसरी समावेशी बनाउने, विद्यालयलाई कसरी बालकेन्द्रित बनाउने, कक्षाकोठालाई बालमैत्री कसरी बनाउने, फरक फरक अवस्थामा रहेका बालबालिकालाई विद्यालय शिक्षामा समान अवसर कसरी उपलब्ध गराउने आदि विषयहरूलाई पाठ्यक्रमले विशेष ध्यान दिनुपर्ने अवस्था छ ।

## २.१० शैक्षणिक पद्धति

पाठ्यक्रमको प्रभावकारिता यसको कार्यान्वयन पक्षमा भर पर्छ । पाठ्यक्रमले सङ्गठित गरेका सिकाइ उपलब्धिहरूलाई व्यवहारमा रूपान्तरण गर्न शैक्षणिक पद्धति व्यावहारिक र प्रभावकारी हुनुपर्छ । आधुनिक विद्यालयीय औपचारिक र सङ्गठित पाठ्यक्रमलाई सक्षम र प्रभावकारी रूपमा कार्यान्वयन गर्न विद्यालय र कक्षाकोठाको वातावरण एवम् कक्षाकोठामा सञ्चालन हुने गतिविधि प्रमुख कारक मानिन्छ । विद्यालय समुदायबिचको सम्बन्ध, शिक्षक विकास र व्यवस्थापन, शैक्षणिक सामग्री, मूल्याङ्कन पद्धति जस्ता पक्षहरूले शैक्षणिक पद्धतिमा दूरगामी प्रभाव पार्ने गर्दछन् । तसर्थ शिक्षकको भूमिका सूचनाकर्ता, पथप्रदर्शक, विद्यार्थीको सहयोगी, सहजकर्ता, उत्प्रेरक र सिकाइप्रति जिज्ञासु बनाउने आदर्श व्यक्तिका रूपमा हुनुपर्ने हुँदा शैक्षणिक पद्धति सिकाइ सहजीकरणका लागि अति महत्त्वपूर्ण हुन्छ ।

नेपालमा विद्यालय तहको शैक्षणिक पद्धति परम्परागत कक्षाकोठाको शिक्षणमा आधारित छ भन्ने कुरा अध्ययन र अनुभवले पुष्टि गरेका छन् । पाठ्यक्रम विकास केन्द्रले केन्द्रीय रूपमा विकास गरेको पाठ्यक्रमका आधारमा तयार गरिएको पाठ्यपुस्तकलाई मूल आधार बनाएर कक्षाकोठामा विषय शिक्षण गरिन्छ । विविध कारणले हाम्रा विद्यालयका कक्षाकोठाहरूमा समूह कार्य, सामुदायिक कार्य, परियोजना कार्य जस्ता पक्षहरूले उल्लेख्य स्थान प्राप्त गर्न नसकेको अवस्था छ । पठनपाठनको वातावरण पनि सिकाइ केन्द्रितभन्दा बढी शिक्षण केन्द्रित हुने गरेको छ । अतः शैक्षणिक पद्धतिसँग सम्बन्धित चुनौतीहरू निम्नानुसार रहेका छन् :

- वार्षिक कार्ययोजनाका आधारमा विद्यालय गतिविधि अपेक्षित रूपमा सञ्चालन
- सबै विद्यालयहरूमा योग्य र सक्षम प्रधानाध्यापकको व्यवस्था
- प्रधानाध्यापकलाई शैक्षिक अगुवा र सुपरिवेक्षकका रूपमा विकास
- विद्यालयमा पर्याप्त शैक्षणिक सामग्रीको व्यवस्था, प्रयोग र स्थानीय तहको व्यवस्थापन
- स्थानीय स्तरमा स्थानीय परिवेशका शैक्षणिक सामग्री निर्माण र प्रयोग गर्ने अभ्यास
- विद्यालय र समुदायबिचको प्रगाढ सम्बन्ध सूत्र
- पाठ्यान्तर क्रियाकलापको उचित महत्त्व
- मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारमा प्रयोग
- पाठ्यक्रमका आधारमा प्रश्न निर्माण र मूल्याङ्कनको पूर्णता
- विद्यार्थी मूल्याङ्कनमा परीक्षाबाहेकका अन्य प्रक्रियाको प्रभावकारिता
- शिक्षक तालिममा सैद्धान्तिक परिवेशबाट प्रायोगिक पक्षको विकास
- तालिम हलबाट कक्षाकोठासम्म  शिक्षक तालिमको स्थानान्तरण
- विविध क्रियाकलापमा आधारित सिकाइ सहजीकरण
- शिक्षणमा बहुपक्षीय (शिक्षक, विद्यार्थी, अभिभावक, व्यवस्थापक र बुद्धिजीवी) अन्तरक्रिया
- शिक्षक अन्तरक्रिया, सहयोगको आदानप्रदान र आपसी सहयोग
- अनुगमन तथा मूल्याङ्कनको प्रभावकारिता
- प्रवर्तनात्मक, सिर्जनात्मक र अनुसन्धानात्मक कार्यको महत्त्व
- शैक्षणिक पद्धतिमा आधुनिक प्रविधिको प्रयोगको पर्याप्तता
- आधारभूत भौतिक तथा शैक्षिक पूर्वाधारको व्यवस्था
- शिक्षक अभिभावकबिच विद्यार्थीको सिकाइ उपलब्धिका बारेमा नियमित छलफल र अन्तरक्रिया

उल्लिखित मुद्दाका आधारमा नेपालको विद्यालय तहको शैक्षणिक प्रक्रिया परम्परागत शैलीबाट सञ्चालित हुँदै आएको देखिन्छ । शिक्षणलाई सिकाइमा रूपान्तरण गर्न, शिक्षक र विद्यार्थीको सहकार्यबाट सिक्न, सिकाउन र ज्ञान आर्जन गर्न, परियोजना तथा समूह कार्यद्वारा सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्न तथा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी बालकेन्द्रित सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्न मार्गदर्शन गर्ने पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास एवम् तिनको समन्वयात्मक रूपमा कार्यान्वयन गर्ने कुराहरू चुनौतीका रूपमा रहेका छन् ।

## २.११ संस्कृत शिक्षा

ज्ञान तथा विज्ञानका दृष्टिले संस्कृत वाङ्मय महत्त्वपूर्ण मानिन्छ । संस्कृत शिक्षा पूर्वीय दर्शनका आधारमा सञ्चालित छ । पूर्वीय दर्शनमा आधारित ज्ञान, सिप, प्रविधि, मानव आचरण, सामाजिक

नियम, नैतिकता, मन र शरीरका विकास जस्ता पक्षहरू आज पनि उत्तिकै प्रभावकारी मानिन्छन् । संस्कृत शिक्षाको यही महत्त्वलाई विचार गरेर विभिन्न मुलुकहरूका विश्वविद्यालयहरूमा पनि संस्कृत शिक्षाको पठनपाठन हुने गरेको र यस सम्बन्धमा अध्ययन अनुसन्धान भइरहेको अवस्था देखिन्छ । बहुसङ्ख्यक नेपालीको धार्मिक, सांस्कृतिक र सामाजिक जीवनमा संस्कृत दर्शनको गहिरो प्रभाव छ । जन्मदेखि मृत्युसम्म गरिने संस्कारहरूमा संस्कृत ग्रन्थहरूको प्रयोग गरिन्छ । संस्कृत शिक्षा धार्मिक सहिष्णुता, सत्चरित्रता, मानवता, विश्वबन्धुत्व, अध्यात्म आदिको भण्डारन बनेको छ ।

संस्कृत शिक्षाका उपर्युक्त सकारात्मक पक्ष भए तापनि यससँग सम्बन्धित निम्नलिखित चुनौतीहरू भने अझै विद्यमान छन् :

- गुरुकुल शिक्षा पद्धतिमा सिकाइ सहजीकरणसम्बद्ध उत्कृष्ट अभ्यास (जस्तैः निरन्तर सिकाइ र मूल्याङ्कन, साक्षरता केन्द्रित शिक्षाको समस्तर र पहुँच, विज्ञता हासिल गर्ने शिक्षाका लागि उपयुक्त पात्र चयन, सिकारुको सिकाइप्रतिको समर्पणको निरन्तरता )
- संस्कृत शिक्षासम्बद्ध पेसागत जनशक्तिलाई शास्त्रीय विषयगत ज्ञान तथा सिपमा निपुण हुन प्रोत्साहन गरिए तापनि यसलाई आधुनिकीकरण गर्दै उत्पादित जनशक्तिलाई आधुनिक पेसागत तालिम, सिप र प्रविधिमा रूपान्तरण गर्ने
- आधुनिक बालमनोविज्ञानमा आधारित सिकाइ सहजीकरणसम्बद्ध सिप र प्रविधिको प्रयोगप्रति उपेक्षा
- विश्वव्यापी परिवर्तन वा नयाँ आयामहरूसँगको तादात्म्य
- आधुनिक सूचना प्रविधिको उपयोग तथा विद्यार्थीकेन्द्रित सिकाइ सहजीकरण प्रक्रिया अवलम्बन
- निर्देशिका, स्रोतसामग्री, आधुनिक शैक्षणिक सामग्री र शिक्षक तालिमको समुचित व्यवस्था र आधुनिक शिक्षाशास्त्रका असल अभ्यासहरूको प्रयोग
- शास्त्रकेन्द्रित पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास तथा परिमार्जन कार्य

उपर्युक्त चुनौतीहरूलाई सामना गरी पाठ्यक्रम प्रारूप विकास गर्ने कार्य विद्यालय शिक्षा विकासका पक्षसँग आवद्ध गर्दै लगिने छ ।

## २.१२ परम्परागत पद्धतिमा आधारित शिक्षा

ज्ञान, विज्ञानका दृष्टिले गुरुकुल, गोन्पा/विहार, मुन्धुम, मदर्सालगायतका परम्परागत शिक्षा महत्त्वपूर्ण मानिन्छन् । यसभित्र रहेका ज्ञान, सिप, प्रविधि, मानव आचरण, सामाजिक नियम, नैतिकताजस्ता पक्षहरू आज पनि उत्तिकै प्रभावकारी छन् । यी पक्षसम्बद्ध विविध विषयको पठनपाठन तथा अध्ययन अनुसन्धान पनि भइरहेको अवस्था देखिन्छ तापनि परम्परागत शिक्षा पद्धतिमा निम्नलिखित चुनौतीहरू अझै विद्यमान छन् :

- निरन्तर सिकाइ र मूल्याङ्कन, साक्षरताकेन्द्रित शिक्षाको समस्तर र पहुँच, विज्ञता हासिल गर्ने शिक्षाका लागि उपयुक्त पात्र चयन, सिकारुको सिकाइप्रतिको समर्पणको निरन्तरता
- पेसागत जनशक्तिलाई शास्त्रीय विषयगत ज्ञान तथा सिपमा निपुण हुन प्रोत्साहन गरिए तापनि यसलाई आधुनिकीकरण गर्दै उत्पादित जनशक्तिलाई आधुनिक पेसागत तालिम, सिप र प्रविधिमा रूपान्तरण गर्ने अवस्था
- विश्वव्यापी परिवर्तन वा नयाँ आयामहरूसँगको तादात्म्य
- आधुनिक सूचना प्रविधिको उपयोग तथा विद्यार्थीकेन्द्रित सिकाइ सहजीकरण प्रक्रिया अवलम्बन

- निर्देशिका, स्रोतसामग्री, आधुनिक शैक्षणिक सामग्री र शिक्षक तालिमको समुचित व्यवस्था
- सबै कक्षाका लागि सामग्री विकास हुन नसकेको तथा अध्ययन सामग्रीको अभाव

उपर्युक्त चुनौतीहरूलाई सामना गरी पाठ्यक्रम प्रारूप विकास गर्ने कार्य विद्यालय शिक्षा विकासका पक्षसँग आवद्ध गर्दै लगिने छ ।

## २.१३ स्थानीय आवश्यकतामा आधारित शिक्षा

स्थानीय तहको नेतृत्व र सहभागिताका आधारमा स्थानीय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरी मातृभाषा तथा स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित विषयवस्तुको चयन, व्यवस्थापन र कार्यान्वयन गरिनुलाई स्थानीय आवश्यकतामा आधारित शिक्षाका रूपमा लिइन्छ । स्थानीय पाठ्यक्रम कार्यान्वयनले स्थानीय पेसा, व्यवसाय, मूल्य, मान्यता, भाषा, कला र संस्कृतिको संरक्षण र संवर्धनमा सहयोग पु¥याएको हुन्छ । स्थानीय विशेषताको एकीकृत स्वरूपले राष्ट्रिय पहिचानको समेत प्रतिनिधित्व गरेको हुन्छ । स्थानीय आवश्यकतालाई उचित रूपमा सम्बोधन गर्न शिक्षालाई स्थानीय आवश्यकतामा आधारित बनाउने अभ्यास विश्वव्यापी रूपमा भइरहेको छ ।

नेपालमा स्थानीय आवश्यकतामा आधारित शिक्षामा सामान्य प्रयासहरू पनि हुँदै आएका छन् । तथापि स्थानीय आवश्यकताका ज्ञान, सिप, प्रविधि आदिमा आधारित स्थानीय पाठ्यक्रमलाई व्यवस्थित गर्न उपयुक्त वातावरण सिर्जना गर्न सकिएको छैन ।

नेपालको संविधान र आवधिक शैक्षिक योजना तथा शिक्षासम्बन्धी अन्य योजना तथा कार्यक्रमले गरेका नीतिगत व्यवस्थाका आधारमा आधारभूत तह (कक्षा १-५)को पाठ्यक्रम (वि.सं. २०६२ र २०६५) ले सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षामा २०% पाठ्यभार स्थानीय विषयवस्तुमा आधारित हुनुपर्ने प्रावधान राखेको छ । यसले स्थानीय आवश्यकतामा आधारित शिक्षालाई थप एक विषयका रूपमा समावेश गर्दै स्थानीय विषयसमेत समावेश गर्न सकिने व्यवस्था गरेको छ । आधारभूत शिक्षा पाठ्यक्रम -कक्षा ६-८), २०६९ मा पनि स्थानीय विषयवस्तुको प्रावधान रहेको छ । स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६ विकास गरी स्थानीय पाठ्यक्रम निर्माणलाई सहजीकरण गर्ने प्रयास गरिएको छ ।

उपर्युक्त प्रयास भए तापनि स्थानीय आवश्यकतामुखी पाठ्यक्रमका सम्बन्धमा निम्नलिखित चुनौतीहरू विद्यमान छन् :

- केन्द्रीय पाठ्यक्रमको संरचनाका आधारमा निश्चित गरिएको पाठ्यभारका लागि विषय, विषयवस्तु छनोटदेखि सम्पूर्ण प्रक्रिया स्थानीय तहमा नै विकास र व्यवस्थापन गर्ने व्यवस्थाको उपयुक्त ढङ्गले प्रबोधीकरण र अभिमुखीकरण हुन नसकेको
- स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनका निम्ति स्थानीय तहमा क्षमता विकास कार्य अपेक्षाकृत रूपमा हुन नसकेको
- स्थानीय पाठ्यक्रम विकासका निम्ति प्राविधिक तथा आर्थिक स्रोतको न्यूनता रहेको
- स्थानीय पाठ्यक्रम विकास एवम् कार्यान्वयनका निम्ति प्रभावकारी रूपमा अनुगमन तथा प्राविधिक सहजीकरण हुन नसकेको

- स्थानीय तहमा स्थानीय पाठ्यक्रम निर्माणका लागि चाहिने स्रोत, साधन र व्यवस्थापकीय संयन्त्र प्रभावकारी नभएको
- शिक्षकहरूलाई स्थानीय आवश्यकतामा आधारित विषयक्षेत्र पहिचान गर्दै तिनको शिक्षणका लागि तालिम प्रदान गरी सक्षम बनाउन नसकिएको
- स्थानीय सरोकारवालाहरूमा स्थानीय पाठ्यक्रमको महत्त्व बोध हुन नसक्दा स्थानीय सक्रियतामा स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्ने वातावरणको विकास हुन नसकेको
- स्थानीय तहबाट स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकासमा पर्याप्त क्रियाशीलता नभएको

## २.१४ सिकाइका क्षेत्रहरू

विश्वमै सिकाइका क्षेत्र चयन र तहगत शिक्षा प्रदान गर्ने कुरामा कठिनाइ देखा पर्ने गरेको छ । पाठ्यक्रमका बारेमा विश्वका धेरै देशहरूमा एकरूपता देखिँदैन । विश्वव्यापी सिकाइका क्षेत्रलाई केलाउँदा विद्यालय शिक्षामा भाषा, गणित, विज्ञान र सामाजिक अध्ययनलाई धेरैजसो देशहरूले मुख्य विषयका रूपमा अङ्गीकार गरेका छन् । सूचना प्रविधि शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, नैतिक शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा आदि समेतलाई विषयका रूपमा समावेश गरेको पाइन्छ । वर्तमान सन्दर्भमा विश्वव्यापी नागरिकता, डिजिटल साक्षरता, नेतृत्व, सञ्चार र सहकार्य, समस्या समाधान, समालोचनात्मक चिन्तन जस्ता सिकाइ सिपहरूलाई पनि जोड दिन थालिएको छ । विगतमा दीर्घकालीन प्रभाव र असरको बृहत् मूल्याङ्कन तथा प्राविधिक एवम् प्राज्ञिक प्रक्रिया पूरा नगरी पाठ्यभार र विषयहरू थप गरिएका प्रशस्त उदाहरणहरू भेटिन्छन् । सिकाइका क्षेत्र र विषय छनोटका सन्दर्भमा देहायका समस्याहरू पाइन्छन् :

- पर्याप्त अध्ययन, अनुसन्धान तथा दीर्घकालीन सोचबिना नीति तथा कार्यक्रमका आधारमा विषय निर्धारण एवम् थपघट गर्ने गरिएको
- विभिन्न सङ्गठित तथा असङ्गठित समूहबाट दिइने दबाबबाट विषय समावेश गर्ने गरेको
- विश्व परिवेशमा ज्ञान तथा प्रविधिमा आएको परिवर्तनसँगै नेपाली मूल्य र मान्यता, देशको शैक्षिक अवस्था तथा क्षमता आदिको विश्लेषण नगरी विषय थपघट हुने गरेको

उपर्युक्त अवस्थाले नेपालको विद्यालय शिक्षाको पाठ्यक्रमका सम्बन्धमा उठाएका, संरचनागत द्विविधा, सैद्धान्तिक जटिलतालाई पाठ्यक्रम प्रारूपले सम्बोधन गर्नुपर्ने देखिएको छ । तर मौजुदा साधन स्रोत, सोच र प्रवृत्ति एवम् क्षमताका कारण यो कार्य ज्यादै चुनौतीपूर्ण रहेको छ ।

## २.१५ वैकल्पिक तथा खुला शिक्षा

नयाँ आविष्कार र सूचना तथा सञ्चार प्रविधिमा आएको परिवर्तनले सिकाइ क्षेत्र व्यापक हुँदै गएको छ । यसरी सिकाइको क्षेत्र फराकिलो हुँदै जाँदा परम्परागत औपचारिक विद्यालय शिक्षा व्यवस्था मात्र अपर्याप्त हुने कुरा सर्वस्वीकार्य भइसकेको छ । यसका लागि नयाँ उपागमहरूसमेत प्रयोग गर्दै जानुपरेको छ । अनौपचारिक शिक्षा, दूर शिक्षा तथा खुला सिकाइ, वैकल्पिक शिक्षा, जीवनपर्यन्त सिकाइ, निरन्तर शिक्षा, अनियमित सिकाइजस्ता पद्धतिहरूलाई समेत अवलम्बन गर्न आवश्यक छ ।

नेपालमा विद्यालय जाने उमेर समूहका केही बालबालिकाहरू अझै पनि विद्यालय शिक्षाबाट वञ्चित भएका छन् । विद्यालय गएका बालबालिकामध्ये केहीमा विद्यालय छाड्ने प्रवृत्ति अझै पनि कायम छ । विद्यालय नजाने विभिन्न उमेर समूहका बालबालिकाका लागि अनौपचारिक शिक्षा, खुला तथा दूर शिक्षालगायतका वैकल्पिक शिक्षाका केही अवसरहरू उपलब्ध छन् । वैकल्पिक शिक्षा विस्तारका यस्ता प्रयासहरू विगतदेखि हुँदै आएका भए तापनि यसलाई व्यवस्थित, प्रभावकारी एवम् स्तरीय बनाउन सकिएको छैन । यससँग सम्बन्धित मुख्य चुनौतीहरू देहायबमोजिम छन् :

- खुला विद्यालय शिक्षा प्रणालीको अपर्याप्तता
- पाठ्यक्रम तथा पाठ्यसामग्री विकास कार्यका लागि एकद्वार प्रणाली
- गुरुकुल, मदर्सा, गुम्बा, मुन्धुम आदि संस्थाबाट सञ्चालित शिक्षाको मूलप्रवाहीकरण
- दूर शिक्षा तथा खुला सिकाइ एवम् वैकल्पिक शिक्षा सञ्चालन एवम् व्यवस्थापन कार्यका जिम्मेवार निकाय
- आधुनिक प्रविधियुक्त पूर्वाधार र दक्ष जनशक्तिको कमी

## २.१६ शिक्षामा विश्वव्यापीकरणको प्रभाव

आजको युग विश्वव्यापीकरणको युग हो । एक ठाउँमा सिकेको ज्ञान, सिप, क्षमता, दक्षता, प्रविधि, सूचना इत्यादि क्षणभरमै विश्वसामु पुग्न सक्छ । विश्वव्यापीकरणको प्रभाव आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक क्षेत्रमा मात्र नभई शिक्षामा पनि उत्तिकै परेको पाइन्छ । ज्ञानको विष्फोटले विश्व नै एउटा सानो गाउँ (Global village) मा परिणत भइरहेको छ ।

विश्वव्यापीकरणले ज्ञानमा आधारित समाजको सिर्जना गर्न मदत गर्छ । विश्वव्यापीकरणले शिक्षाका नीति तथा पाठ्यक्रमका पक्षहरूमा प्रत्यक्ष असर गर्दछ । पाठ्यक्रमका विभिन्न स्वरूप र विषयवस्तु विद्युतीय सञ्जालका माध्यमबाट विभिन्न मुलुकहरूबिचमा साझेदारी गरी व्यवस्थित गर्न पनि विश्वव्यापीकरण सार्थक देखिन्छ । शिक्षा क्षेत्रमा पहुँच, गुणस्तर, सान्दर्भिकता र सरोकारवालाका विचारको समावेश गर्ने अवधारणाले समेत प्राथमिकता पाउँदै आएको छ । त्यसै गरी लैङ्गिक समानता, स्रोत वितरणको प्रभावकारिता, सशक्तीकरण, सहभागिता, सहकार्य र सरोकारवालाको पहिचान जस्ता पक्षहरूमा समेत विश्वव्यापीकरणको भूमिका रहने गर्दछ । यतिमात्र नभएर नेपाली नागरिकहरूले प्राप्त गर्ने शिक्षाको स्तर अन्तर्राष्ट्रिय परिवेशअनुसारको हुन सकेन भने नेपालका लागि विश्वव्यापीकरणका अवसर र सम्भावनाहरू न्यून हुन जानेसमेत देखिन्छ ।

विश्वव्यापीकरणको युगमा शिक्षा विश्वको कुनै क्षेत्र र राष्ट्र विशेषमा मात्र सीमित हुँदैन । यो सर्वत्र एकै किसिमको पनि हुँदैन । कुनै पनि राष्ट्रमा शिक्षा त्यहाँकै स्थानीय, भौगोलिक, आर्थिक र सामाजिक परिवेशमा मेल खाने हुनुपर्दछ । यस सन्दर्भमा पाठ्यक्रमको स्थानीयकरणको मुद्दालाई पनि ध्यान दिनुपर्ने आवश्यकता छ । तसर्थ विश्वव्यापीकरणको सन्दर्भमा पाठ्यक्रमलाई स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित हुने गरी सन्तुलित रूपमा विकास गर्ने कार्य विश्वव्यापीकरणले सिर्जना गरेको चुनौती हो । विश्वव्यापीकरणका सम्बन्धमा देहायबमोजिमका चुनौतीहरू रहेका छन् :

- तीव्र गतिमा भइरहेको विश्वव्यापी ज्ञान र सिपको पहिचान तथा प्राथमिकीकरण गरी उचित सम्बोधन

- विश्वव्यापीकरणबाट प्राप्त सुविधालाई आफ्नो परिवेश र आवश्यकताअनुकूल प्रयोग
- प्रविधिको विकास भएसँगै त्यसको प्रयोग गर्नका लागि पर्याप्त पूर्वाधार र जनशक्तिको उपलब्धता
- विश्वव्यापीकरणका सकारात्मक पक्षले मात्र प्रभाव नपारी नकारात्मक पक्षले बढावा पाउने गरेको
- पाठ्यक्रमले राष्ट्रिय र अन्तर्राष्ट्रिय आवश्यकताहरूलाई सम्बोधन गर्नुपर्ने अवस्था

## २.१७ विद्यार्थी मूल्याङ्कन

शैक्षिक प्रक्रियामा विद्यार्थी उपलब्धिका सम्बन्धमा तथ्याङ्क सङ्कलन गर्ने, व्याख्या गर्ने, अभिलेखीकरण गर्ने, विश्लेषण गर्ने, सूचनाहरूको प्रयोग गर्ने, पृष्ठपोषण प्राप्त गर्ने र पुनर्योजना गर्ने कार्य विद्यार्थी मूल्याङ्कन हो । शिक्षाविद् तथा मूल्याङ्कनविद्हरूले विद्यार्थी मूल्याङ्कन गर्दा व्यापक र निष्पक्ष परीक्षा प्रणालीको विकास गर्दै परीक्षालाई पाठ्यक्रमद्वारा निर्दिष्ट सिकाइ उपलब्धि हासिल गराउन केन्द्रित गर्नुपर्ने, सिकाइ सहजीकरण क्रियाकलापमा सुधार ल्याउने, राष्ट्रिय मूल्याङ्कन नीति निर्माणको निर्णयका लागि पृष्ठपोषण दिन विद्यार्थी मूल्याङ्कनलाई विशेष ध्यान दिनुपर्ने कुरा औँल्याएको पाइन्छ ।

नेपालको सन्दर्भमा सिकाइ प्रक्रियामा विद्यमान मूल्याङ्कन प्रणाली प्रभावकारी नभएको र सिकाइ सहजीकरण क्रियाकलापको अभिन्न अङ्गका रूपमा विकास हुन नसकेको कुरा औँल्याइने गरेको पाइन्छ । विद्यालयमा कक्षा १ देखि ७ सम्म लागु गरिएको निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली (Continuous Assessment System- CAS) को प्रभावकारी कार्यान्वयन भएको पाइँदैन । त्यसै गरी कक्षा ८ देखि १२ सम्म निर्माणात्मक मूल्याङ्कनलाई व्यापक उपयोग गरी सिकाइका लागि मूल्याङ्कन भन्ने मान्यता स्थापित गर्न सकिएको छैन । मूल्याङ्कन प्रणालीलाई परीक्षामुखी सिद्धान्तबाट समेत अभ्यास गरिएको पाइन्छ । विद्यार्थीका गृहकार्य, कक्षाकार्य, अतिरिक्त क्रियाकलाप, सामूहिक क्रियाकलाप आदिलाई मूल्याङ्कनमा कम मात्र समावेश गरिएको छ ।

आधारभूत तथा प्राथमिक शिक्षा परियोजना दोस्रोबाट निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिलाई अङ्गीकार गर्दै यसको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तालिम तथा मूल्याङ्कनका अन्य विविध प्रयास गरिँदै आएको छ । यसप्रकारका अभ्यास तथा प्रयासहरूबाट पनि विद्यार्थीको समग्र पक्षहरूको मूल्याङ्कन तथा विद्यार्थी मूल्याङ्कनका आधारमा शिक्षा पद्धतिको समेत मूल्याङ्कन गरिने पक्ष प्रभावकारी हुन भने सकेनन् । सिकाइ सहजीकरण कार्यमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारी उपयोग गर्न नसकेको अवस्था छ । तसर्थ नेपालको सन्दर्भमा विद्यार्थी मूल्याङ्कन पद्धतिलाई सिकाइ सहजीकरण क्रियाकलापको अभिन्न अङ्गका रूपमा विकसित गर्न सकिएको छैन । मूल्याङ्कनलाई विद्यार्थीको बौद्धिक स्तर, रुचि, गति एवम् आवश्यकतासँग आबद्ध गर्न सकिएको छैन । विद्यार्थी मूल्याङ्कन, शिक्षक मूल्याङ्कन, विद्यालय मूल्याङ्कन तथा पाठ्यक्रमको मूल्याङ्कनसमेतका आधारमा शिक्षाको समग्र विकास गर्ने व्यवस्थित पद्धति कार्यान्वयनमा आउन सकेको छैन । बालबालिकाको सिकाइ स्तरका आधारमा शिक्षक, विद्यालय र समग्र पद्धतिको मूल्याङ्कन गर्ने परिपाटी स्थापित हुन नसकेको अवस्था छ । अतः विद्यार्थी मूल्याङ्कनलाई निरन्तर मूल्याङ्कन पद्धतिअनुरूप विकसित गर्ने, मूल्याङ्कनको पृष्ठपोषणका आधारमा शैक्षिक योजना निर्माण गरी कार्यान्वयन गर्ने र सिकारुलाई प्रतिस्पर्धी समाजमा सहज

रूपमा समायोजन गर्न सक्ने गरी व्यवस्थित गर्नुपर्ने यथार्थ छ । विद्यार्थी मूल्याङ्कनका सम्बन्धमा देहायका चुनौतीहरू देखा परेका छन् :

- परीक्षालाई नै मूल्याङ्कनको पर्यायका रूपमा लिइने गरेको
- सिकाइको मूल्याङ्कन (Assessment of Learning) लाई सिकाइका लागि मूल्याङ्कन (Assessment for learning) का रूपमा कार्यान्वन
- पाठ्यक्रममा आधारित मूल्याङ्कन गर्ने अभ्यासको कार्यान्वयन
- विद्यालय तहको आन्तरिक/प्रयोगात्मक परीक्षालाई विश्वसनीय र मर्यादित बनाउनु
- विद्यालय शिक्षाका विभिन्न विषयमा आन्तरिक र बाह्य मूल्याङ्कनमा एकरूपता
- वैकल्पिक तथा खुला शिक्षाको मूल्याङ्कन पद्धतिको व्यवस्थापन र प्रभावकारिता
- मूल्याङ्कनलाई निश्चित मापदण्डमा आधारित बनाउनु

## २.१८ शैक्षिक गुणस्तर र सान्दर्भिकता

शैक्षिक गुणस्तर सन्दर्भसापेक्ष हुने हुँदा यसलाई निरपेक्ष रूपमा परिभाषित गर्न कठिन हुन्छ । आधुनिक, औपचारिक र सङ्गठित पाठ्यक्रमका आधारमा सञ्चालन हुने शैक्षिक व्यवस्थामा शैक्षिक क्षेत्रको आन्तरिक र बाह्य दक्षता एवम् लागत प्रभावकारिताका आधारमा गुणात्मक शिक्षालाई बुझ्ने र उपयोग गर्ने गरेको पाइन्छ । आन्तरिक दक्षतामा विद्यार्थी भर्ना, निरन्तरता जस्ता सूचकहरूको उपयोग हुन्छ । बाह्य दक्षतामा उच्च तहमा अध्ययनका निम्ति क्षमता विकास र रोजगार बजारको स्वीकृति जस्ता पक्ष हेरिन्छ । गुणात्मक शिक्षाको अर्को पक्षले व्यक्तिमा असल गुणको विकास, नैतिक चरित्रको विकास, अनुशासन, विनयशीलता, अन्तरशक्तिको सन्तुलित र प्रगतिशील विकास, शरीर, मन र आत्माको विकास, अरूलाई बुझ्ने र कामलाई सम्मान गर्ने जस्ता पक्षहरू पर्दछन् । शिक्षामा प्रत्यक्ष वा परोक्ष रूपबाट विद्यार्थी, शिक्षक, अभिभावक, समाज, समुदाय तथा राष्ट्रले खर्चेको समय, श्रम र आर्थिक लगानीका दृष्टिले पनि शिक्षाको गुणस्तरलाई हेरिनुपर्ने पक्ष उत्तिकै महत्त्वपूर्ण हुन्छ ।

विद्यालय शिक्षाबाट उत्पादित जनशक्ति रोजगार बजारको निम्ति उपयोगी नदेखिएका, बाबुआमाले गरेका परम्परागत पेसामा पनि रुचि नराख्ने र नगर्ने, साथै नयाँ कामको सिर्जना गर्न पनि सकिरहेका देखिँदैनन् । नैतिक आचरण, अनुशासन, परम्परागत संस्कृति, मूल्य र मान्यता, सामाजिक आचरण, अर्कालाई बुझ्ने र सँगै बाँच्ने जस्ता पक्षहरू ह्रास हुँदै गएका छन् । राष्ट्रिय स्तरका अध्ययन प्रतिवेदनहरू, कार्यदल एवम् समितिका सिफारिसहरू, राष्ट्रिय स्तरका अन्य दस्तावेजहरू(जस्तैः सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना, विद्यालय क्षेत्र सुधार योजना आदि) ले समेत उल्लिखित अवस्था औँल्याएका छन् । प्रारूप तयार र परिमार्जन गर्ने क्रममा यसप्रकारका अभिव्यक्ति र सूचनाहरू सरोकारवालासँगको अन्तरक्रिया र छलफल हुँदा तथा विद्यालय अवलोकनका सिलसिलामा पनि प्राप्त हुने गरेका छन् ।

शैक्षिक गुणस्तर अपेक्षित रूपमा कायम हुन नसक्नुमा मुलुकको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक आदि धेरै पक्ष जिम्मेवार देखिन्छन् तापनि शैक्षिक पक्षका रूपमा पाठ्यक्रम, शिक्षक विकास र व्यवस्थापन, सिकाइ सहजीकरण क्रियाकलाप, मूल्याङ्कन जस्ता पक्ष बढी जिम्मेवार छन् । आधुनिक, सङ्गठित, औपचारिक र अनौपचारिक शिक्षा पद्धतिमा शैक्षिक पक्षको मूल सामग्रीका

रूपमा पाठ्यक्रम प्रयोगमा आउने गरेको छ । यसलाई बढी स्तरीय, प्रभावकारी, व्यावहारिक बनाउँदै लैजानका लागि यसको कार्यान्वयन पक्षलाई सरल, सहज र प्रायोगिक बनाउने र शैक्षिक गुणस्तर कायम गर्ने गराउने पक्षहरूले प्राथमिकता पाउनुपर्ने अवस्था देखिन्छ ।

दिगो विकास लक्ष्य, विद्यालय क्षेत्र विकास योजना, आवधिक विकास योजनालगायतका दस्तावेजले आधारभूत शिक्षामा साक्षरता एवम् जीवनपर्यन्त सिकाइ, गुणस्तरीय शिक्षा, समावेशी एवम् समतामूलक शिक्षा, उत्थानशीलता जस्ता महत्त्वपूर्ण र अपरिहार्य पक्षमा जोड दिएका छन् ।

नेपालको बहुसांस्कृतिक संवेदनशीलता, नेपाली जीवनशैली, स्वभाव र गरिबी जस्ता पक्षहरू एवम् स्थापित भइसकेका संरचना, मूल्य र मान्यता, पाठ्यक्रम, शिक्षक, मूल्याङ्कन पद्धति जस्ता पक्षहरूलाई समन्वयात्मक, सन्तुलित र दिगो हुने गरी उपयुक्त नीति, रणनीति तथा कार्ययोजना विकास गरी तिनको कुशल व्यवस्थापनद्वारा गुणस्तरीय र सान्दर्भिक शिक्षाको सुनिश्चितता गर्ने कार्य चुनौतीका रूपमा रहेको छ । यस सम्बन्धमा देहायबमोजिमका चुनौतीहरू पनि देखिएका छन् :

- संवैधानिक व्यवस्थाअनुसार सङ्घ, प्रदेश र स्थानीय तहमा शिक्षासम्बन्धी जिम्मेवारी एवम् उत्तरदायित्व निर्वाहका निम्ति कानुनी, संरचनागत र संस्थागत व्यवस्था
- विद्यालय शिक्षाको गुणस्तरको राष्ट्रिय मानक तथा मापदण्ड विकास र कार्यान्वयन
- शैक्षिक गुणस्तर र शैक्षिक गुणस्तरसँग सम्बद्ध सङ्घीय, प्रदेश शिक्षा हेर्ने मन्त्रालय पद्धतिका संस्थाहरू र स्थानीय तहको सेवा प्रवाहको गुणस्तर परीक्षण गर्न स्वतन्त्र प्रकृतिको स्थायी संयन्त्र विकासको अभाव
- शैक्षिक गुणस्तर सुधार तथा पाठ्यक्रममा समसामयिक सुधारका निम्ति अनुसन्धान र विकास कार्यको प्रभावकारिता

## २.१९ अनुसन्धानात्मक कार्य

अनुसन्धानात्मक कार्यले ज्ञान उत्पादन, परिमार्जन र परीक्षण गर्दछ । यसले स्थापित मूल्य र मान्यता स्वीकार वा अस्वीकार गर्ने आधार प्रदान गर्छ । यसले कुनै पनि शैक्षिक मुद्दामा सबल पक्ष, कमजोर पक्ष, अवसरका सम्भावना एवम् चुनौतीहरूका बारेमा विश्लेषण गरेर उपयुक्त निष्कर्ष निकाल्न मदत गर्छ । यसले जनधारणा र सरोकारवालाको धारणालाई सङ्कलन, विश्लेषण गरेर उपयुक्त योजना तर्जुमा गर्न मदत गर्छ । अनुसन्धानात्मक, प्रवर्तनात्मक, सिर्जनात्मक र रचनात्मक कार्यबाट पाठ्यक्रमसम्बद्ध पक्षमा गुणात्मकता आउँछ ।

कसरी पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई बालमैत्री, लैङ्गिकमैत्री एवम् समावेशी बनाउने, के विषयवस्तु राख्ने, कसरी र केका आधारमा विषयवस्तुलाई समूहीकृत गर्ने, सिकाइ सहजीकरण क्रियाकलापलाई कसरी व्यावहारिक बनाउने तथा कसरी कार्यान्वयन गर्ने भन्ने पक्षहरूले नियमित रूपमा अनुसन्धानको माग गर्दछन् । नेपालको सन्दर्भमा शैक्षिक अनुसन्धानसँग सम्बन्धित निम्नलिखित चुनौतीहरू विद्यमान छन् :

- पाठ्यक्रम विकास तथा कार्यान्वयनका समग्र पक्षहरूलाई अनुसन्धानमा आधारित बनाउन
- अनुसन्धानका प्राप्तिहरूलाई विश्लेषण गरी उपयुक्त रूपमा कार्यान्वयन गर्ने संस्कृति विकास
- पाठ्यक्रम विकास एवम् कार्यान्वयनमा कार्यमूलक अनुसन्धानको व्यापक प्रयोग
- पाठ्यक्रमसम्बद्ध विषयमा अनुसन्धानका निम्ति पर्याप्त स्रोतसाधन र दक्ष जनशक्तिको उपलब्धता

## २.२० संस्थागत क्षमता

पाठ्यक्रमको भावना र उद्देश्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न पाठ्यक्रमसम्बद्ध केन्द्रदेखि विद्यालय तहसम्मका शैक्षिक संस्थाहरूको सक्षमता सबल हुनुपर्छ । सङ्घीय तहमा पाठ्यक्रम विकास केन्द्र नेपालको विद्यालय तहको पाठ्यक्रम विकास तथा पाठ्यक्रमसम्बद्ध गतिविधिहरू सञ्चालन र व्यवस्थापन गर्ने संस्था हो । यस केन्द्रले राज्यले तय गरेका शिक्षाका राष्ट्रिय उद्देश्यलाई पाठ्यक्रम विकास र अन्य सम्बद्ध गतिविधिहरू सञ्चालन गरी सम्बोधन गर्ने कार्यमा सहजता प्रदान गर्दछ । व्यक्ति, समाज, राष्ट्र र विश्वव्यापी परिवेशअनुकूल पाठ्यक्रम विकास गरी अन्तर्निहित प्रतिभाको प्रस्फुटन गर्दै असल चरित्रभएका, नैतिकवान् सुसंस्कृत, प्रतिस्पर्धी र समतामूलक समाज, रोजगारमूलक  सिकाइ एवम् राष्ट्रिय चिन्तनप्रति प्रतिबद्ध नागरिक तयार गर्नमा पाठ्यक्रम विकास केन्द्रको महत्त्वपूर्ण भूमिका रहन्छ । शिक्षा क्षेत्रका महत्त्वपूर्ण पक्षहरू शिक्षक विकास, शिक्षक व्यवस्थापन, सिकाइ सहजीकरण क्रियाकलाप, पाठ्यान्तर क्रियाकलाप, विद्यार्थी मूल्याङ्कन, अनुगमन तथा पृष्ठपोषण जस्ता समग्र पक्षहरूलाई पाठ्यक्रमले पथप्रदर्शन गरेको हुन्छ । पाठ्यक्रमको गुणात्मकता, क्रियाशीलता र कार्यान्वयनको प्रभावकारितामा देशको समग्र शैक्षिक गुणस्तर भर पर्ने हुँदा पाठ्यक्रम विकास केन्द्रको संस्थागत क्षमताले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

त्यसै गरी शिक्षक विकाससम्बद्ध गतिविधि सञ्चालन गर्दा पाठ्यक्रमको भावना र मर्मअनुसार गर्न सक्ने गरी क्षमता विकास गर्नुपर्ने हुन्छ । स्थानीय तहमा गाउँपालिका र नगरपालिकाहरूले स्थानीय पाठ्यक्रमलगायतका मूल पाठ्यक्रमलाई विद्यालयहरूमा कार्यान्वयन गर्नका लागि सहजीकरण गर्न सक्षमता विकास गरेको हुनुपर्छ । शिक्षक विद्यालयमा पाठ्यपुस्तकभन्दा स्थानीय तथा मुख्य पाठ्यक्रमका आधारमा सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्न सक्षम हुनुपर्छ । सङ्घीय शासन व्यवस्थाअनुकूलको संस्थागत संरचना निर्माण एवम् क्षमता विकासका कार्यहरू अघि बढाउनुपर्ने आवश्यकता छ । यस सम्बन्धमा निम्नानुसारका चुनौतीहरू देखिएका छन् :

- सङ्घ, प्रदेश तथा स्थानीय तहमा पाठ्यक्रमसम्बद्ध संरचना विकास गरी आवश्यक जनशक्ति व्यवस्थापन
- पाठ्यक्रम प्रबोधीकरण, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन, पृष्ठपोषण जस्ता कार्यहरूको प्रभावकारिता
- स्थानीय तथा प्रदेश तहमा पाठ्यक्रमसम्बन्धी कार्य र समन्वय
- समावेशी पाठ्यक्रम, निरन्तर विद्यार्थी मूल्याङ्कन, सामान्य तथा व्यावसायिक सिप, प्रकाशन तथा वितरण, अनुसन्धान तथा प्रवर्धन कार्य जस्ता विषयक्षेत्रमा सक्षमताको अपेक्षाकृत विकास
- संस्थागत क्षमता विकासका लागि स्वदेशी तथा विदेशी संस्थासँग सहकार्य र समन्वय
- स्थानीय पाठ्यक्रम विकास एवम् कार्यान्वयनका निम्ति स्थानीय तहमा संस्थागत संयन्त्र र दक्ष जनशक्तिको व्यवस्थापन
- विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रमले तय गरेका राष्ट्रिय, तहगत, कक्षागत र विषयगत उद्देश्यहरू एवम् विषयगत सक्षमताहरू तथा प्रमुख सिकाइ क्षेत्रहरू व्यवस्थित गरिएको भए तापनि विद्यालय तथा कक्षाकोठामा पाठ्यक्रमको कार्यान्वयन पक्ष

विद्यालय शिक्षालाई प्रभावकारी, गुणस्तरीय, रोजगारमूलक, आधुनिक, वैज्ञानिक, समयसापेक्ष बनाउन उपर्युक्त पक्षहरूको विश्लेषणबाट निक्र्योल गरिएका समस्या एवम् चुनौतीहरूको उचित ढङ्गले सम्बोधन गर्नु आवश्यक छ ।

# परिच्छेद : तीन

## पाठ्यक्रम विकासका सैद्धान्तिक आधार तथा नीति

विद्यालय शिक्षाको दृष्टिकोण, राष्ट्रिय उद्देश्य, तहगत सक्षमता र पाठयक्रम संरचना निर्धारणको आधारशिलाका रूपमा यस परिच्छेदमा पाठ्यक्रमसम्बद्ध सैद्धान्तिक आधार तथा नीतिहरूलाई प्रस्तुत गरिएको छ ।

### ३.१ पाठ्यक्रम विकासका सैद्धान्तिक आधारहरू

विद्यालय शिक्षासँग सम्बन्धित महत्त्वपूर्ण पक्षहरू एवम् तिनले सिर्जना गरेका मुद्दाको समाधान र चुनौतीहरूको सामना गर्ने उपाय मूल सिद्धान्तहरूसँग सम्बन्धित छ । पाठ्यक्रम विकास, निर्माण तथा कार्यान्वयन गर्दा यिनै सिद्धान्तहरूलाई मूल आधारका रूपमा अवलम्बन गर्ने गरी प्रारूप संरचित भएकाले तपसिलका सिद्धान्त यस प्रारूपको महत्त्वपूर्ण पक्षका रूपमा रहेका छन् :

#### ३.१.१ सक्षमतामा आधारित पाठ्यक्रम विकास

व्यावहारिक तथा सामाजिक जीवनयापनका लागि आवश्यक पर्ने ज्ञान, सिप, प्रवृत्ति र मूल्यको आर्जन तथा तिनलाई प्रयोग गर्ने सामर्थ्यलाई सक्षमता भनिन्छ । पाठ्यक्रमले विद्यार्थीहरूमा निश्चित सक्षमताहरूको विकास गर्ने अपेक्षा गरेको हुन्छ । यस्ता सक्षमताहरू विद्यालय शिक्षाका तहगत रूपमा विकसित गर्ने गरिन्छ । सक्षमतामा आधारित सिद्धान्तअनुसार सिकाइ उपलब्धिको निर्धारण, विषयवस्तुको चयन, सिकाइ सहजीकरण क्रियाकलापको निर्धारण तथा मूल्याङ्कन पद्धति र विधि निर्दिष्ट गरिने छ । सक्षमतामा आधारित पाठ्यक्रमअनुसार तहगत शिक्षाका प्राप्तिपश्चात् विद्यार्थीले आफ्नो व्यक्तिगत तथा सामाजिक व्यवहारमा सामूहिक जीवनवृत्तमा एवम् परिवर्तित सन्दर्भसमेतमा आफूलाई समायोजन गर्न सक्ने छन् । सक्षमतामा आधारित पाठ्यक्रम विकास गर्ने सिद्धान्तका आधारमा पाठ्यक्रम विकास गर्दा निम्नानुसार सम्बोधन गरिने छ :

- सक्षमतामा आधारित पाठ्यक्रम विकास गर्दा विद्यार्थीको उमेर, विकासको स्तर, सिकाइको अवस्था, सिकाइ सहजीकरण क्रियाकलाप र मूल्याङ्कनसमेतलाई आधार मानी व्यवहारमुखी ज्ञान तथा सिप विकासलाई ध्यान दिइने छ ।
- विषयवस्तु चयन गर्दा विद्यार्थीको उमेरअनुसार आफ्नो जीवनमा के कस्ता कार्यहरू सम्पन्न गर्न सक्छन् भन्ने पक्षलाई सम्बोधन गरिने छ ।
- सिकाइ सहजीकरण क्रियाकलापले विद्यार्थीमा वास्तविक रूपमा निर्दिष्ट सक्षमता विकास र विकसित सक्षमताको व्यावहारिक प्रयोगलाई विशेष ध्यान दिइने छ ।
- विद्यार्थी मूल्याङ्कनका आधारमा लक्षित सक्षमता हासिल गर्न सके नसकेको यकिन गरी उपचारात्मक सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालनलाई प्राथमिकता दिइने छ ।

- विद्यार्थी मूल्याङ्कनका क्रममा विविध प्रकारका मापनयोग्य साधन प्रयोग गरी स्पष्ट रूपमा यकिन गर्न सकिने सक्षमता तय गरिने छ ।
- निर्दिष्ट सक्षमताको प्राप्ति र तिनको व्यावहारिक उपयोगमा केन्द्रित गरिने छ ।
- कार्यमूलक सिपको प्राप्ति, नतिजामुखी प्रतिफल र व्यवहारउन्मुख ज्ञान, सिप तथा अभिवृत्ति विकास गर्ने मूलभूत उद्देश्यका साथ विद्यालय शिक्षाको पाठ्यक्रम सक्षमतामा आधारित सिद्धान्तअनुरूप विकास गरिने छ ।

### ३.१.२. सर्वाङ्गीण बालविकासको अवधारणाअनुरूप पाठ्यक्रम विकास

बालमनोविज्ञान र बालविकासको अवधारणाअनुरूप पाठ्यक्रम विकास गर्नुपर्दछ । पाठ्यक्रमले बालबालिकाहरूको शारीरिक, बौद्धिक, आध्यात्मिक, नैतिक, सामाजिक, संवेगात्मक र सांस्कृतिक पक्षको विकास गर्दै उनीहरूलाई जिम्मेवारी बोध गर्ने, अवसर र अनुभवहरू हासिल हुने अवस्था सिर्जना गर्ने छ । पाठ्यक्रमले आधारभूत जीवनोपयोगी सिप, नागरिक चेतना, सामाजिक र बौद्धिक जानकारी, लोकतान्त्रिक मूल्य, लैङ्गिक समानता, मानव अधिकार, समावेशीकरण जस्ता महत्त्वपूर्ण विषय क्षेत्रहरूमा अनुभव हासिल गर्ने अवसर प्रदान गर्ने छ । विश्व बजारमा प्रतिस्पर्धी, सञ्चार तथा सूचना प्रविधिको ज्ञान भएका, समूहमा काम गर्न सक्ने, विविधतालाई सम्मान गर्ने र समालोचनात्मक तथा सिर्जनात्मक अभिव्यक्ति सिप भएका जनशक्ति तयार गर्नेतर्फ पाठ्यक्रम केन्द्रित हुने छ । पाठ्यक्रमका विषयवस्तुले सिकाइका अवधारणा एवम् प्रक्रियाहरू मूल्य र मान्यता जान्नका लागि सिक्ने (Learning to know), गर्नका लागि सिक्ने (Learning to do), बन्नका लागि सिक्ने (Learning to be), मिलेर बस्न सिक्ने (Learning to live together) जस्ता पक्षहरू समेट्ने छ । सर्वाङ्गीण बालविकासको अवधारणाअनुरूप पाठ्यक्रम विकास गर्ने सिद्धान्तका आधारमा पाठ्यक्रम विकास गर्दा निम्नानुसार सम्बोधन गरिने छ :

- बालविकास तथा बालमनोविज्ञानको अवधारणाअनुसार पाठ्यक्रम तथा पाठ्यवस्तु छनोट गरिने छ ।
- शारीरिक, बौद्धिक, संवेगात्मक र सामाजिक विकासलाई प्राथमिकता प्रदान गरी पाठ्यक्रममा सिकाइ उपलब्धि तथा पाठ्यवस्तु व्यवस्थित गरिने छ ।
- आधुनिक समाजले अपेक्षा गरेको नागरिकमा हुनुपर्ने सक्षमताहरूलाई पाठ्यकम विकास गर्दा उच्च प्राथमिकता दिइने छ ।
- समालोचनात्मक सिप, सिर्जनात्मक सिप तथा जीवनोपयोगी सिपहरूको सन्तुलित रूपमा विकास हुने अवसर प्रदान गरिने छ ।
- मानव अधिकार, लोकतान्त्रिक आचरण, आध्यात्मिक चिन्तन, समावेशिता, लैङ्गिक एवम् अपाङ्गतासम्बन्धी विषयवस्तुको समायोजन गरी सामाजिक रूपान्तरणमा सहयोग गर्न आवश्यक दक्षता विकासलाई प्राथमिकता प्रदान गरिने छ ।
- बालकेन्द्रित, बालमैत्री, लैङ्गिकमैत्री, समावेशी सिद्धान्तलाई अवलम्बन गरी पाठ्यक्रम तथा पाठ्यवस्तुको विकास गरिने छ ।

### ३.१.३ बालकेन्द्रित विकासात्मक पद्धतिअनुरूप पाठ्यक्रम विकास

पाठ्यक्रम विकास बालकेन्द्रित विकासात्मक पद्धतिअनुरूप गरिने छ । बालबालिकाहरूको विकास सिकाइ विभिन्न तरिकाबाट सम्भव हुन्छ । सिकाइका बाह्य तत्त्व, कक्षाकोठाका सिकाइ प्रविधि, सिकाइ वातावरण, शिक्षणको माध्यम भाषा, सामाजिक, सांस्कृतिक, आर्थिक पृष्ठभूमिजस्ता पक्षले पनि बालबालिकाको सिकाइ तथा सक्षमता प्राप्तिमा असर पार्दछन् । विद्यार्थीको रुचि, चाहना, आवश्यकता विकासको गतिअनुरूप विषयवस्तु तथा सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्न पाठ्यक्रमको विकास, विषयवस्तुको चयन, शिक्षण विधि तथा मूल्याङ्कन प्रविधिको संरचना निर्माण गर्दा बालकेन्द्रित पद्धति अवलम्बन गरिने छ । विशेष आवश्यकता भएका समूहका बालबालिकाका लागि वैकल्पिक व्यवस्था गरी सिकाइ सहजीकरण प्रक्रिया तथा मूल्याङ्कन पद्धति लचिलो बनाइने छ ।

### ३.१.४ एकीकृत सिद्धान्तका आधारमा पाठ्यक्रम विकास

विद्यालय शिक्षाको पाठ्यक्रम विशेष गरी प्रारम्भिक कक्षाहरूमा एकीकृत सिद्धान्तका आधारमा विकास गरिने छ । विषयगत पृथक पहिचानलाई मात्र ध्यान नदिई समष्टिगत सिकाइ उपलब्धिको व्यवस्थापन गरी एकीकृत रूपमा पाठ्यक्रम विकास कार्यलाई प्राथमिकता दिनुपर्दछ । पाठ्यक्रममा विविधतायुक्त विषयवस्तुलाई एकीकृत गरेर विषयवस्तुको चयन, एकीकृत ढाँचामा पाठ्यक्रमका समष्टिगत सिकाइ उपलब्धिहरू व्यवस्थित गरिने छ । एकीकृत पाठ्यक्रमले ज्ञान र सिपको, ज्ञान र सिकाइ प्रक्रियाको, संज्ञानात्मक (Cognitive) र प्रभावी (Affective) क्षेत्रको, ज्ञान र आचरणको, विद्यालयभित्रको सिकाइ र विद्यार्थीको वास्तविक जीवनको, फरक विषयक्षेत्रहरूको एवम् अन्तरसम्बन्धित सिकाइ क्षेत्रहरूलगायतको एकीकरणमा जोड दिने छ । सिकाइका प्रमुख क्षेत्रहरूको व्यवस्थापन गर्ने सिद्धान्तका आधारमा पाठ्यक्रम विकास गर्दा निम्नानुसार सम्बोधन गरिने छ :

- प्रारम्भिक बालशिक्षाको पाठ्यक्रम एकीकृत सिद्धन्तका आधारमा विकास गरिने छ भने कक्षा १ देखि कक्षा ३ सम्मको पाठ्यक्रम पनि विषयगत पहिचान हुने गरी एकीकृत सिद्धान्तका आधारमा विकास गरी कार्यान्वयन गरिने छ ।
- आधारभूत तह कक्षा ४ देखि ८ सम्म पाठ्यकमका विषवस्तुलाई अन्तरसम्बन्धित गर्ने सिद्धान्तलाई विचार गरी पाठ्यक्रमको कार्यान्वयन गरिने छ ।
- भूमण्डलीय माग र प्रविधिले युक्त समाजका लागि आवश्यक ज्ञान तथा सिप, परिवर्तित समाजअनुसारका ज्ञान तथा सिप, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशले सिर्जना गरेका समस्या र तिनको व्यवस्थापन गर्न अत्यावश्यक ज्ञान तथा सिपहरू पहिचान गरी पाठ्यक्रम विकास गरिने छ ।
- विश्व परिवेशको माग र व्यवस्थित जीवनशैलीका लागि अत्यावश्यक विषय क्षेत्रहरू, जीवनोपयोगी तथा व्यवहारकुशल सिप, सामाजिक रूपान्तरण, समावेशी एवम् समतामूलक समाज निर्माणका लागि आवश्यक पर्ने ज्ञान तथा सिपलाई पाठ्यक्रमका मिल्दा विषयक्षेत्रहरूमा एकीकृत गरी पाठ्यक्रम विकास गरिने छ ।

### ३.१.५ समावेशी सिद्धान्तका आधारमा पाठ्यक्रम विकास

पाठ्यक्रम विकास तथा परिमार्जन गर्दा समावेशी सिद्धान्तलाई पूर्ण रूपमा अङ्गीकार गरिने छ । यसका लागि सबै तहको पाठ्यक्रम तथा पाठ्यवस्तु निर्धारण गर्दा यो सिद्धान्त अत्यावश्यक मानिने

छ । समावेशी शिक्षाले सबै खाले बालबालिकाहरू (अपाङ्गता भएका, दलित तथा विपन्न, आर्थिक रूपमा कमजोर, महिला, आदिवासी, गरिबीको रेखामुनि रहेका आदि) को विविध सिकाइ चाहनाको सम्बोधन गर्ने छ । समावेशी सिद्धान्तका आधारमा पाठ्यक्रम विकास गर्दा निम्नलिखित पक्षलाई सम्बोधन गरिने छ :

- पाठ्यक्रम विकासका क्रममा सबै बालबालिकाको अनुभव, चाहना र मूल्य मान्यतालाई समावेश गरिने छ ।
- विशेषतः महिला, आदिवासी जनजाति, दलित, मधेशीलगायत उत्पीडित वर्ग तथा गरिबीको रेखामुनि परेका, कठिन भौगोलिक परिवेशमा रहेका, विभिन्न मातृभाषा भएका र अपाङ्गता भएका बालबालिकाहरूको शैक्षिक आवश्यकता सम्बोधन हुने गरी पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गरिने छ ।
- विशेष आवश्यकता भएका बालबालिकाहरूलाई विशेष ध्यान दिने, विद्यालयको कार्यतालिकालाई लचकता प्रदान गर्ने, विद्यार्थीको चाहनाअनुरूप शिक्षण गर्ने, पाठ्यक्रमको स्थानीयकरण गर्ने, आवश्यकतामुखी पाठ्यक्रम विकास गर्ने सिद्धान्तहरूलाई क्रमशः कार्यान्वयनमा ल्याइने छ ।

### ३.१.६ स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम विकास

मुलुकको सङ्घीय संरचनाअनुकूल शासकीय स्वरूप र विविधतालाई सम्बोधन गर्ने गरी स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण कार्यलाई प्राथमिकता दिनुपर्दछ । विद्यालय पाठ्यक्रममा मातृभाषा, स्थानीय ज्ञान, सिप, प्राकृतिक स्रोतसाधन तथा ऐतिहासिक र सांस्कृतिक पक्षलाई समायोजन (अनुकूलन) गर्दा स्थानीय आवश्यकतामा आधारित अध्ययनलाई पठनपाठनको महत्त्वपूर्ण क्षेत्रका रूपमा विकास गरिने छ । स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण गर्ने सिद्धान्तका आधारमा पाठ्यक्रम विकास गर्दा निम्नानुसार सम्बोधन गरिने छ :

- स्थानीय आवश्यकताको पहिचान गरी स्थानीय तहमा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिने छ ।
- राष्ट्रिय पाठ्यक्रमको ढाँचाका आधारमा पाठ्यक्रमको स्थानीय तहमा अनुकूलन गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिने छ ।
- स्थानीय पाठ्यक्रममा आवश्यकतानुसार विषयवस्तुहरू परिमार्जन तथा सिकाइ उपलब्धिको मापन गर्ने कार्य स्थानीय तहबाट गरिने छ ।
- स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्दा बालकेन्द्रित, स्थानीय आवश्यकतामुखी हुने गरी लचकता प्रदान गरिने छ ।
- राष्ट्रिय पाठ्यक्रमको संरचनाभित्र रही स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनका लागि प्राविधिक तथा व्यवस्थापकीय रूपमा स्थानीय तहलाई सक्षम र जिम्मेवार बनाइने छ ।
- स्थानीय पाठ्यक्रम कार्यान्वयन, विद्यालयको वार्षिक कार्यक्रम, कक्षाकोठाको व्यवस्थापन तथा शैक्षणिक विधिका सम्बन्धमा विद्यालय जिम्मेवार हुने छ ।
- स्थानीय पाठ्यक्रमको स्वीकृति प्रदेश वा स्थानीय तहमा रहने पाठ्यक्रमसम्बद्ध संरचनाबाट हुने छ ।

### ३.१.७ सूचना, सञ्चार तथा आधुनिक प्रविधिको उपयोगमा आधारित पाठ्यक्रम विकास

सूचना, सञ्चार तथा आधुनिक प्रविधिलाई विद्यालय शिक्षाको पाठ्यक्रममा विशिष्ट स्थान दिनुपर्दछ । पाठ्यक्रममा सूचना, सञ्चार तथा आधुनिक प्रविधियुक्त शिक्षालाई समायोजन गर्नु विद्यमान भूमण्डलीकरणको युगमा अत्यावश्यक हुन्छ । आधुनिक युगमा भूमण्डलीकरण, प्रविधीकरण र सीमाविहीनता हुँदै गएको परिप्रेक्ष्यमा सूचना सञ्चार तथा आधुनिक प्रविधिको उपयोगले ज्ञान तथा सिप आर्जनमा आउन सक्ने चुनौतीलाई सम्बोधन गर्न सक्ने देखिन्छ । दिनानुदिन बढ्दै गएको सूचना तथा सञ्चार प्रविधिको उपयोग गर्न सक्ने ज्ञान, सिप तथा दक्षता विकास गरी प्रविधियुक्त श्रम बजारमा सहज रूपमा खपत हुन सक्ने जनशक्ति विकास गर्न विद्यालय तहदेखि नै सूचना तथा सञ्चार प्रविधिमा आधारित पाठ्यक्रम तथा पाठ्यसामग्री विकासलाई जोड दिइने छ । सूचना तथा सञ्चार प्रविधिलाई शिक्षामा समायोजन गर्ने सिद्धान्तका आधारमा पाठ्यक्रम विकास गर्दा निम्नानुसार सम्बोधन गरिने छ :

- सूचना तथा सञ्चार प्रविधिलाई विद्यालय शिक्षामा शैक्षिक रूपान्तरणका लागि विषय, विषयवस्तु र माध्यम दुवै रूपमा प्रयोग गर्ने गरी पाठ्यक्रम विकास गरिने छ ।
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सुनिश्चित गर्न विद्यालय शिक्षाका पाठ्यक्रम तथा पाठ्यसामग्री विकास एवम् तिनको विद्युतीय प्रतिको उपलब्धतालाई  जोड दिइने छ ।
- डिजिटल साक्षरता, प्रविधिमा आधारित सिकाइ सहजीकरणका लागि अन्तरक्रियात्मक विद्युतीय सामग्री विकास गरिने छ ।
- सिकाइ सहजीकरण प्रक्रियालाई प्रविधिमा आधारित बनाउन अत्यावश्यक सिकाइ वातावरण विकासलाई प्राथमिकता दिइने छ ।

### ३.१.८ जीवनोपयोगी तथा कार्यप्रति अभिमुख पाठ्यक्रम विकास

पाठ्यक्रममा जीवनोपयोगी सिपको स्थान सुनिश्चित गर्न बालबालिकाहरूलाई वैयक्तिक र व्यावहारिक परिवर्तन ल्याउन सक्ने क्षमता विकास गर्ने अवसर प्रदान गरिने छ । विद्यालय पाठ्यक्रममा प्रभावकारी सञ्चार तथा अन्तरवैयक्तिक सम्बन्ध, निर्णय तथा समालोचनात्मक सोचाइ, आत्मव्यवस्थापन र निर्णय लिने क्षमता जस्ता व्यवहारकुशल सिपहरू (Soft skills) लाई स्थान दिइने छ । जीवनोपयोगी तथा कार्यप्रति अभिमुख पाठ्यक्रम विकास गर्ने सिद्धान्तका आधारमा पाठ्यक्रम विकास गर्दा निम्नानुसार सम्बोधन गरिने छ :

- आधारभूत तहका प्रारम्भिक कक्षाहरूबाट नै पाठ्यक्रम तथा पाठ्यसामग्रीमा जीवनोपयोगी तथा व्यवहारकुशल सिपको समायोजन गरी पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गरिने छ ।
- आधारभूत सिप र श्रम एवम् रोजगारीका लागि अत्यावश्यक सिपको वर्गीकरण गरी आधारभूत सिप साधारण धारतर्फ र श्रम तथा रोजगारीका लागि अत्यावश्यक सिप प्राविधिक धारको पाठ्यक्रममा समायोजन गरी पाठ्यक्रमलाई व्यवस्थित गरिने छ ।
- आधारभूत सिप तथा श्रम तथा रोजगारीका लागि आवश्यक सिपमा आधारित सिकाइ तथा पठन सामग्री विकास गरिने छ ।
- कार्यप्रति अभिमुख पाठ्यक्रम निर्माण गर्दा रोजगारी र स्वरोजगारीलाई जोड दिइने छ ।

- श्रमप्रति सम्मान गर्ने, आत्मनिर्भर हुने, सहयोगी तथा सहिष्णु बनाउने कार्यमा पाठ्यक्रमले जोड दिने छ ।
- परियोजना कार्य, कार्यक्षेत्रमा अवलोकन र काम गरेर सिक्ने, सामुदायिक कार्य जस्ता गतिविधिमा संलग्न गराई व्यावसायिक सिप विकासमा जोड दिइने छ ।
- व्यवहारकुशल सिप (Soft Skills) र व्यावसायिक सिप (TEVT Hard Skills) को कार्यान्वयन गर्दा निजी क्षेत्र, श्रम बजारलगायतका निकायहरूसँग साझेदारी कायम गरी आर्थिक, प्राविधिक तथा शैक्षिक प्रबन्ध गर्नेतर्फ विशेष ध्यान दिइने छ ।
- साधारण विद्यालयहरूमा पनि निश्चित किसिमका प्राविधिक तथा व्यावसायिक विषयहरू समावेश गर्न सक्ने गरी पाठ्यक्रम संरचना तयार गरिने छ । यसबाट विद्यार्थीका चाहना, विद्यालयको क्षमता र स्थानीय आवश्यकताअनुसार प्राविधिक तथा व्यावसायिक विषयहरू अध्यापन गर्ने अवसर मिल्ने छ ।

### ३.१.९ सहभागितामूलक पाठ्यक्रम विकास

पाठ्यक्रम विकास प्रक्रियालाई सहभागितामूलक बनाइनुपर्छ । पाठ्यक्रम विकासका प्रक्रियामा अभिभावक, शिक्षकलगायत विभिन्न सरोकारवालालाई सहभागी गराइने छ । पाठ्यक्रमलाई लैङ्गिकमैत्री, बालकेन्द्रित र समावेशी बनाउन सम्बन्धित विज्ञ तथा सामुदायलाई समेत सहभागी गराइने छ । पाठ्यपुस्तक र अन्य शैक्षणिक सामग्री निर्माण प्रक्रिया पनि यही विधिमा आधारित हुने छ ।

सहभागितामूलक सिद्धान्तका आधारमा पाठ्यक्रम विकास गर्दा निम्नानुसार सम्बोधन गरिने छ :

- पाठ्यक्रमको प्रारूप तयार गर्ने, लेख्ने तथा पुनरवलोकन गर्ने कार्य साझेदारहरूको सहभागिताबाट गरिने छ ।
- पाठ्यक्रम निर्माण प्रक्रियाहरूमा स्थानीय समुदाय, विद्यार्थी, अभिभावक र शिक्षकहरूलगायत सम्पूर्ण सरोकारवालालाई सहभागी गराइने छ ।
- पाठ्यसामग्री विकास गर्ने क्रममा विद्यालय तहका योग्य शिक्षक तथा विषयसम्बद्ध विज्ञहरूलाई प्राथमिकता दिइने छ ।
- सङ्घीय तहबाट प्राप्त पाठ्यक्रम प्रारूप, देशको शिक्षाको दूरदृष्टि र ध्येयको परिधिभित्र रही स्थानीय तहबाट पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गरी कार्यान्वयनमा ल्याइने छ ।

### ३.१.१० लचिलोपना र विविधतामा आधारित पाठ्यक्रम विकास

विद्यालय शिक्षाको पाठ्यक्रम सबैको आवश्यकता सम्बोधन गर्ने खालको हुनुपर्दछ । पाठयक्रम सिकारुका विविध आवश्यकता पूरा गर्ने खालको भएमा मात्र विद्यमान शैक्षिक क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ । पाठ्यक्रम तर्जुमा गर्दा पाठ्यवस्तु, सिकाइ विधि एवम् प्रक्रिया र समय सबैमा लचिलोपना हुनु जरुरी छ । साथै पाठ्यक्रमले सिकारुका विविधतालाई सम्बोधन गर्न सक्नुपर्दछ । फरक फरक भाषिक, सामाजिक, सांस्कृतिक, भौगोलिक, लैङ्गिक परिवेशबाट कक्षाकोठामा आउने विद्यार्थीहरूका सिकाइ क्षमता, आवश्यकता, रुचि, उत्प्रेरणाको तह, उमेरलगायतका पक्षहरूमा पनि

विविधता हुन्छन् । पाठ्यक्रम विकास गर्दा लचिलोपना र विविधतालाई निम्नानुसार सम्बोधन गरिने छ :

- विद्यमान औपचारिक पद्धतिका साथै अनौपचारिक, खुला तथा दूर शिक्षा पद्धतिलाई सिकाइ सहजीकरण प्रक्रियामा आबद्ध गरिने छ ।
- सिकारुको व्यक्तिगत रुचि, आवश्यकता र क्षमतालाई सम्बोधन गर्ने गरी पाठ्यक्रम विकास गरिने छ ।
- पाठ्यक्रम विकास गर्दा सिकारुको भाषिक, सामाजिक, सांस्कृतिक, भौगोलिक, लैङ्गिक विविधतालगायत सिकाइ क्षमतागत विविधता; वैयक्तिक स्वतन्त्रता एवम् सामूहिक जीवन पद्धतिलाई ख्याल गरिने छ ।
- पाठ्यक्रम तथा सिकाइ सामग्री विकास गर्दा सबै प्रकारका बालबालिकाहरूको आवश्यकता, सिकाइ चाहना, सिकाइको गतिसमेत दृष्टिगत गरी पाठ्यक्रममा लचिलोपना र विविधता कायम गरिने छ ।

### ३.१.११ नेपाली मूल्य र मान्यता तथा पूर्वीय ज्ञानमा आधारित पाठ्यक्रम विकास

पाठ्यक्रम विकास गर्दा नेपाली मूल्य र मान्यतामा आधारित हुनुपर्दछ । विद्यालय पाठ्यक्रममा पूर्वीय वाङ्मयका असल पक्षलाई समावेश गरेर व्यावहारिक रूपमा सिकाइ सहजीकरण क्रियाकलापमा उपयोग गरिने छ । हाम्रा आफ्नै किसिमका विशिष्ट संस्कृति, मूल्य तथा मान्यता, परम्परा, कला, सौन्दर्य, आदर्श जस्ता वैशिष्ट्यहरूको संरक्षण तथा प्रवर्धन गरिने छ । अनुशासन, शिष्टाचार, सदाचार, शान्ति, अहिंसा जस्ता सार्वभौम मानवोचित सद्गुण अभिवृद्धि गर्न पाठ्यक्रम केन्द्रित हुने छ । नेपाली मूल्य र मान्यतामा आधारित पाठ्यक्रम विकास गर्ने सिद्धान्तका आधारमा पाठ्यक्रम विकास गर्दा निम्नानुसार सम्बोधन गरिने छ :

- नेपाली मूल्य, मान्यता, आदर्श, वैशिष्ट्य, कला, संस्कृति आदिको विकास तथा संरक्षणलाई उच्च प्राथमिकता दिइने छ ।
- पाठ्यक्रम विकास गर्दा नेपाललाई माया गर्न, नेपाली गौरवप्रति सम्मान गर्न, राष्ट्रियता तथा राष्ट्रिय एकतालाई संवर्धन गर्न आवश्यक ज्ञान, सिप विकासलाई प्राथमिकता दिइने छ ।
- मानवीय मूल्य, सामाजिक सहिष्णुता, सामाजिक सहसम्बन्ध, भाइचारा, नैतिक आदर्श, विश्वबन्धुत्व जस्ता मूल्यहरूको प्रवर्धनमा जोड दिइने छ ।
- शान्ति, सहनशीलता, परोपकार, क्षमा, सदाचार, अहिंसाजस्ता पूर्वीय मान्यतालाई पुस्तान्तरण गर्न आवश्यक ज्ञान, सिप र आचरण विकासमा जोड दिइने छ ।
- राष्ट्रिय चिन्तनमुखी जनशक्ति उत्पादन गर्नेतर्फ विशेष प्राथमिकता दिइने छ ।
- देशको भूगोल, इतिहास, कलाकौशल तथा विशिष्टताको संरक्षण र संवर्धन गरिने छ ।
- नेपाली विशिष्ट प्रकृतिका मूल्य र मान्यतालाई व्यवहारमा रूपान्तरण गर्न आवश्यक ज्ञान तथा सिप विकास गरिने छ ।

- संस्कृत भाषा साहित्यलगायत पूर्वीय दर्शनमा आबद्ध बहुपक्षीय जीवनोपयोगी चिन्तनलाई विद्यालय शिक्षामा समावेश गरिने छ ।
- स्थानीय ज्ञान, सिप तथा प्रविधि आदिको विकास तथा स्तरोन्नति गर्नेतर्फ विशेष जोड दिइने छ ।

### ३.१.१२ सिकाइका प्रमुख क्षेत्रहरूको व्यवस्थापन

पाठ्यक्रम निर्माण गर्दा सिकाइका प्रमुख क्षेत्रलाई व्यवस्थापन गर्नु आवश्यक हुन्छ । सिकाइका क्षेत्रका रूपमा के कस्ता विषयवस्तु राखिनुपर्दछ भन्ने सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यासलाई हेर्दा भाषा (मातृभाषा, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय), गणित, सामाजिक अध्ययन, इतिहास, भूगोल, साहित्य, मूल्यमा आधारित शिक्षा, सिर्जनात्मक कला, विज्ञान तथा प्रविधि, स्वास्थ्य तथा शारीरिक, जनसङ्ख्या तथा वातावरण, सूचना तथा सञ्चार प्रविधि, स्थानीय आवश्यकतामा आधारित पेसा र व्यवसाय जस्ता सिकाइका क्षेत्रहरू प्रमुख मानिन्छन् । सञ्चार सिप, समस्या समाधान गर्ने सिप, सहकार्य सिप, सिर्जनात्मक सोचाइ सिप, सामाजिक तथा अन्तरवैयक्तिक सिप, विश्व नागरिक सिप, प्राविधिक साक्षरता सिप, स्वव्यवस्थापनका सिप आदि विद्यालय तहका बालबालिकाहरूमा विकास गराउन अति आवश्यक हुन्छ । सिकाइका प्रमुख क्षेत्रहरूको व्यवस्थापन गर्ने सिद्धान्तका आधारमा पाठ्यक्रम विकास गर्दा निम्नानुसार सम्बोधन गरिने छ :

- विषयगत पहिचानभन्दा पनि नवीन ज्ञानमा आधारित समाजको मागअनुसार सिकाइका क्षेत्रहरू पहिचान गरी पाठ्यक्रम विकास गरिने छ ।
- स्थानीय ज्ञान तथा सिप, नवीन ज्ञान र विज्ञान तथा प्रविधिको उच्चतम उपयोग गर्न अत्यावश्यक सिप तथा क्षमता हासिल हुने किसिमले सिकाइका क्षेत्रहरू पहिचान गरी पाठ्यक्रमको व्यवस्थापन गरिने छ ।
- अन्तर्राष्ट्रिय रूपमा देशले गरेका प्रतिबद्धताहरू, विश्वव्यापी रूपमा शिक्षा क्षेत्रहरूमा अवलम्बन गरिएका सिकाइका क्षेत्र तथा ज्ञानमा आधारित समाज र प्रविधिले युक्त श्रम बजारसमेतका आधारमा सिकाइका क्षेत्रहरू व्यवस्थापन गरिने छ ।
- सिकाइका क्षेत्रहरूको व्यवस्थापन गर्दा पूर्वीय मान्यता र राष्ट्रिय वैशिष्ट्यलाई ध्यान दिइने छ ।
- सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोग गर्न अत्यावश्यक सिप विकासलाई प्राथमिकता दिई सिकाइका क्षेत्रहरूको व्यवस्थापन गरिने छ ।
- वातावरणीय सन्तुलन र दिगो विकासका अवधारणाअनुसार सिकाइका क्षेत्रहरू व्यवस्थापन गरिने छ ।

### ३.१.१३ शैक्षिक गुणस्तर मानकको सुनिश्चिततामा आधारित पाठ्यक्रम विकास

विद्यालय शिक्षामा शैक्षिक गुणस्तर सुनिश्चित गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव तथा अभ्याससमेतका आधारमा विद्यालय शिक्षासम्बन्धी राष्ट्रिय गुणस्तर मानक तथा मापदण्ड तयार गर्नुपर्दछ । राष्ट्रिय पाठ्यक्रम खाकाबमोजिम पाठ्यक्रम तथा पाठ्यसामग्री, सिकाइ सहजीकरण, शिक्षकको योग्यता तथा सक्षमता, कक्षाकोठा व्यवस्थापन र मूल्याङ्कनसम्बन्धी मापदण्ड विकास गरी कार्यान्वयनमा ल्याइने छ । शैक्षिक गुणस्तर मानकको सुनिश्चिततामा आधारित पाठ्यक्रम

विकास गर्ने सिद्धान्तका आधारमा पाठ्यक्रम विकास गर्दा निम्नानुसारका पक्षहरूमा सम्बोधन गरिने छ :

- पाठ्यक्रम तथा पाठ्यसामग्री तयार गर्दा गुणस्तर मापदण्डलाई आधार मानिने छ ।
- राष्ट्रिय गुणस्तर मानक तथा मापदण्डका आधारमा प्रदेश तथा स्थानीय तहले समेत मानक तथा मापदण्ड तयार गरी पाठ्यक्रमसम्बद्ध गतिविधि सञ्चालन गर्नुपर्ने छ ।
- मागको सिर्जना गर्ने, आवश्यकता पहिचान गर्ने, योजना बनाउने, कार्यान्वयन गर्ने तथा गुणस्तर मापदण्ड सुनिश्चित गर्ने जिम्मेवारी स्थानीय सरकारको हुने छ ।
- गुणस्तरको सुनिश्चितताका लागि विभिन्न सरकारी तथा गैरसरकारी निकायसँग सहयोग र साझेदारीको विकास गरिने छ ।
- विद्यार्थी केन्द्रित सिकाइ विधिमा जोड दिँदै विद्यालय शिक्षाको गुणस्तरमा सुधार ल्याउन न्यूनतम शैक्षिक वातावरणका मापदण्डहरू कार्यान्वयनमा ल्याइने छ ।

### ३.१.१४ खोज तथा अनुसन्धानमा आधारित पाठ्यक्रम विकास

खोज तथा अनुसन्धानलाई पाठ्यक्रम विकास एवम् सुधारको अभिन्न अङ्गका रूपमा विकास गर्नुपर्छ । परिवर्तित समय, नवीनतम ज्ञान तथा सिप, सूचना तथा सञ्चार प्रविधि र भूमण्डलीकरणको प्रभावलाई यथोचित मात्रामा सम्बोधन गरिने छ । निरन्तर रूपमा नयाँ नयाँ अनुसन्धान गरी पाठ्यक्रममा सामयिक परिवर्तन, परिमार्जन एवम् परिस्कार गरिने छ । खोज तथा अनुसन्धानमा आधारित पाठ्यक्रम विकास गर्ने सिद्धान्तका आधारमा पाठ्यक्रम विकास गर्दा निम्नानुसार सम्बोधन गरिने छ :

- विद्यार्थीको आवश्यकता, रुचि आदिको खोजी गरी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्ने गरी पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गरिने छ ।
- खोज तथा अनुसन्धान, कार्यमूलक अनुसन्धान जस्ता क्रियाकलापलाई शैक्षणिक क्रियाकलापको अभिन्न अङ्गका रूपमा विकास गरिने छ ।
- उपचारात्मक तथा सुधारात्मक सिकाइका अवसर प्रदान गरिने छ ।
- पाठ्यक्रम निर्माण, पाठ्यक्रमसम्बद्ध सामग्री निर्माण र तिनको प्रभावकारी कार्यान्वयनमा खोज तथा अनुसन्धान कार्यलाई अभिन्न अङ्गका रूपमा विकास गरिने छ ।
- सिकाइ सहजीकरण क्रियाकलाप पाठ्यक्रमसम्बद्ध गतिविधिको महत्त्वपूर्ण अङ्ग हुने छ ।
- सिकाइ सहजीकरण क्रियाकलापलाई कार्यमूलक तथा अनुसन्धानमा आधारित बनाउन शिक्षकलाई उक्त कार्यका लागि उत्प्रेरित गरिने छ ।
- सिकाइ सहजीकरण क्रियाकलापलाई, खोजमूलक, अन्तरक्रियात्मक, प्रवर्तनात्मक हुने गरी सञ्चालन गर्नमा जोड दिइने छ ।

## ३.२ विद्यालय शिक्षाको पाठ्यक्रमसम्बन्धी नीति

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूपले आधारभूत र माध्यमिक तहको समग्र पक्षलाई समेट्ने छ । नेपालको संवैधानिक व्यवस्था, अन्तर्राष्ट्रिय अभ्यास, राष्ट्रिय आवश्यकता, आर्थिक सामाजिक स्वरूपलगायत आवधिक विकास योजना साथै शिक्षासम्बन्धी विकास योजना तथा कार्यक्रमहरूलाई दृष्टिगत गर्दा विद्यालय शिक्षाको पाठ्यक्रमसम्बद्ध नीति देहायबमोजिम हुने छन् :

### ३.२.१ पाठ्यक्रम संरचना

विद्यालय शिक्षाको पाठ्यक्रम निम्नअनुसार हुने छ :

- राष्ट्रिय पाठ्यक्रम प्रारूप र राष्ट्रिय योग्यता प्रारूपबिच सामञ्जस्य कायम गरिने छ ।
- आधारभूत तहको कक्षा ३ सम्म एकीकृत पाठ्यक्रम ढाँचा अवलम्बन गर्ने नीति लिइने छ ।
- माध्यमिक तहको कक्षा ९ देखि १२ सम्म एकलपथीय पाठ्यक्रम स्थापित गर्ने नीति अवलम्बन गरिने छ ।
- अन्तर्राष्ट्रिय अभ्यास र राष्ट्रिय अनुभवसमेतका आधारमा अक्षराङ्कन पद्वतिअनुरूप विद्यार्थीको सिकाइ उपलब्धि  प्रमाणीकरण गरिने छ । यसका लागि पाठ्यक्रम संरचनामा नै पाठ्यघण्टा समेटी सोहीबमोजिम पठनपाठनको व्यवस्था मिलाइने छ । यसका लागि एक पाठ्यघण्टा बराबर ३२ कार्यघण्टा (Working hour) हुने छ । कक्षा एकदेखि तीनसम्मका प्रत्येक कक्षाका लागि वार्षिक २६ पाठ्यघण्टा र कक्षा ४ देखि १० सम्मका लागि प्रत्येक कक्षाका लागि वार्षिक ३२ पाठ्यघण्टाको विषयवस्तु हुने छ । त्यसै गरी कक्षा ११ र १२ प्रत्येकमा वार्षिक कम्तीमा २७ देखि बढीमा ३२ पाठ्यघण्टाको विषयवस्तु हुने छ ।
- विद्यार्थीका आवश्यकता र सेतु पाठ्यांश (Bridge Course) का रूपमा विद्यालयले माध्यमिक शिक्षामा आवश्यकताअनुसार पाठ्यक्रम संरचनामा व्यवस्था भएका ऐच्छिक विषयहरूमध्ये कुनै एक विषयलाई थप विषय (नन क्रेडिट) को रूपमा पठनपाठन गर्न गराउन सक्ने छ ।
- यस प्रारूपमा निर्दिष्ट पाठ्यक्रम संरचनाबमोजिम कक्षागत रूपमा रहेका विषयहरूको विषयगत सक्षमतासहितको पाठ्यक्रम विकास गरी राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्बाट स्वीकृत गरी कार्यान्वयनमा ल्याइने छ ।
- माध्यमिक तहको कक्षा ११ र १२ को पाठ्यक्रम संरचनामा अनिवार्य र विद्यार्थीको रुचि, क्षमता र विद्यालयको आवश्यकताका आधारमा ऐच्छिक विषयहरू छनोट हुने छन् । छनोटमा आधारित विषयहरूलाई उपल्लो तहको अध्ययन तथा रोजगारीका क्षेत्रमा दक्षता प्रदान गर्ने गरी समूहीकृत गरिने छ ।
- विद्यालय शिक्षाको कुनै धारको कक्षा वा तह पूरा गरेपछि कुनै विद्यार्थीले अर्को धारतर्फको कुनै कक्षामा भर्ना हुन चाहेमा दुवै धारतर्फका मौजुदा पाठ्यक्रमको तुलना गरी  सेतु पाठ्यक्रम (Bridge course) को अध्ययन आवश्यक भएमा सोसमेतको सुनिश्चितता हुने गरी राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्ले आवश्यक व्यवस्था गर्न सक्ने छ ।
- विद्यार्थीहरूलाई सिकाइको अधिकतम अवसर प्रदान गर्न उनीहरूको विविध क्षमता तथा झुकावलाई दृष्टिगत गरी पाठ्यक्रमलाई विविधीकरण गर्न सकिने छ ।

### ३.२.२ सङ्घ, प्रदेश र स्थानीय सरकारको पाठ्यक्रमसम्बद्ध अधिकार क्षेत्रको बाँडफाँड

सङ्घ, प्रदेश र स्थानीय सरकारको पाठ्यक्रमसम्बद्ध अधिकार क्षेत्रको बाँडफाँड निम्नअनुसार हुने छ :

- राष्ट्रिय पाठ्यक्रम प्रारूप विकास, विषयगत पाठ्यक्रम तथा पाठ्यपुस्तकको मापदण्ड विकास र पाठ्यक्रमको खाका तथा नमुना पाठ्यपुस्तक विकाससम्बन्धी कार्य सङ्घले गर्ने छ ।
- राष्ट्रिय पाठ्यक्रम प्रारूपको मार्गदर्शन र विषयगत मापदण्ड तथा खाकाभित्र रही पाठ्यपुस्तक विकास गर्ने कार्य प्रदेशले गर्न सक्ने छ ।
- राष्ट्रिय पाठ्यक्रम प्रारूपको मार्गदर्शन र खाकाभित्र रही स्थानीय तहले स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गर्ने छ । आधारभूत तहको कक्षा ८ सम्मको पाठ्यक्रम संरचनामा समेटिएको मातृभाषा/स्थानीय विषयको पाठ्यक्रम, पाठ्यपुस्तक एवम् पाठ्यसामग्री विकास सम्बन्धित स्थानीय तहले गर्ने छ ।
- माध्यमिक तहको कक्षा ९–१२ को पाठ्यक्रम संरचनामा उल्लिखित समूह तथा विषयहरूको सूचीअनुसार हुने गरी ऐच्छिक विषयहरू स्थानीय तहको समन्वय र सहजीकरणमा विद्यालयले छनोट गर्ने छ ।
- मातृभाषामा शिक्षा पाउने अवस्थाको सुनिश्चितताका लागि सम्बन्धित बालबालिकाका अभिभावक र विद्यालयको परामर्शमा मातृभाषामा पठनपाठनको व्यवस्था स्थानीय तहले गर्ने छ ।
- विद्यालयमा पठनपाठन हुने स्वीकृत पाठ्यपुस्तकको सुनिश्चतता स्थानीय तहले गर्ने छ ।
- विकसित मापदण्डका आधारमा पाठ्यक्रम विकास, कार्यान्वयन प्रक्रिया र प्रतिफलसमेतको लेखाजोखाका लागि सङ्घ, प्रदेश तथा स्थानीय सरकारका शिक्षासम्बद्ध निकायहरू जिम्मेवार हुने छन् ।
- कक्षा ८ मा स्थानीय तहले, कक्षा १० मा प्रदेशले र कक्षा ११ तथा १२ मा सङ्घले विद्यालय तहको सार्वजनिक परीक्षा सञ्चालन तथा प्रमाणीकरण गर्ने छ ।

### ३.२.३ विद्यालय तहको पाठ्यसामग्री र पठनपाठनको भाषा

विद्यालय तहको पाठ्यसामग्री र पठनपाठनको भाषाको व्यवस्था निम्नअनुसार हुने छ :

- विद्यालय शिक्षाको सिकाइ सहजीकरण प्रक्रियाका लागि आधारभूत तहमा माध्यम भाषा मातृभाषा वा नेपाली भाषा हुने छ । सामाजिक अध्ययन र मानवमूल्य/चारित्रिक शिक्षालगायत नेपाली कला, संस्कृति र मौलिक पहिचानमूलक विषयवस्तुहरूबाहेक अन्य विषयका लागि भने अङ्ग्रेजीलाई पनि माध्यम भाषा बनाउन सकिने नीति अवलम्बन गरिने छ । माध्यमिक तहमा भने नेपाली वा अङ्ग्रेजी माध्यम भाषा हुने छ तर सामाजिक अध्ययन र मानवमूल्य/चारित्रिक शिक्षालगायत नेपाली कला, संस्कृति र मौलिक पहिचानमूलक विषयवस्तुहरूको पठनपाठनका लागि पाठ्यसामग्री र माध्यम नेपाली भाषा हुने छ ।
- मातृभाषामा सिक्न पाउने बाल अधिकार सुनिश्चित गर्न विद्यालय तहमा मातृभाषालाई विषय र सिकाइको माध्यम भाषाका रूपमा प्रयोग गर्न सकिने छ ।

- विद्यालय तहमा भाषा विषयको पाठ्यसामग्री र पठनपाठन सम्बन्धित भाषामा नै हुने छ ।
- संस्कृत तथा परम्परागत धारतर्फका शास्त्रीय विषयहरूको पाठ्यसामग्री र पठनपाठनको माध्यम सम्बन्धित भाषा हुने छ । धार्मिक प्रकृतिका विषयहरूको पठनपाठन सम्बन्धित धार्मिक ग्रन्थ लेखिएको भाषामा नै गर्न सकिने छ ।
- गैरनेपाली नागरिकको हकमा नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्ने अवसर प्रदान गर्न सकिने छ ।
- विदेशमा बसोवास गर्ने नेपाली मातृभाषी बालबालिकाहरूका लागि उपयोग हुने नेपाली भाषाका सिकाइ सामग्री विकास गर्दै लगिने छ ।

### ३.२.४ विद्यालय शिक्षाको गुणस्तर र मानक निर्धारण

विद्यालय शिक्षाको गुणस्तर र मानक निर्धारण निम्नअनुसार हुने छ :

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव तथा अभ्याससमेतका आधारमा विद्यालय शिक्षासम्बन्धी राष्ट्रिय गुणस्तर मानक तथा मापदण्ड निर्धारण गरिने छ । राष्ट्रिय पाठ्यक्रम खाकाबमोजिम पाठ्यक्रम तथा पाठ्यसामग्री, सिकाइ सहजीकरण, शिक्षकको योग्यता तथा सक्षमता, कक्षाकोठा व्यवस्थापन र मूल्याङ्कनसम्बन्धी मापदण्ड विकास गरी कार्यान्वयनमा ल्याइने छ ।
- विद्यालय शिक्षाको गुणस्तर कायम गरी सक्षम जनशक्ति उत्पादन गर्न विद्यालय शिक्षाको राष्ट्रिय गुणस्तर मानक (Quality standard) तयार गरिने छ ।
- विद्यालय शिक्षाको गुणस्तर निर्धारण गर्न कक्षा ८ मा स्थानीय तहस्तरीय, १० मा प्रदेशस्तरीय र ११ तथा १२ मा राष्ट्रियस्तरमा सार्वजनिक परीक्षा सञ्चालन गरी प्राप्त नतिजाका आधारमा शिक्षक र विद्यालयलाई प्रोत्साहन गर्ने व्यवस्था गरिने छ ।
- राष्ट्रिय गुणस्तर मानकका आधारमा प्रदेश, स्थानीय तह तथा विद्यालयले आआफ्नो शैक्षिक गुणस्तर मानक (Quality benchmark) तय गरी पाठ्यक्रम तथा पाठ्यक्रमसम्बद्ध गतिविधिहरू स्वतन्त्र रूपमा सञ्चालन गर्न सक्ने छन् । गुणस्तर मानकका आधारमा विद्यालयलाई थप सहयोग कार्यक्रम सञ्चालन गरिने छ । साथै विद्यालय स्वयम्लाई पनि यसका लागि बढी जिम्मेवार बनाइने छ ।
- पाठ्यक्रम, पाठ्यसामग्रीसम्बन्धी गुणस्तर मापदण्ड तयार गरी सोहीअनुसार विकास गरिने छ ।
- पाठ्यक्रम कार्यान्वयनको प्रभावकारी लेखाजोखा, सिकाइ सहजीकरण क्रियाकलापको व्यावहारिक पक्षको यकिन गर्न कक्षाकोठामा प्रत्यक्ष सहभागी भई पृष्ठपोषण प्राप्त गरिने छ ।

### ३.२.५ पाठ्यपुस्तक तथा पाठ्यसामग्री विकास, उत्पादन तथा वितरण

विद्यालय शिक्षाको पाठ्यपुस्तक तथा पाठ्यसामग्री विकास, उत्पादन तथा वितरणको व्यवस्था निम्नअनुसार हुने छ :

- विद्यालय शिक्षालाई व्यवस्थित गर्न पाठ्यपुस्तकको गुणस्तर सुधार गर्दै विद्यार्थीमैत्री पाठ्यपुस्तक विकास गरी रङ्गीन पाठ्यपुस्तकको विकासमा जोड दिइने छ ।

- विद्यार्थीको रुचि, क्षमता, सिकाइको गति, पाठ्यपुस्तकको सर्वसुलभतालाई समेत ध्यान दिई राष्ट्रिय पाठ्यक्रम प्रारूपको खाकाभित्र रही बहुपाठ्यपुस्तक विकास एवम् प्रयोग गर्ने नीति अपनाइने छ ।
- पाठ्यक्रम विकास केन्द्रले राष्ट्रिय पाठ्यक्रम प्रारूपअनुसार नमुना पाठ्यपुस्तक विकास गरी मुद्रणीय प्रति (Print Ready Copy -PRC) तयार पार्ने छ ।
- विद्यालय शिक्षाका पाठ्यपुस्तकहरूको छपाइ तथा वितरण कार्यलाई व्यवस्थित बनाउन जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको कार्य प्रणालीलाई थप सुदृढीकरण गरिने छ ।
- विद्यालय शिक्षाका पाठ्यपुस्तकहरूको विकास, उत्पादन तथा वितरण कार्यलाई प्रभावकारी बनाउन खुला प्रतिस्पर्धाका आधारमा निजी क्षेत्रको सहभागिता गराउने तथा नियमन गर्ने नीति अवलम्बन गरिने छ ।
- राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को मार्गदर्शनमा पाठ्यक्रम विकास केन्द्रले निजी तथा गैरसरकारी क्षेत्रद्वारा विकसित पाठ्यसामग्रीलाई आवश्यकताअनुसार मूल्याङ्कन गरी सूचीकृत गर्न सक्ने छ ।
- पाठ्यक्रम विकास केन्द्रले पाठ्यपुस्तकहरूको स्तरीयता, गुणस्तर एवम् सान्दर्भिकताको परीक्षण गरी बहुपाठ्यपुस्तक प्रयोगमा ल्याउने व्यवस्था मिलाउने छ ।
- स्थानीय तहको परामर्श र आर्थिक तथा प्राविधिक सहयोगमा विद्यालय स्वयम्ले मातृभाषा र स्थानीय विषयका पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास तथा कार्यान्वयन गर्न सक्ने छ ।
- पाठ्यपुस्तकसम्बन्धी स्पष्ट नीतिगत व्यवस्थाका लागि राष्ट्रिय पुस्तक नीति तर्जुमा गरी कार्यान्वयनमा
  ल्याइने छ ।
- सङ्घीय सरकारका तर्फबाट नमुना पाठ्यपुस्तक विकास गरिने छ ।
- प्रारम्भिक कक्षामा कार्यपुस्तक (Work book) प्रयोगमा जोड दिइने छ ।
- पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री विकास, छपाइ तथा वितरणसम्बन्धी निर्देशिकाहरूमा समसामयिक परिवर्तन गरी कार्यान्वयनमा ल्याइने छ ।

### ३.२.६ शिक्षक व्यवस्थापन

यस पाठ्यक्रम प्रारूपअनुसारका पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षक छनोट र व्यवस्थापन निम्नअनुसारका मार्गदर्शन समेतमा आधारित हुनुपर्ने छ :

- विद्यालय शिक्षाको गुणस्तर प्रवर्धनका लागि शिक्षकको क्षमता विकास गराइने छ ।
- विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि विद्यमान अध्यापन अनुमति पत्रको व्यवस्थालाई थप सुदृढ गरी कार्यान्वयन गर्दै लगिने छ । गुणस्तरीय शिक्षक तयारी तथा वितरणलाई व्यवस्थित गरिने छ । विभिन्न तहका शिक्षकका लागि आवश्यक न्यूनतम योग्यताको पुनरवलोकन गरिने छ ।

- शिक्षकको पेसागत विकासलाई स्तरीय, प्रयोगमुखी, मूल्यमा आधारित, गुणमा आधारित, मागमा आधारित र अन्तरविषय सम्बन्ध स्थापित हुने गरी व्यवस्थित गरिने छ ।
- विशिष्ट योग्यता प्राप्त गर्ने दक्ष जनशक्तिलाई शिक्षण पेसामा आकर्षण गर्न विशेष व्यवस्था गरिने छ ।
- विद्यालयमा अध्यापन गर्ने सबै तह र कक्षाका शिक्षकहरूमा निम्नानुसारका सक्षमता सुनिश्चित गरिने छ :
    - विषयवस्तुको ज्ञान (Content Knowledge)
    - सिकाइ सहजीकरणका तौरतरिकासम्बन्धी ज्ञान (Pedagogical Knowledge)
    - बालबालिका/सिकारुसम्बन्धी ज्ञान (Knowledge about Children/ Learners)
    - सिकाइ वातावरण तथा कक्षा व्यवस्थापन (Learning Environment and Classroom Management )
    - सञ्चार तथा सहकार्य (Communication and Collaboration)
    - निरन्तर सिकाइ र पेसागत विकास (Continuous Learning and Professional Development)
    - कानुनी आधार तथा पेसागत आचार संहिता (Legal Bases and Professional Conduct)
    - सूचना तथा सञ्चार प्रविधि (Information and Communication Technology)

### ३.२.७ सिकाइ सहजीकरण क्रियाकलाप र सामग्री

विद्यालय शिक्षामा सिकाइ सहजीकरण क्रियाकलाप र सामग्रीको व्यवस्था निम्नअनुसार हुने छ :

- सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधिको प्रयोगलाई जोड दिइने छ ।
- विद्यार्थीको सहभागितामा योजना निर्माण, परियोजना कार्य, क्षेत्र भ्रमण, समस्या समाधान, आविष्कारमुखी अध्ययन, प्रवर्तनमुखी शिक्षण पद्धतिलाई सिकाइ सहजीकरणका विधिका रूपमा कार्यान्वयनमा ल्याइने छ ।
- सबै प्रकारका सिकाइ आवश्यकता र चाहना (अपाङ्गता भएका, अशक्त, असहाय, कमजोर आदि) भएका विद्यार्थीलाई समेट्ने गरी कक्षामा समावेशी सिकाइ सहजीकरण प्रक्रिया अपनाइने छ ।
- खोजमुखी, अन्तरक्रियात्मक तथा प्रवर्तनात्मक सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालनमा जोड दिइने छ ।
- स्थानीय वातावरण (सामाजिक, आर्थिक र सांस्कृतिक) मा परियोजनामुखी सिकाइ सहजीकरण क्रियाकलापलाई प्राथमिकता दिइने छ ।
- प्रयोगात्मक कार्य (Practical work) सञ्चालनलाई सिकाइ सहजीकरण क्रियाकलापको अभिन्न अङ्गका रूपमा स्थापित गरिने छ ।

- सामुदायिक कार्य, घटना अध्ययन, अवलोकन आदिका माध्यमबाट समस्या समाधान गर्ने खालका सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गरिने छ ।
- प्रत्येक विषयको सिकाइ सहजीकरण क्रियाकलापमा सिकाइलाई व्यवसायमूलक तथा रोजगारमूलक ज्ञान, सिप एवम् दक्षतासँग परिचित गराउने गतिविधि समावेश गरी श्रमप्रति सकारात्मक भावनाको विकास गर्ने क्रियाकलाप सञ्चालनमा प्राथमिकता दिइने छ ।
- शैक्षणिक सामग्री निर्माण र वितरण कार्यलाई व्यवस्थित गरिने छ ।
- सिकाइ सहजीकरण क्रियाकलाप, शैक्षणिक सामग्रीको निर्माण र प्रयोगमा समावेशी नीतिको अवलम्बन गरिने छ ।
- व्यावसायिक प्रकृतिका विषयहरूको सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा स्थानीय समुदायमा सञ्चालित विभिन्न प्रकारका पेसा, व्यवसाय र प्रविधिसँग सम्बन्धित कार्यक्रमहरूसँग समन्वय र सहकार्य गरी व्यावहारिक एवम् अर्थपूर्ण बनाइने छ ।
- अतिरिक्त/सहक्रियाकलापलाई सिकाइ सहजीकरण क्रियाकलापसँग आबद्ध गरी विद्यार्थीको चौतर्फी विकासमा ध्यान दिइने छ ।
- विशेष आवश्यकता भएका विद्यार्थीहरूलाई सिकाइ सहजीकरण क्रियाकलापमा भएको कठिनाइ कम गरी पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ उपलब्धि हासिल गराउन आवश्यकतानुसार थप सहयोग प्रदान गरिने छ ।
- पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक वार्षिक कार्यदिन/कार्यघण्टा नेपालको भौगोलिक अवस्थिति एवम् अन्तर्राष्ट्रिय अभ्याससमेतका आधारमा व्यवस्थित गरिने छ ।
- विद्यालयमा विद्यार्थी सेवा तथा सरसल्लाह पद्धतिको विकास गरी विद्यालय आएका, आउन नसकेका र शैक्षिक समस्या भएका बालबालिकाहरूलाई आवश्यकतानुसार परामर्श सेवा प्रदान गरिने छ ।
- अधिकारमा आधारित सिकाइ सहजीकरण क्रियाकलापका लागि क्रियाकलापको छनोट र प्रयोगमा बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री एवम् वातावरणमैत्री पक्षहरूको सन्तुलन कायम गर्न प्राथमिकता दिइने छ ।
- सिकाइ सहजीकरण क्रियाकलापको छनोट र प्रयोगमा सिकारुको सक्रिय सहभागिता गराउने नीति अवलम्बन
गरिने छ ।
- विद्युतीय सूचना तथा सञ्चार प्रविधिमा आधारित सामग्री विकासमा जोड दिइने छ ।
- सिकाइ सहजीकरणका लागि आवश्यक पर्ने न्यूनतम सामग्री विद्यालयमा अनिवार्य रहनुपर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याइने छ ।

### ३.२.८ खुला सिकाइ तथा वैकल्पिक शिक्षा

विद्यालय शिक्षामा खुला सिकाइ तथा वैकल्पिक शिक्षा व्यवस्था निम्नअनुसार हुने छ :

- अनौपचारिक रूपबाट शिक्षा हासिल गरेका तर प्रामाणीकरण हुन नसकेका र औपचारिक विद्यालय शिक्षामासमावेश हुन इच्छुक व्यक्तिलाई उनीहरूको शैक्षिक अवस्थाको प्रमाणीकरण गरी निर्दिष्ट औपचारिक शिक्षाभित्रको कक्षामा प्रवेश गर्न पाउने अवसर खुला गरिने छ ।
- विविध कारणबाट शैक्षिक अवसर प्राप्त गर्न नसकेका विद्यालय उमेर समूहका बालबालिकाहरूलाई खुला शिक्षाको व्यवस्था गरी औपचारिक शिक्षासरहकै विद्यालय शिक्षा लिन पाउने संस्थागत विकास गरी कार्यक्रमलाई योजनाबद्ध ढङ्गबाट सञ्चालन गरिने छ ।
- खुला शिक्षाको पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास पाठ्यक्रम विकास केन्द्रबाट हुने छ । यसको स्वीकृति राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्बाट हुने छ ।
- खुला शिक्षा पद्धतिअनुसार सिकाइ गर्ने विद्यार्थीहरूले साधारण शिक्षाका तोकिएका तह र कक्षाका औपचारिक परीक्षामा सहभागी हुनुपर्ने छ ।
- खुला तथा वैकल्पिक शिक्षाका लागि समेत साधारण धारतर्फको पाठ्यक्रम संरचना लागु हुने छ । यस्तो शिक्षा सञ्चालनका लागि विषयगत पाठ्यक्रमलाई निर्दिष्ट उद्देश्य तथा सिकाइ उपलब्धि हासिल हुने गरी विद्यार्थीको उमेर र पूर्व अनुभवसमेत समेटी लचिलो (Flexible) बनाउन सकिने छ । यसरी समायोजित पाठ्यक्रमअन्तर्गत अध्ययन गर्ने विद्यार्थीहरूले मूल पाठ्यक्रमका लागि निर्धारित परीक्षा पद्धतिअनुसार नै परीक्षामा सहभागी हुनुपर्ने छ र सोही व्यवस्थाअनुसार नै प्रमाणीकरण गरिने छ ।
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत स्वसिकाइ सामग्रीहरू विकास गरी खुला तथा दूर सिकाइलाई व्यवस्थित गरिने छ ।
- परम्परागत शैक्षिक पद्धति गुरुकुल, गुम्बा, मदर्सा, मुन्धुम आदिलाई शिक्षाको मूल प्रवाहमा ल्याई वैकल्पिक शिक्षालाई थप व्यवस्थित गरिने छ ।
- खुला तथा वैकल्पिक शिक्षा पद्धतिबाट तह पूरा गरेका विद्यार्थीहरूलाई साधारण शिक्षाको समान तह सरह मान्यता प्रदान हुने नीति अवलम्बन गरी एक धारबाट अर्को धारमा जाने स्वतन्त्रता प्रदान गरिने छ ।
- खुला तथा वैकल्पिक शिक्षाअर्न्तगत आधारभूत तह तथा माध्यमिक तह (कक्षा १०, ११ र १२) को अन्त्यमा लिइने परीक्षाका लागि साधारण तहकै परीक्षामा सहभागी हुने व्यवस्था गरिने छ ।
- विद्यालय शिक्षासम्बद्ध पाठ्यक्रम तथा पाठ्यसामग्री (प्रारम्भिक बाल विकास तथा शिक्षा, अनौपचारिक, खुला तथा वैकल्पिक शिक्षा) विकास तथा स्वीकृतिमा एकद्वार पद्धति अपनाई पाठ्यक्रम विकास केन्द्रबाट विभिन्न निकायहरूसँग समन्वय हुने छ ।
- औपचारिक शिक्षामा प्रवेश गर्न चाहने विद्यार्थीलाई उपयुक्त मूल्याङ्कन प्रक्रियाबाट राष्ट्रिय शिक्षाको मूल धारमा ल्याउन राष्ट्रिय योग्यता प्रारूपले व्यवस्था गरेअनुसार योग्यता परीक्षण गरिने छ ।
- विद्यालय तहको शैक्षिक उद्देश्य प्राप्तिका लागि सञ्चालन हुने अनौपचारिक र खुला तथा वैकल्पिक शिक्षाका लागि विषयगत पाठ्यक्रमले निर्दिष्ट गरेका सक्षमता तथा सिकाइ उपलब्धि

हासिल हुने गरी समकक्षी पाठ्यक्रम संरचना लागु गर्न सकिने छ । यसप्रकारको शिक्षा प्रदान गर्नका लागि लचिलो सिकाइ सहजीकरण प्रक्रिया अवलम्बन गरिने छ ।

- खुला सिकाइ तथा वैकल्पिक शिक्षा पद्धतिमार्फत सञ्चालन हुने विद्यालय शिक्षाको कार्यक्रमको सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा सम्पर्क कक्षा तथा आधुनिक सञ्चार प्रविधिका साधनहरूको प्रयोग गरिने छ । यसका साथै रेडियो, टेलिभिजन तथा केबललाइनहरूसँग सहकार्य गर्ने गरी कार्यक्रम सञ्चालन गर्न सकिने छ ।
- विद्यार्थीहरूलाई नियमित विद्यालयबाट खुला विद्यालय र खुला विद्यालयबाट नियमित विद्यालयमा प्रवेश गर्ने अवसर प्रदान गरिने छ ।
- खुला सिकाइ तथा वैकल्पिक शिक्षा क्षेत्रमा कार्यरत सबै खालका जनशक्ति प्राविधिक, शिक्षक, प्रशिक्षक, व्यवस्थापक तथा नीति निर्माताामा आवश्यक ज्ञान तथा सिपको विकास गरी कार्यक्रमहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्न सक्ने बनाउन तालिम तथा अध्ययनको व्यवस्था गरिने छ ।

### ३.२.९ रोजगार र स्वरोजगारमुखी शिक्षा

विद्यालय शिक्षालाई रोजगार र स्वरोजगारमुखी बनाउन निम्नअनुसारको व्यवस्था गरिने छ :

- विद्यालय शिक्षामा रोजगार र स्वरोजगारमुखी जनशक्ति उत्पादन गर्नेतर्फ विशेष ध्यान दिइने छ । सङ्घीय सरकारका अलावा प्रदेश र स्थानीय तह, सरकारी तथा गैरसरकारी संस्था, समुदायमा आधारित सिप विकास कार्यक्रमसँगसम्बद्ध निकायहरूको समन्वय र साझेदारीमा रोजगारउन्मुख शिक्षा प्रवर्धन गर्ने नीति अवलम्बन गरिने छ ।
- माध्यमिक तहमा व्यावसायिक धारको पाठ्यक्रम तयार गरी लागु गरिने छ ।
- रोजगारमुखी शिक्षाका लागि आवश्यक पर्ने व्यवहारकुशल सिप (Soft Skills) आधारभूत शिक्षाका कक्षाहरूमा एकीकृत गरिने छ ।
- व्यावसायिक शिक्षाका आधारभूत सिपहरूलाई साधारण शिक्षाका मिल्दा विषयहरूमा एकीकृत गरिने छ ।
- माध्यमिक शिक्षाको पाठ्यक्रम संरचनाभित्र प्रत्येक कक्षामा एक विषय व्यावसायिक सिपमूलक प्रकृतिका विषयहरू छनोट गर्न सकिने व्यवस्था मिलाइने छ ।
- अनौपचारिक रूपमा व्यक्तिले हासिल गरेका व्यावसायिक सिपको प्रमाणीकरण गरी स्वदेशी तथा विदेशी श्रम बजारको प्रवेशलाई सहज बनाइने छ ।
- स्थानीय ज्ञान, सिप तथा प्रविधिमा आधारित पेसा, व्यवसायको प्रवर्धनका लागि स्थानीय पाठ्यक्रमको व्यवस्था गरी कार्यान्वयन गरिने छ ।
- राष्ट्रिय योग्यता प्रारूप विकास भएपश्चात् यसमा उल्लिखित विभिन्न तहका सक्षमताका आधारमा औपचारिक, अनौपचारिक, खुला तथा वैकल्पिक शिक्षाको समकक्षता निर्धारण गरिने छ ।

- आधारभूत तहसम्म अनौपचारिक, खुला तथा स्वाध्ययनबाट प्राप्त ज्ञान र सिपको परीक्षण गरी औपचारिक शिक्षाको उपयुक्त समकक्षी कक्षामा भर्नाको व्यवस्था गर्न सकिने छ ।
- साधारण, संस्कृत एवम् परम्परागत विषय समूहमा समेत रोजगार र स्वरोजगारउन्मुख व्यावसायिक सिपमूलक प्रकृतिका विषयहरू छनोट गर्नुपर्ने व्यवस्थालाई प्राथमिकता दिइने छ ।

### ३.२.१० विद्यार्थी मूल्याङ्कन तथा प्रमाणीकरण

विद्यालय शिक्षामा विद्यार्थीहरूको मूल्याङ्कन र प्रमाणीकरण निम्नअनुसार गरिने छ :

- विद्यार्थीहरूको मूल्याङ्कन र प्रमाणीकरणका लागि विद्यालय स्तरीय परीक्षा र बाह्य सार्वजनिक परीक्षा सञ्चालन गरिने छ ।
- विद्यालयमा आधारित परीक्षाअन्तर्गतको कक्षा १ देखि ७ तथा कक्षा ९ को परीक्षाको सम्पूर्ण जिम्मा स्वयम् विद्यालयको हुने छ । यसका लागि कक्षा १-३ सिकाइका लागि मूल्याङ्कन र कक्षा ४-१२ सम्म आन्तरिक र बाह्य मूल्याङ्कन प्रणाली अवलम्बन गरिने छ ।
- कक्षा ८, १० तथा ११ र १२ मा क्रमशः स्थानीय, प्रदेश र सङ्घीय तहमा सार्वजनिक परीक्षा सञ्चालन गरिने छ ।
- मूल्याङ्कन प्रणालीलाई वस्तुनिष्ठ, विश्वसनीय, वैध र भरपर्दो बनाई एकरूपता कायम गर्नका लागि स्थानीय तह, प्रदेशस्तरीय र सङ्घीयस्तरीय बाह्य सार्वजनिक परीक्षाका सबै विषयमा आन्तरिक र बाह्य मूल्याङ्कन पद्धति कार्यान्वयनमा ल्याइने छ । आधारभूत तहको कक्षा ४ देखि ८ सम्म आन्तरिक ५० प्रतिशत र बाह्य ५० प्रतिशत भारको मूल्याङ्कन पद्धति अवलम्बन गरिने छ । माध्यमिक तहका सार्वजनिक परीक्षाका प्रत्येक विषयमा सामान्यतया कम्तीमा २५ प्रतिशत भारको आन्तरिक र ७५ प्रतिशत भारको बाह्य मूल्याङ्कन हुने छ भने यसमा विषयवस्तुको प्रकृतिअनुसार सैद्धान्तिक तथा प्रयोगात्मक दुवै पक्ष समावेश हुन्छन् । आन्तरिक मूल्याङ्कनसम्बन्धी कार्यविधि पाठ्यक्रम विकास केन्द्रले तयार गरेबमोजिम हुने छ । बाह्य सार्वजनिक परीक्षा सञ्चालन हुनेबाहेक अन्य कक्षाहरूमा पनि आन्तरिक तथा बाह्य मूल्याङ्कन पद्धति प्रयोग गरिने छ ।
- विद्यार्थीको नतिजा प्रमाणीकरणका लागि विद्यार्थीको ग्रेडसिट तयार गर्दा आन्तरिक, प्रयोगात्मक र बाह्य मूल्याङ्कनलाई समेत समेट्ने गरी राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्द्वारा कार्यविधि स्वीकृत गरिने छ ।
- विद्यालय शिक्षाको मूल्याङ्कनमा सैद्धान्तिक र प्रयोगात्मक दुवै पक्षलाई समावेश गरिने छ । विषयको प्रकृति हेरी सैद्धान्तिक र प्रयोगात्मक मूल्याङ्कनको भार निर्धारण गरिने छ । प्रयोगात्मक मूल्याङ्कनसम्बन्धी थप व्यवस्था विषयगत पाठ्यक्रममा समावेश गरिने छ ।
- विद्यालय शिक्षाका सबै कक्षामा अक्षराङ्कन पद्धतिको कार्यान्वयन गरिने छ ।
- निर्माणात्मक (निरन्तर÷ सिकाइका लागि मूल्याङ्कन÷ आन्तरिक) र बाह्य मूल्याङ्कन पद्धति तथा अक्षराङ्कन पद्धतिबिच तालमेल कायम गरिने छ ।
- विद्यालय स्तरीय र सार्वजनिक परीक्षा सञ्चालन गर्दा परीक्षा सञ्चालन गर्ने निकायले राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्द्वारा स्वीकृत मूल्याङ्कनसम्बन्धी ढाँचा र पाठ्यक्रम विकास केन्द्रले तयार गरेको विषयगत विशिष्टीकरण तालिकाबमोजिम गर्नुपर्ने छ ।

# परिच्छेद : चार

## विद्यालय शिक्षाको पाठ्यक्रम संरचना

यस परिच्छेदमा पाठ्यक्रमका सैद्धान्तिक आधारहरू, अन्तर्राष्ट्रिय परिवेश र अभ्यास, राष्ट्रिय आवश्यकता एवम् विभिन्न सरोकारवालासमेतको अपेक्षालाई दृष्टिगत गरी विद्यालय शिक्षाको दृष्टिकोण, विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू, तहगत सक्षमता र पाठ्यक्रम संरचना प्रस्तुत गरिएको छ ।

### ४.१ विद्यालय शिक्षाको दृष्टिकोण

विद्यालय शिक्षाको दृष्टिकोण "समाजवादउन्मुख सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरिक विकास" गर्नु हुने छ ।

### ४.२ विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य

विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार हुने छन् :

१. प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने

२. राष्ट्र र राष्ट्रियताप्रति निष्ठावान्, सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य मान्यताप्रति प्रतिबद्ध, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने

३. श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगारउन्मुख, उत्पादनमुखी, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने

४. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने

५. प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने

६. प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवादउन्मुख राष्ट्र निर्माणमा मदत गर्ने

७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने

८. वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने

९. रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका सहिष्णु र भाषिक सक्षमतामा निपुण नागरिक तयार गर्ने

१०. नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भएका नेपालको इतिहास, भूगोलको ज्ञान भएको, नेपाली पहिचान र जीवनशैलीप्रति गौरव गर्ने नागरिक तयार गर्ने

११. जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपत् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने

१२. सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने

## ४.३ विद्यालय शिक्षाको तहगत संरचना र उमेर

नेपालको विद्यालय शिक्षा आधारभूत र माध्यमिक गरी दुई तहको रहेको छ । एक वर्ष अवधिको प्रारम्भिक बालविकास तथा शिक्षापछि कक्षा १ देखि कक्षा ८ सम्म गरी जम्मा आठ वर्षको आधारभूत शिक्षा कायम गरिएको छ भने कक्षा कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको शिक्षालाई माध्यमिक शिक्षा कायम गरिएको छ । माध्यमिक शिक्षा साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक गरी तीन प्रकारको हुने छ । माध्यमिक शिक्षाको प्राविधिक तथा व्यावसायिक धारतर्फ थप एक वर्ष अवधिको व्यावहारिक अभ्यास समेटिने छ । बालमनोविज्ञान, सिकारुको उमेर तथा सिकाइ क्षमतास्तरका आधारमा विद्यालय शिक्षाको तहगत र कक्षागत खाका देहायबमोजिम हुने छ :

| **विद्यालयको तह** | **कक्षा** | **उमेर समूह** | **सिकाइ क्षमतास्तर** |
|---|---|---|---|
| प्रारम्भिक बाल विकास र शिक्षा | प्रारम्भिक बाल विकास र शिक्षा | ४ वर्ष | |
| आधारभूत | कक्षा १- ३ | ५ देखि ७ वर्षसम्म | तह १ |
| | कक्षा ४ - ५ | ८ देखि ९ वर्षसम्म | तह २ |
| | कक्षा ६ - ८ | १० देखि १२ वर्षसम्म | तह ३ |
| माध्यमिक | कक्षा ९ - १० | १३ देखि १४ वर्षसम्म | तह ४ |
| | कक्षा ११ - १२ | १५ देखि १६ वर्षसम्म | तह ५ |

**द्रष्टव्य :**

१. उपर्युक्त खाकाबमोजिम सिकाइ क्षमतास्तरसँग तादाम्य हुने गरी राष्ट्रिय योग्यता प्रारूपमा सिकाइ क्षमता स्तरको तहगत सक्षमता निर्धारण हुने छ ।

२. माध्यमिक तहको प्राविधिक तथा व्यावसायिक धारमा थप एक वर्ष अवधिको व्यावहारिक अभ्यास अनिवार्य हुने छ ।

३. उल्लिखित तालिकामा निर्दिष्ट उमेर समूहले सम्बन्धित वर्षको उमेर पूरा भएको जनाउने छ ।

## ४.४ विद्यालय शिक्षाका सक्षमता

विद्यालय शिक्षाका सक्षमता निम्नलिखित हुने छन् :

### ४.४.१ प्रारम्भिक बालविकास र शिक्षा

चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरिने छ । चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने छ । प्रारम्भिक बालविकास र शिक्षाको मुख्य उद्देश्य विविध किसिमका मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापका माध्यमद्वारा बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउनु र कक्षा १ मा प्रवेशका लागि तयार पार्नु हुने छ । प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम बालबालिकाको उमेरगत विकासात्मक पक्षलाई ध्यान दिई एकीकृत सिद्धान्तअनुसार विकास गरिने छ । यस तहमा बालबालिकाहरूले आफ्नो मातृभाषामा सिक्ने अवसर प्राप्त गर्ने छन् । प्रारम्भिक बालविकास र शिक्षाका सक्षमताहरू निम्नानुसार हुने छन् :

१. सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता
२. पोषणयुक्त खाना र स्वस्थकर बानी विकास
३. वैयक्तिक सुरक्षाका उपायहरू अवलम्बन
४. सरसफाइ र सामाजिक बानी व्यवहारको अवलम्बन
५. सिर्जनात्मक सोचको विकास
६. भाषिक तथा सञ्चार सिपको विकास

### ४.४.२ आधारभूत शिक्षा (कक्षा १ – ८) का सक्षमताहरू

आधारभूत शिक्षाले विद्यार्थीकेन्द्रित शिक्षाका माध्यमद्वारा बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गर्नुपर्छ । यसको मूल उद्देश्य राष्ट्र प्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संवर्धन गर्ने, अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई मानवीय मूल्य र मान्यताअनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्नु हो । यस तहको शिक्षा ग्रहण गरिसकेका बालबालिकाहरू आफ्ना विचार आदानप्रदान एवम् दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान् हुने छन् । आधारभूत शिक्षाका सक्षमता देहायबमोजिम हुने छन् :

१. देशप्रेम र राष्ट्रिय एकताको भावनाबाट ओतप्रोत एवम् लोकतान्त्रिक मूल्य, मान्यता र संस्कारको विकास व्यवहारमा प्रदर्शन
२. भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग
३. सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग
४. तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप एवम अभिवृत्ति विकास र प्रयोग
५. वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग
६. मानवमूल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजग

७. जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध र व्यवस्थापनमा सहयोग
८. शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिप (Life skills) को विकास
९. स्थानीय, आधुनिक पेसा, व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिप (Soft skills) को प्रयोग
१०. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग
११. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्वबन्धुत्व र सहअस्तित्व बोध तथा स्वीकार
१२. दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान

### (क) आधारभूत शिक्षा (कक्षा १–३) का सक्षमताहरू

आधारभूत शिक्षा (कक्षा १-३) को उद्देश्य बालबालिकालाई औपचारिक शिक्षासँग परिचित गराउने र आधारभूत साक्षरता, गणितीय ज्ञान र सिप तथा जीवनोपयोगी सिपहरूका साथै व्यक्तिगत स्वास्थ्य तथा सरसफाइसम्बन्धी बानीको विकास गर्ने अवसर प्रदान गर्ने हुने छ । उनीहरू आफू रहेको प्राकृतिक तथा सामाजिक वातावरणसँग परिचित र सचेत हुने छन् । यस तहको पाठ्यक्रम बालबालिकाको उमेरगत क्षमता एवम् रुचिलाई ध्यान दिई एकीकृत सिद्धान्तअनुसार विकास गरिने छ । आधारभूत शिक्षा (कक्षा १-३) का सक्षमता देहायबमोजिम हुने छन् :

१. आधारभूत भाषिक तथा सञ्चार सिपको विकास र प्रयोग
२. आधारभूत गणितीय अवधारणा र सिपको विकास र प्रयोग
३. अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास
४. विज्ञान, वातावरण, सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञानको विकास
५. शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी र जीवनोपयोगी सिप (Life skills) को विकास
६. कला तथा सौन्दर्यप्रति अभिरुचि र सिर्जनात्मकताको विकास
७. आफ्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास

### (ख) आधारभूत शिक्षा (कक्षा ४–५) का सक्षमताहरू

आधारभूत शिक्षा (कक्षा ४- ५) का सक्षमताहरू निम्नानुसार हुने छन् :

१. देशप्रेमको भावना एवम् लोकतान्त्रिक मूल्य मान्यता र संस्कारको विकास
२. आधारभूत भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक प्रयोग
३. आधारभूत गणितीय अवधारणा र सिपको विकास र प्रयोग
४. नैतिकता, अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक मूल्य मान्यता एवम् चारित्रिक गुणको विकास
५. विज्ञान, वातावरण, सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञान र सिपको विकास
६. शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी, सरसफाइ र जीवनोपयोगी सिप (Life skills) तथा व्यवहारकुशल सिप (Soft Skills) को विकास
७. कला तथा सौन्दर्यप्रति अभिरुचि, सिर्जनात्मक र समालोचनात्मक सिपको विकास

८. आफ्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास

**ग) आधारभूत शिक्षा (कक्षा ६–८) सक्षमताहरू**

आधारभूत शिक्षा (कक्षा ६-८) का सक्षमता देहायबमोजिम हुने छन् :

१. देशप्रेम एवम् राष्ट्रिय एकताको भावनाको विकास
२. लोकतान्त्रिक मूल्य मान्यता र संस्कारको विकास र विविधताप्रति सम्मान
३. भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग
४. सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग
५. तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप र अभिवृत्ति विकास र प्रयोग
६. वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग
७. नैतिकता, अनुशासन, सदाचार, स्वावलम्बन जस्ता सामाजिक र मानवमूल्य, मान्यता एवम् चारित्रिक र नागरिक गुणको विकास
८. जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध एवम् व्यवस्थापनमा सहयोग
९. शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिप (Life skills) विकास
१०. स्थानीय र आधुनिक पेसा, व्यवसाय र प्रविधि र श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिप (Soft skills) को प्रयोग
११. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग
१२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचत भई विविधता, सद्भाव र सहअस्तित्व बोध तथा स्वीकार
१३. दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान

### ४.४.३ माध्यमिक शिक्षा (कक्षा ९–१२) का सक्षमता

ज्ञानको खोजी गरी सिकाइ र वास्तविकताबिच सम्बन्ध स्थापित गर्ने, सिद्धान्त र व्यवहारको समन्वय गर्ने, स्वपरावर्तित हुँदै ज्ञान, सिप र क्षमतालाई अद्यावधिक गर्ने, अधिकार, स्वतन्त्रता र समानताको प्रवर्धन गर्ने, स्वस्थ जीवनको अभ्यास गर्ने, तार्किक विश्लेषण गरी निर्णय गर्ने, वैज्ञानिक विश्लेषणका आधारमा व्यक्ति, समाज र राष्ट्रको दिगो विकासमा सरिक हुने, नैतिक आचरण प्रदर्शन गर्ने, सामाजिक सद्भावप्रति संवेदनशील हुने, पर्यावरणीय सन्तुलनप्रति संवेदनशील हुने, द्वन्द्व व्यवस्थापन गर्दै दिगो शान्तिका लागि प्रतिबद्ध रहने, आधुनिक ज्ञान, सिप, सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, स्वावलम्बी र व्यवसायमुखी सिपको अभ्यास गर्ने, राष्ट्र, राष्ट्रियता र राष्ट्रिय आदर्शको सम्मान गर्ने, समाज स्वीकार्य आचरण र कार्य संस्कृतिको अवलम्बन गर्ने, सहिष्णुभाव राख्ने, सिर्जनशील, कल्पनाशील, उद्यमशील एवम् उच्च सोच र आदर्शमा आधारित व्यवहार गर्ने, समसामयिक चुनौतीहरूको सफल व्यवस्थापन गर्नेलगायतका विशेषताले युक्त स्वावलम्बी, देशभक्त, परिवर्तनमुखी, चिन्तनशील एवम् समावेशी समाज निर्माणमा योगदान गर्न सक्ने सक्षम नागरिक

तयार गर्नु माध्यमिक शिक्षाको मार्गदर्शन हो । यसका लागि माध्यमिक तहका विद्यार्थीमा निम्नानुसारका सक्षमता विकासको अपेक्षा गरिएको छ :

१. मानवीय मूल्य, मान्यता र लोकतान्त्रिक संस्कार अवलम्बन गर्दै राष्ट्र र राष्ट्रियताको प्रवर्धनका लागि सचेत नागरिकको जिम्मेवारी वहन
२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, सद्भाव र सहअस्तित्वलाई आत्मसात् गर्दै सभ्य, सुसंस्कृत र समतामूलक समाज निर्माणका लागि भूमिका निर्वाह
३. दैनिक क्रियाकलापका साथै प्राज्ञिक क्षेत्रमा आत्मविश्वासका साथ उपयुक्त, सिर्जनात्मक र सान्दर्भिक रूपमा भाषिक सिपको प्रयोग
४. प्रभावकारी सिकाइ, रचनात्मक र विश्लेषणात्मक सोच तथा सामाजिक सम्पर्क र सञ्चारबाट विचारहरूको आदान प्रदान
५. व्यक्तिगत विकास र आवश्यकताको परिपूर्तिका लागि सिकाइप्रति सकारात्मक सोचको विकास तथा स्वअध्ययन एवम् ज्ञान र सिपको खोजी गर्ने बानीको विकास
६. गणितीय समस्या समाधानमा गणितीय अवधारणा, सिद्धान्त तथा तार्किक सिपको प्रयोग
७. व्यावहारिक गणितीय ज्ञान र सिपको बोध र प्रयोग
८. व्यावहारिक वैज्ञानिक ज्ञान, तथ्य, सिद्धान्त र प्रविधिको समुचित प्रयोग
९. जीवनजगत् र व्यवहारसँगको तादात्म्य बोध गरी जीवनोपयोगी सिप (Life skills) को प्रयोग गर्दै समाजसापेक्ष व्यवहार प्रदर्शन
१०. स्वास्थ्यप्रतिको सचेततासहित वातावरण संरक्षण र संवर्धन तथा जनसङ्ख्या व्यवस्थापनमा सक्रिय सहभागिता
११. प्राकृतिक तथा सामाजिक घटनाको विश्लेषण, तिनको कारण र असर बोध तथा सकारात्मक व्यवहार प्रदर्शन
१२. वैज्ञानिक खोज तथा अनुसन्धान गर्न आवश्यक प्रक्रियागत सिपहरू हासिल गरी आधुनिक प्रविधिहरूको दैनिक जीवनमा प्रयोग
१३. श्रमप्रति सम्मान गर्दै कामको संसारमा आत्मविश्वाससाथ तयारी
१४. प्राविधिक ज्ञान, सिप, प्रवृत्ति तथा पेसागत र व्यवस्थापकीय क्षमताको विकास र प्रयोग
१५. उच्च तहमा अध्ययनको आधार विकास

**(क) माध्यमिक शिक्षा (कक्षा ९– १०) का सक्षमताहरू**

माध्यमिक शिक्षा (कक्षा ९-१०) का सक्षमताहरू निम्नानुसार हुने छन् :

१. मानवीय मूल्य, मान्यता र लोकतान्त्रिक संस्कार अवलम्बन गर्दै राष्ट्र र राष्ट्रियताको प्रवर्धनका लगि सचेत नागरिकको जिम्मेवारी वहन
२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परचित भई विविधता, सद्भाव र सहअस्तित्वलाई आत्मसात् गर्दै सभ्य, सुसंस्कृत र समतामूलक समाज निर्माणका लागि भूमिका निर्वाह
३. दैनिक क्रियाकलापमा आत्मविश्वासका साथ उपयुक्त र सान्दर्भिक रूपमा भाषिक सिपको प्रयोग
४. प्रभावकारी सिकाइ, रचनात्मक र विश्लेषणात्मक सोच तथा सामाजिक सम्पर्क र सञ्चारबाट विचारहरूको आदान प्रदान
५. गणितीय समस्या समाधानमा गणितीय अवधारणा, सिद्धान्त तथा तार्किक सिपको प्रयोग
६. जीवनजगत् र व्यवहारसँगको तादात्म्य बोध गरी जीवनोपयोगी सिप (Life skills) को

प्रयोग गर्दै समाज सापेक्ष व्यवहार

७. स्वास्थ्यप्रतिको सचेततासहित वातावरण संरक्षण र संवर्धन तथा जनसङ्ख्या व्यवस्थापनमा सक्रिय सहभागिता

८. प्राकृतिक तथा सामाजिक घटनाको विश्लेषण, तिनको असर बोध तथा सकारात्मक व्यवहार प्रदर्शन

९. वैज्ञानिक खोज तथा अनुसन्धान गर्न आवश्यक प्रक्रियागत सिपहरू हासिल गरी आधुनिक प्रविधिहरूको दैनिक जीवनमा प्रयोग

१०. श्रमप्रति सम्मान गर्दै कामको संसारको तयारी

११. प्राविधिक ज्ञान, सिप, प्रवृत्ति तथा पेसागत र व्यवस्थापकीय क्षमताको विकास र प्रयोग

**(ख) माध्यमिक शिक्षा (कक्षा ११–१२) का सक्षमताहरू**

माध्यमिक शिक्षा (कक्षा ११-१२) का सक्षमताहरू निम्नानुसार हुने छन् :

१. मानवीय मूल्य, मान्यता र लोकतान्त्रिक संस्कार अवलम्बन गर्दै राष्ट्र र राष्ट्रियताको प्रवर्धनका लागि सचेत नागरिकको जिम्मेवारी वहन

२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, सद्भाव र सहअस्तित्वलाई आत्मसात् गर्दै सभ्य सुसंस्कृत र समतामूलक समाज निर्माणका लागि भूमिका निर्वाह

३. दैनिक क्रियाकलापका साथै प्राज्ञिक क्षेत्रमा आत्मविश्वासका साथ उपयुक्त, सिर्जनात्मक र सान्दर्भिक रूपमा भाषिक एवम् सञ्चार सिपको प्रयोग

४. व्यक्तिगत विकास र आवश्यकताको परिपूर्तिका लागि सिकाइप्रति सकारात्मक सोचको विकास तथा स्वअध्ययन एवम् ज्ञान र सिपको खोजी गर्ने बानीको विकास

५. जीवन, जीविका र वृत्ति एवम् सामाजिक सांस्कृतिक व्यवहारसँग तादात्म्य बोध गरी जीवनोपयोगी सिप (Life skills) को विकास

६. स्वस्थ्य जीवनशैलीको अवलम्बन एवम् वातावरण संरक्षण र दिगो विकासका लागि भूमिका निर्वाह

७. प्राकृतिक तथा सामाजिक घटनाको विश्लेषण, तिनको कारण र असर बोध तथा सकारात्मक व्यवहार प्रदर्शन

८. श्रमप्रति सम्मान गर्दै कामको संसारमा आत्मविश्वासको साथ प्रवेश

९. प्राविधिक ज्ञान, सिप, प्रवृत्ति तथा पेसागत र व्यवस्थापकीय क्षमताको विकास र प्रयोग

१०. उच्च तहमा अध्ययनको लागि विषयगत/विधागत आधार विकास

## ४.५ विद्यालय शिक्षाको पाठ्यक्रम संरचना

विद्यालय शिक्षाको पाठ्यक्रम संरचना निम्नानुसार प्रस्तुत गरिएको छ :

### ४.५.१ प्रारम्भिक बालविकास र शिक्षा

प्रारम्भिक बालविकास र शिक्षा पाठ्यक्रमको मुख्य लक्ष्य बालबालिकाको सर्वाङ्गीण विकास गर्नु र उनीहरूलाई सिकाइप्रति प्रेरित गरी सिकाइका लागि आधारशिला खडा गर्नु हुने छ । प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम बालबालिकाको उमेरगत विकासात्मक पक्षलाई ध्यान दिई

एकीकृत सिद्धान्तअनुसार विकास गरिने छ । प्रारम्भिक उमेर समूहका बालबालिकामा विकासात्मक उपलब्धिहरू हासिल गर्न देहायबमोजिमको पाठ्यक्रमको ढाँचा अवलम्बन गरिने छ :

| **क्र.स.** | **सिपका क्षेत्रहरू** | **सिपहरू** | **वार्षिक समय (घण्टामा)** |
|---|---|---|---|
| १. | **आधारभूत सिप सिकाइका क्षेत्र** | (क) शारीरिक सिप<br>(ख) संवेगात्मक सिप<br>(ग) सामाजिक, सांस्कृतिक र नैतिक सिप<br>(घ) बौद्धिक तथा मानसिक सिप<br>(ङ) स्वास्थ्य, पोषण, सुरक्षा र वातावरण सिप<br>(च) सिर्जनात्मक सिप | ३८४ |
| २. | **विषयगत सिप सिकाइका क्षेत्र** | (क) भाषिक सिप<br>(ख) पूर्वगणितीय सिप<br>(ग) दृश्यकला, कार्यतरिका र सिर्जनशीलता<br>(घ) वरपरको वातावरण<br>(ङ) सामाजिक सिप | १९२ |
| **जम्मा** | | | ५७६ |

*द्रष्टव्य :*

१. उपर्युक्त तालिकाबाहेक मनोरञ्जन क्रियाकलाप, बाह्य खेल र आराम गर्ने समय कम्तीमा दैनिक एक घण्टाका दरले वर्षभरिमा २५६ घण्टा वार्षिक समय थप हुने छ ।

### ४.५.२ आधारभूत शिक्षा

आधारभूत शिक्षाको कक्षा १ देखि कक्षा ८ सम्मको पाठ्यक्रम संरचना निम्नानुसार हुने छन् :

(क) आधारभूत शिक्षा (कक्षा १-३)
(ख) आधारभूत शिक्षा (कक्षा ४-५)
(ग) आधारभूत शिक्षा (कक्षा ६-८)

**(क) आधारभूत शिक्षा (कक्षा १–३)**

आधारभूत शिक्षा (कक्षा १-३) मा एकीकृत स्वरूपको पाठ्यक्रम हुने छ । सिकाइका क्षेत्रहरू (Themes) पहिचान गरी विषय र सिकाइका क्षेत्रका आधारमा बहुविषयात्मक (Multidisciplinary) तथा अन्तरविषयगत (Interdisciplinary) ढाँचामा पाठ्यक्रम आधारित गरिने छ । यसअनुसार एकीकृत विषयक्षेत्रहरूले समेट्न नसकेका सिकाइ उपलब्धिहरूलाई समेट्ने गरी विषयगत सिकाइ क्षेत्रहरूसमेत रहन सक्ने छन् । भाषागत विषयसँग सम्बन्धित विषयक्षेत्रहरू पठनपाठन सम्बन्धित भाषामा नै गर्नुपर्ने छ । यस्तो पाठ्यक्रम क्रियाकलापमुखी हुने छ । यसले विद्यार्थीहरूमा विषयवस्तुको ज्ञानका साथै विभिन्न किसिमका सिपको विकासमा जोड दिने छ । यस तहमा बालबालिकाहरूले आफ्नो मातृभाषामा सिक्ने अवसर प्राप्त गर्ने छन् । आधारभूत तह (कक्षा १-३) मा

विद्यार्थीहरूलाई भाषा, गणित, विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा, सामाजिक अध्ययन, सिर्जनात्मक कला, मातृभाषा तथा स्थानीय विषयका सिकाइ क्षेत्रहरू प्रदान गरिने छ । एकीकृत सिद्धान्तअनुसार विषयसम्बन्धी क्रियाकलाप, पाठ्यघण्टा (Credit hour) र वार्षिक कार्यघण्टा निम्नानुसार हुने छन् :

| **क्र.स.** | **विषयसम्बन्धी क्रियाकलाप** | **पाठ्यघण्टा (Credit hour)** | **वार्षिक कार्यघण्टा** |
|---|---|---|---|
| १. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ |
| ३. | गणितीय सिप विकाससम्बन्धी क्रियाकलाप(गणित) | ४ | १२८ |
| ४ | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा, सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप (सेरोफेरो) | ८ | २५६ |
| ५. | मातृभाषिक सिप वा स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप वा दुवै | ५ | १६० |
| | **जम्मा** | **२६** | **८३२** |

*द्रष्टव्य :*

1= पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई एक पाठ्यघण्टा (Credit hour) मानिएको छ ।

2= भाषिक सिपअन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ सिपको विकास, शब्दभण्डार, आधारभूत सञ्चार सिप, अभिव्यक्ति सिपको विकास जस्ता पक्षहरूमा ध्यान दिनुपर्ने छ । गणितीय सिपअन्तर्गत सङ्ख्या र अङ्कको अवधारणाका साथै व्यावहारिक गणितीय ज्ञान तथा व्यावहारिक सिपको विकास र प्रयोगमा ध्यान दिनुपर्ने छ ।

3= विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षासम्बन्धी क्रियाकलापहरूअन्तर्गत वैज्ञानिक सोच तथा सिपको प्रयोग, विज्ञान, वातावरण, स्थानीय पर्यावरण, स्वास्थ्य र शारीरिक शिक्षा, प्रविधि आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरूसँग सम्बन्धित क्रियाकलापहरू समावेश गरिने छ ।

4= सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलापअन्तर्गत सामाजिक मूल्य र मान्यता, चारित्रिक विकास, सिर्जनात्मकता, कला र संस्कृति, जीवन उपयोगी सिप तथा सूचना र सञ्चार प्रविधि आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरूसँग सम्बन्धित क्रियाकलाप समावेश गरिने छ ।

5= मातृभाषिक सिप र स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप दुवै राख्न चाहेमा स्थानीय आवश्यकता तथा उपलब्ध स्रोत साधनका आधारमा पाठ्यघण्टा विभाजन गरी पठनपाठन गराउन सकिने छ । स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप र संस्कृत भाषा पर्ने छन् । सिर्जनात्मक सिप विकाससम्बन्धी क्रियाकलापमा अन्य विषय क्षेत्रका क्रियाकलापहरूसँग पनि सम्बन्धित गराइनुपर्छ । स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय विज्ञ, अभिभावक तथा स्थानीय तहको सहयोग र समन्वयमा विकास गरी कार्यान्वयनमा ल्याउने छ । संस्कृत, गुरुकुल, गुम्बा/विहार, मदर्सा, मुन्धुम जस्ता परम्परागत शिक्षा पद्धतिका हकमा नेपाली र सामाजिक विषयबाहेक अन्य विषयहरू परम्परागत शिक्षा पद्धतिअनुसार अनुकूलन र विकास गरी कार्यान्वयन गरिने छ ।

6= संस्कृत तथा परम्परागत शिक्षाको प्रारम्भिक शिक्षा (कक्षा १-३) लाई एकीकृत सिद्धान्तअनुरूप साधारण शिक्षाकै समकक्षी शिक्षा प्रदान गरिने छ । सामाजिक अध्ययन तथा सिर्जनात्मक कला विषयसँग सम्बन्धित विषयक्षेत्रलाई आवश्यकताका आधारमा थपघट गरी यस शिक्षाका पाठ्यसामग्रीलाई सन्दर्भ र औचित्यका आधारमा अनुकूलन गरिने छ । यस शिक्षामा मातृभाषाका सट्टामा सम्बन्धित भाषा (संस्कृत रचना, भोट भाषा, अरेबिक र उर्दू भाषा, लिम्बू भाषा आदि) का पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयन गरिने छ ।

## (ख) आधारभूत शिक्षा (कक्षा ४-५)

आधारभूत शिक्षा (कक्षा ४-५) मा विद्यार्थीहरूलाई भाषा, गणित, विज्ञान तथा प्रविधि, सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा, स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला, मातृभाषा तथा स्थानीय विषयका सिकाइ क्षेत्रहरू प्रदान गरिने छ । यस तहको पाठ्यक्रम धेरै बोझिलो नहुने गरी विकास गरिने छ । यस तहमा बालबालिकाहरूले आफ्नो मातृभाषामा सिक्ने अवसर प्राप्त गर्ने छन् । यस तहमा रहने विषय पाठ्यघण्टा (क्रेडिट आवर) र वार्षिक कार्यघण्टा निम्नानुसार हुने छन् :

| **क्र.स.** | **विषय** | **पाठ्यघण्टा** (Credit hour) | **वार्षिक कार्यघण्टा** |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७. | मातृभाषा वा स्थानीय विषय वा दुवै | ४ | १२८ |
| | **जम्मा** | **३२** | **१०२४** |

*द्रष्टव्य :*

1= भाषिक विषयअन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ सिपको विकास, शब्दभण्डार, आधारभूत सञ्चार सिप, अभिव्यक्ति सिपको विकास जस्ता पक्षहरूमा ध्यान दिनुपर्दछ । गणितअन्तर्गत सङ्ख्या र अङ्कको अवधारणाका साथै व्यावहारिक गणितीय ज्ञान तथा व्यावहारिक सिपको विकास र प्रयोगमा ध्यान दिनुपर्दछ । विज्ञान तथा प्रविधि शिक्षासम्बन्धी क्रियाकलापहरूअन्तर्गत वैज्ञानिक सोच तथा सिपको प्रयोग, विज्ञान, वातावरण, स्थानीय पर्यावरण, सूचना र सञ्चार प्रविधि आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरू समावेश गरिने छ । सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षाअन्तर्गत सामाजिक मूल्य र मान्यता, चारित्रिक विकास, कला र संस्कृति, जीवनोपयोगी सिप, नागरिक चेतना आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरू समावेश गरिने छ । स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कलाअन्तर्गत शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी, सरसफाइ र जीवनोपयोगी सिप, सिर्जनात्मकता आदिसँग सम्बन्धित विषयवस्तुहरू समावेश गरिने छ । सिर्जनात्मक सिप विकाससम्बन्धी क्रियाकलापलाई अन्य विषय क्षेत्रका क्रियाकलापहरूसँग पनि सम्बन्धित गराउनुपर्दछ । मातृभाषा र स्थानीय विषय दुवै राख्न चाहेमा स्थानीय आवश्यकता तथा उपलब्ध स्रोत साधनका आधारमा पाठ्यघण्टा विभाजन गरी पठनपाठन गराउन सकिनेछ । स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय ज्ञान, सिप, कला, संस्कृति र प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप र संस्कृत भाषा पर्ने छन् । स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय तहको सहयोग र समन्वयमा स्थानीय विज्ञ, अभिभावकको संलग्नतामा विकास गरी कार्यान्वयनमा ल्याउने छ ।

2= संस्कृत तथा परम्परागत शिक्षाआतर्गत आधारभूत शिक्षा (कक्षा ४-५) लाई साधारण शिक्षाकै समकक्षी शिक्षा प्रदान गरिने छ । सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा विषयसँग सम्बन्धित विषयक्षेत्रलाई आवश्यकताका आधारमा थपघट गरी यस शिक्षाका पाठ्यसामग्रीलाई सन्दर्भ र औचित्यताका आधारमा अनुकूलन गरिने छ । मातृभाषाका सट्टामा सम्बन्धित भाषा (संस्कृत रचना, भोट भाषा, अरेबिक र उर्दू भाषा, लिम्बू भाषा) का पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयन गरिने छ ।

३. गुरुकुल शिक्षातर्फ स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयका सट्टामा वेद वा नीतिशास्त्र वा मानवमूल्य शिक्षा विषय अध्ययन अध्यापन गर्न सकिने छ । मदर्सा शिक्षातर्फ स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयका सट्टामा दिनियात विषय अध्ययन अध्यापन गर्न सकिने छ ।

### (ग) आधारभूत शिक्षा (कक्षा ६–८)

आधारभूत शिक्षा (कक्षा ६–८) मा विद्यार्थीहरूलाई भाषा, गणित, विज्ञान तथा प्रविधि, सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा, स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला, मातृभाषा तथा स्थानीय विषयका सिकाइ क्षेत्रहरू प्रदान गरिने छ । स्थानीय आवश्यकतामा आधारित अध्ययनअन्तर्गत विद्यार्थीहरूलाई मातृभाषा वा स्थानीय कला, संस्कृति, सिप इत्यादिमा आधारित विषयवस्तु समावेश गर्न सकिने छ । साधारण जीवनका लागि आवश्यक अन्तरवैयक्तिक सिपहरू, स्वसचेतना सिपहरू, समालोचनात्मक तथा सिर्जनात्मक सोचाइका सिपहरू, निर्णय गर्ने सिपहरू, सूचना प्रविधिसम्बन्धी सिपहरू र द्वन्द्व तथा तनाव व्यवस्थापनसम्बन्धी सिपहरू एकीकृत गरी पाठ्यक्रम विकास गरिने छ । यसप्रकार व्यवस्थित हुने पाठ्यक्रमको विषयगत संरचना निम्नानुसार हुने छ :

#### (क) साधारण शिक्षा (कक्षा ६–८)

| **क्र.स.** | **विषय** | **पाठ्यघण्टा (Credit hour)** | **वार्षिक कार्यघण्टा** |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन र मानवमूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य तथा शारीरिक शिक्षा | ३ | ९६ |
| ७. | मातृ भाषा/स्थानीय विषय/संस्कृत भाषा | ४ | १२८ |
| | **जम्मा** | **३२** | **१०२४** |

*द्रष्टव्य* : स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय कला, संस्कृति, ज्ञान, सिप, प्रविधि, पेसा तथा व्यवसाय अभिमुखीकरणसम्बन्धी विषयवस्तुसमेत समेट्न सकिने छ ।

#### (ख) संस्कृत/गुरुकुल/वेद विद्याश्रम शिक्षा (कक्षा ६–८)

| **क्र. स.** | **विषय** | **पाठ्यघण्टा** (Credit hour) | **वार्षिक कार्यघण्टा** |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी/संस्कृत रचना | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि / वेद | ५ | १६० |

| | | | |
|---|---|---|---|
| ५. | सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा/कर्मकाण्ड | ५ | १६० |
| ६. | संस्कृत व्याकरण / नीति शास्त्र | ४ | १२८ |
| ७. | संस्कृत भाषा | ३ | ९६ |
| **जम्मा** | | **३२** | **१०२४** |

*द्रष्टव्य* : सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा विषयलाई संस्कृत शिक्षा विषयको विषयवस्तुलाई समेत अनुकूलन गरी सम्बन्धित भाषामा नै पठनपाठन गर्न सकिने छ ।

**(ग) गोन्पा तथा विहार/मदर्सा शिक्षा (कक्षा ६-८)**

| **क्र. स.** | **विषय** | **पाठ्यघण्टा** (Credit hour) | **वार्षिक कार्यघण्टा** |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि वा बौद्ध दर्शन वा दिनियात | ५ | १६० |
| ५. | सामाजिक अध्ययन र मानवमूल्य शिक्षा | ५ | १६० |
| ६. | भोट भाषा वा पाली भाषा वा संस्कृत वा अन्य भाषा | ४ | १२८ |
| | उर्दू भाषा | | |
| ७. | स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य | ३ | ९६ |
| | आचार शिक्षा (दिनियात)/कुरान (अरबिक) | | |
| **जम्मा** | | **३२** | **१०२४** |

*द्रष्टव्य* : सामाजिक अध्ययन विषयलाई सम्बन्धित परम्परागत शिक्षा विषयको विषयवस्तुलाई समेत अनुकूलन गरी सम्बन्धित भाषामा नै पठनपाठन गर्न सकिने छ ।

### ४.५.३ माध्यमिक शिक्षा

विद्यालय शिक्षामा कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक शिक्षा कायम गरिएको छ । माध्यमिक शिक्षालाई साधारण, प्राविधिक तथा व्यावसायिक र परम्परागत गरी तीन प्रकारमा वर्गीकरण गरिएको छ । गुरुकुल, गोन्पा विहार, मदर्सा, मुन्धुमलगायतका परम्परागत शिक्षा पद्धतिलाई माध्यमिक शिक्षामा समेटिएको छ । माध्यमिक शिक्षाको पाठ्यक्रम संरचना एकलपथको हुने छ । कक्षा ९ र १० को साधारण धारतर्फ प्रत्येक कक्षामा नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान तथा प्रविधि र

सामाजिक अध्ययन गरी पाँचओटा अनिवार्य विषयहरू र दुईओटा ऐच्छिक विषयहरू रहने छन् । यसै गरी कक्षा ११ र १२ को साधारण शिक्षातर्फ अनिवार्य विषयका रूपमा नेपाली, अङ्ग्रेजी र सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा÷गणितलाई कक्षा ११ र १२ मा समावेश गरिएको छ भने कक्षा ११ र १२ प्रत्येकमा ऐच्छिक विषय तीन तीनओटा समावेश गरिएको छ । यसका अतिरिक्त कक्षा ११ र १२ मा अतिरिक्त ऐच्छिक विषयका रूपमा थप एक विषय समावेश गर्न सकिने छ । माध्यमिक शिक्षा कक्षा ९-१० र ११-१२ को पाठ्यक्रम संरचना निम्नानुसार हुने छ :

## (क) साधारण शिक्षा

### (अ) माध्यमिक शिक्षा (कक्षा ९- १०)

| क्र. स. | विषय | पाठ्य घण्टा (Credit hour) | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन | ४ | १२८ |
| ६. | ऐच्छिक प्र | ४ | १२८ |
| ७. | ऐच्छिक द्वितीय | ४ | १२८ |
| **जम्मा** | | **३२** | **१०२४** |

*द्रष्टव्य* : ऐच्छिक दुई विषयहरूको छनोट विद्यार्थीको रुचि, आवश्यकता, उपलब्ध शिक्षक तथा स्रोतसाधनका आधारमा स्थानीय सरकारको समन्वय र सहजीकरणमा विद्यालयले गर्ने छ । यसरी विषय छनोट गर्दा ऐच्छिक पहिलो, दोस्रो र तेस्रो समूहमध्ये कुनै दुई समूहबाट एक एक विषय पर्ने गरी जम्मा दुई विषय छनोट गर्नुपर्ने छ ।

### (आ) माध्यमिक शिक्षा (कक्षा ११ - १२)

| क्र सं | विषय | कक्षा ११ | | कक्षा १२ | |
|---|---|---|---|---|---|
| | | पाठ्यघण्टा (Credit hour) | वार्षिक कार्यघण्टा | पाठ्यघण्टा (Credit hour) | वार्षिक कार्यघण्टा |
| १. | नेपाली | ३ | ९६ | ३ | ९६ |
| २. | अङ्ग्रेजी | ४ | १२८ | ४ | १२८ |
| ३. | सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा/गणित | ५ | १६० | ५ | १६० |
| ४ | ऐच्छिक प्रथम | ५ | १६० | ५ | १६० |
| ५ | ऐच्छिक द्वितीय | ५ | १६० | ५ | १६० |
| ६ | ऐच्छिक तृतीय | ५ | १६० | ५ | १६० |

| | | | | | |
|---|---|---|---|---|---|
| जम्मा | | २७ | ८६४ | २७ | ८६४ |
| ७ | थप ऐच्छिक | ५ | १६० | ५ | १६० |

*द्रष्टव्य* :

1= विद्यार्थीले कक्षा ११ र १२ प्रत्येक कक्षामा ५ पाठ्यघण्टाको थप ऐच्छिक एक विषय अध्ययन गर्न सक्ने छन् ।

2= ऐच्छिक तीन विषयहरूको छनोट विद्यार्थीको रुचि, आवश्यकता, उपलब्ध शिक्षक तथा स्रोतसाधनका आधारमा स्थानीय सरकारको समन्वय र सहजीकरणमा विद्यालयले गर्ने छ । यसरी विषय छनोट गर्दा ऐच्छिक पहिलो, दोस्रो, तेस्रो, चौथो र पाँचौँ समूहमध्ये कुनै तीन समूहबाट एक एक विषय पर्ने गरी जम्मा तीन विषय छनोट गर्नुपर्ने छ । विद्यार्थीले बाँकी रहेको ऐच्छिक समूहबाट कक्षा ११ र १२ प्रत्येकमा एक विषय थप ऐच्छिकका रूपमा अध्ययन गर्न सक्ने छन् । ऐच्छिक विषय छनोट गर्दा कक्षा ११ मा अध्ययन गरेको विषय वा सो विषयसँग सम्बन्धित विषय कक्षा १२ मा नभएमा सोही समूहबाट सट्टामा तोकिएको विषय लिनुपर्ने छ ।

3= विदेशी विद्यार्थीले कक्षा ११ र १२ मा नेपालका विद्यालयमा अध्ययन गर्न चाहेको अवस्थामा अनिवार्य नेपाली विषयको सट्टामा ऐच्छिक समूहमा रहेको अङ्ग्रेजी विषय पढ्न पाउने तथा ऐच्छिकमा उक्त विषयबाहेक अन्य कुनै एक विषय छनोट गरी पढ्न सक्ने छन् ।

## (ख) प्राविधिक तथा व्यावसायिक शिक्षा

### (अ) माध्यमिक शिक्षा (कक्षा ९- १०)

| **क्र. स.** | **विषय** | **पाठ्यघण्टा** (Credit hour) | **वार्षिक कार्यघण्टा** |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन÷ऐ.गणित | ४ | १२८ |
| ६. | विधागत विषय प्रथम | ४ | १२८ |
| ७. | विधागत विषय द्वितीय | ४ | १२८ |
| ८. | विधागत विषय तृतीय | ४ | १२८ |
| ९. | विधागत विषय चतुर्थ | ४ | १२८ |
| | **जम्मा** | **४०** | **१२८०** |

*द्रष्टव्य* : १.प्राविधिक तथा व्यावसायिक धारमा समावेश गरिएका विधागत विषयहरूको सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा ५० प्रतिशत कार्यघण्टा सैद्धान्तिक र ५० प्रतिशत कार्यघण्टा प्रयोगात्मक, व्यावहारिक र कार्यथलो अभ्यासमा आधारित हुनुपर्ने छ ।

२. यसरी विषयगत पाठ्यघण्टा मिलान गरी सामाजिक अध्ययन÷ ऐ.गणितमध्ये विद्यार्थीको चाहना र विषयगत आवश्यकतानुसार कुनै एक विषय अध्ययन गर्न सकिने छ ।

### (आ) माध्यमिक शिक्षा कक्षा ११- १२

| क्र. स. | विषय | **पाठ्यघण्टा** (Credit hour) | **वार्षिक कार्यघण्टा** |
|---|---|---|---|
| १. | अङ्ग्रेजी | ४ | १२८ |
| २. | नेपाली ⁄ सामाजिक अध्ययन | ३ | ९६ |
| ३. | प्राज्ञिक विषय प्रथम | ३ | ९६ |
| ४. | प्राज्ञिक विषय द्वितीय | ३ | ९६ |
| ५. | प्राज्ञिक विषय तृतीय | ३ | ९६ |
| ६. | विधागत विषय प्रथम | ४ | १२८ |
| ७. | विधागत विषय द्वितीय | ४ | १२८ |
| ८. | विधागत विषय तृतीय | ४ | १२८ |
| ९. | विधागत विषय चतुर्थ | ४ | १२८ |
| **जम्मा** | | **३२** | **१०२४** |

*द्रष्टव्य :*

१. कक्षा ११ मा नेपाली  र कक्षा १२ मा सामाजिक अध्ययन तीन तीन पाठ्यघण्टाको हुने छ ।
२. प्राज्ञिक विषयतर्फको पाठ्यक्रम प्राविधिक तथा व्यावसायिक शिक्षासँग सामीप्य हुने गरी विकास गरिने छ । विधागत विषयहरू अनुसूची ४ मा दिइएअनुसार हुने छ ।
३. प्राविधिक तथा व्यावसायिक शिक्षा कक्षा ९-१० मा ४० पाठ्यघण्टा अर्थात् १२८० कार्यघण्टा र कक्षा ११-१२ मा ३२ पाठ्यघण्टा अर्थात् १०२४ कार्यघण्टा बराबरको कार्यथलोमा आधारित व्यावहारिक अभ्यास हुने छ ।
४. प्राविधिक तथा व्यावसायिक धारमा समावेश गरिएका विधागत विषयहरूको सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा ५० प्रतिशत कार्यघण्टा सैद्धान्तिक र ५० प्रतिशत कार्यघण्टा प्रयोगात्मक, व्यावहारिक र कार्यथलो अभ्यासमा आधारित हुनुपर्ने छ ।

### (ग) परम्परागत शिक्षा : संस्कृत ⁄ वेद विद्याश्रम ⁄ गुरुकुल शिक्षा

### (अ) माध्यमिक शिक्षा (कक्षा ९- १०)

| **क्र. स.** | **विषय** | **पाठ्यघण्टा** (Credit hour) | **वार्षिक कार्यघण्टा** |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी/संस्कृत रचना | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि/वेद/नीतिशास्त्र | ५ | १६० |
| ५. | संस्कृत भाषा तथा व्याकरण | ४ | १२८ |
| ६. | ऐच्छिक प्रथम | ४ | १२८ |
| ७. | ऐच्छिक द्वितीय | ४ | १२८ |
| | **जम्मा** | **३२** | **१०२४** |

***द्रष्टव्य :***

१. वेद भन्नाले शुक्लयजुर्वेद वा सामवेद वा ऋग्वेद वा अथर्ववेदमध्ये कुनै एक विषय छनोट गर्नुपर्ने छ ।

२. ऐच्छिक प्रथम विषयमा कर्मकाण्ड, फलित ज्योतिष, योग शिक्षा, वास्तुशास्त्र, आयुर्वेद, प्राकृतिक चिकित्सा र ऐच्छिक गणित विषयमध्ये एक विषय छनोट गर्नुपर्ने छ ।

३. ऐच्छिक द्वितीय पत्रमा संस्कृतका शास्त्रीय विषयमध्ये कुनै एक विषय छनोट गर्नुपर्ने छ । तर विज्ञान तथा प्रविधि विषयको सट्टामा वेद विषयको छनोट गरेमा ऐच्छिक द्वितीयमा वेद विषय छनोट गर्न पाइने छैन ।

(आ) **माध्यमिक शिक्षा कक्षा ११-१२**

| क्र. सं. | | कक्षा ११ | | कक्षा १२ | |
|---|---|---|---|---|---|
| | विषय | पाठ्यघण्टा (Credit hour) | वार्षिक कार्यघण्टा | पाठ्यघण्टा (Credit hour) | वार्षिक कार्यघण्टा |
| १ | नेपाली | ३ | ९६ | ३ | ९६ |
| २ | अङ्ग्रेजी/संस्कृत रचना | ४ | १२८ | ४ | १२८ |
| ३ | सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा/गणित | ५ | १६० | ५ | १६० |
| ४ | संस्कृत भाषा तथा व्याकरण | ५ | १६० | ५ | १६० |
| ५ | ऐच्छिक प्रथम | ५ | १६० | ५ | १६० |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | ऐच्छिक द्वितीय | ५ | १६० | ५ | १६० |
| **जम्मा** | | **२७** | **८६४** | **२७** | **८६४** |
| ७ | थप ऐच्छिक | ५ | १६० | ५ | १६० |

द्रष्टव्य :

१. उल्लिखित विषय बाहेक कक्षा ११ र १२ प्रत्येक कक्षामा सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षाअन्तर्गत एक पाठ्यघण्टाको सूचना प्रविधिको व्यावहारिक अभ्यास समावेश गरिने छ ।

२. विद्यार्थीले कक्षा ११ र १२ प्रत्येक कक्षामा ५ पाठ्यघण्टाको थप ऐच्छिक विषय एक अध्ययन गर्न सक्नेछन् । थप ऐच्छिक विषयसाधारण धारतर्फका ऐच्छिक समूहबाट छनोट गर्नुपर्ने छ ।

## (घ) परम्परागत शिक्षाः मदर्सा

### (अ) माध्यमिक शिक्षा (कक्षा ९- १०)

| **क्र. स.** | **विषय** | **पाठ्यघण्टा** (Credit hour) | **वार्षिक कार्यघण्टा** |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि वा दिनियात | ५ | १६० |
| ५. | सामाजिक अध्ययन | ४ | १२८ |
| ६. | ऐच्छिक प्रथम | ४ | १२८ |
| ७. | ऐच्छिक द्वितीय | ४ | १२८ |
| **जम्मा** | | **३२** | **१०२४** |

*द्रष्टव्य :*

1= सामाजिक अध्ययन विषयलाई सम्बन्धित परम्परागत शिक्षा विषयको विषयवस्तुलाई समेत अनुकूलन गरी सम्बन्धित भाषामा नै पठनपाठन गर्न सकिने छ ।

2= मदर्सा शिक्षाको ऐच्छिक विषयका रूपमा साधारण शिक्षाको ऐच्छिक विषयका अतिरिक्त अरेबिक भाषा साहित्य र व्याकरण, उर्दू भाषा साहित्य र व्याकरण एवम् दिनियात विषय पठनपाठन गर्न सकिने छ ।

(आ) **माध्यमिक शिक्षा (कक्षा ११- १२)**

| क्र. सं. | विषय | कक्षा ११ | | कक्षा १२ | |
|---|---|---|---|---|---|
| | | पाठ्यघण्टा (Credit hour) | वार्षिक कार्यघण्टा | पाठ्यघण्टा (Credit hour) | वार्षिक कार्यघण्टा |
| १ | नेपाली | ३ | ९६ | ३ | ९६ |
| २ | अङ्ग्रेजी/उर्दू व्याकरण र साहित्य वा अरेबिक शिक्षा | ४ | १२८ | ४ | १२८ |
| ३ | सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा (अनुकूलित) वा गणित | ५ | १६० | ५ | १६० |
| ४ | ऐच्छिक प्रथम (कुरान वा इस्लामिक इतिहास) | ५ | १६० | ५ | १६० |
| ५ | ऐच्छिक द्वितीय (कम्प्युटर/हदिस) | ५ | १६० | ५ | १६० |
| ६ | ऐच्छिक तृतीय (अङ्गेजी, जापानिज, चाइनिज/फिक्ह) | ५ | १६० | ५ | १६० |
| जम्मा | | २७ | ८६४ | २७ | ८६४ |
| ७ | थप ऐच्छिक | ५ | १६० | ५ | १६० |

द्रष्टव्य :

1= इच्छुक विद्यार्थीले कक्षा ११ र १२ प्रत्येक कक्षामा ५ पाठ्यघण्टाको थप ऐच्छिक विषय एक अध्ययन गर्न सक्ने छन्। थप ऐच्छिक विषयसाधारण धारतर्फका ऐच्छिक समूहबाट छनोट गर्नुपर्ने छ।

(ङ) **परम्परागत शिक्षाः गोन्पा तथा विहार**

(अ) **माध्यमिक शिक्षा (कक्षा ९- १०)**

| **क्र. स.** | **विषय** | **पाठ्यघण्टा** (Credit hour) | **वार्षिक कार्यघण्टा** |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |

| | | | |
|---|---|---|---|
| ४. | विज्ञान तथा प्रविधि वा बौद्ध दर्शन | ५ | १६० |
| ५. | सामाजिक अध्ययन | ४ | १२८ |
| ६. | ऐच्छिक प्रथम | ४ | १२८ |
| ७. | ऐच्छिक द्वितीय | ४ | १२८ |
| | **जम्मा** | **३२** | **१०२४** |

*द्रष्टव्य :*

1= सामाजिक अध्ययन विषयलाई सम्बन्धित परम्परागत शिक्षा विषयको विषयवस्तुलाई समेत अनुकूलन गरी सम्बन्धित भाषामा नै पठनपाठन गर्न सकिने छ ।

2= गोन्पा शिक्षाको ऐच्छिक विषयको रूपमा साधारण शिक्षाका ऐच्छिक विषयका अतिरिक्त ऐच्छिक प्रथममा भोट भाषा र ऐच्छिक द्वितीयमा बौद्ध शिक्षा पठनपाठन गर्न सकिने छ । त्यसै गरी विहार शिक्षातर्फ साधारण शिक्षाको ऐच्छिक विषयका अतिरिक्त ऐच्छिक प्रथममा पालि भाषा र ऐच्छिक द्वितीयमा परियती शिक्षा पठन पाठन गर्न सकिने छ ।

**(आ) माध्यमिक शिक्षा (कक्षा ११- १२)**

| क्र.स. | विषय | कक्षा ११ | | कक्षा १२ | |
|---|---|---|---|---|---|
| | | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
| १. | नेपाली | ३ | ९६ | ३ | ९६ |
| २. | अङ्ग्रेजी | ४ | १२८ | ४ | १२८ |
| ३. | सामाजिक अध्ययन तथा जीवनपयोगी शिक्षा वा गणित | ५ | १६० | ५ | १६० |
| ४. | ऐच्छिक प्रथम | ५ | १६० | ५ | १६० |
| ५. | ऐच्छिक द्वितीय | ५ | १६० | ५ | १६० |
| ६. | ऐच्छिक तृतीय | ५ | १६० | ५ | १६० |
| जम्मा | | २७ | ८६४ | २७ | ८६४ |
| ७. | थप ऐच्छिक | ५ | १६० | ५ | १६० |

अनिवार्य विषयहरू नेपाली, अंग्रेजी, सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा वा गणित रहनेछन् । ऐच्छिक विषयअन्तर्गत तीन समूहबाट एक एक विषय गरी तीन विषय अध्ययन गर्नुपर्ने छ। विद्यार्थीहरूले थप विषय अध्ययन गर्न चाहेमा ऐच्छिक चौथो विषयबाट कुनै एक विषय छनोट गरी अध्ययन गर्न सक्ने छन्।

### ४.५.४. विद्यालय शिक्षामा पठनपाठनसम्बन्धी व्यवस्था

आधारभूत र माध्यमिक शिक्षाका सक्षमता हासिल गर्नका लागि आवश्यक पर्ने पठनपाठनको समयावधि, सिकाइ सहजीकरण प्रक्रिया र पठनपाठन हुने विषयको व्यवस्था निम्नानुसार गरिएको छ :

**(क) पठनपाठनको समयावधि**

१. प्रारम्भिक बालविकास र शिक्षाका लागि एक शैक्षिक सत्रमा वार्षिक जम्मा ५७६ घण्टा दैनिक सिप सिकाइ क्रियाकलाप र विषयगत सिप सिकाइ क्रियाकलाप सञ्चालन हुने छ । यसै गरी वार्षिक २५६ घण्टा मनोरञ्जन, बाह्य खेल र आराम गर्ने तथा खाजा खाने समय हुने छ । उक्त समयले बालबालिकाले प्रारम्भिक बालविकास केन्द्रमा बिताउने पूरा अवधिलाई बुझाउँछ ।

२. विद्यालय शिक्षाको सबै कक्षाका लागि एक शैक्षिक वर्षमा कम्तीमा २०५ दिन पठनपाठन सञ्चालन हुने छ ।

३. कक्षा १ देखि ३ सम्म जम्मा २६ पाठ्यघण्टा अर्थात् वार्षिक ८३२ कार्यघण्टाको पठनपाठन गर्नुपर्ने छ ।

४. कक्षा ४ देखि १० सम्म जम्मा ३२ पाठ्यघण्टा अर्थात् वार्षिक १०२४ कार्यघण्टा र कक्षा ११ र १२ मा कम्तीमा २७ पाठ्यघण्टा अर्थात् ८६४ कार्यघण्टादेखि बढीमा ३२ पाठ्यघण्टा अर्थात् १०२४ कार्यघण्टा पठनपाठन गर्नुपर्ने छ ।

५. पठनपाठन सञ्चालनका लागि खर्च भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा मानिने छ ।

६. तोकिएको पाठ्यघण्टा (Credit hour) नघट्ने गरी विद्यालयले विषयको आवश्यकताअनुसार साप्ताहिक कार्यतालिकाको समयावधि निर्धारण गरी कक्षा सञ्चालन गर्नुपर्ने छ । सामान्यतया प्रतिदिन प्रतिविषय एक घण्टाको एक पिरियड हुने छ ।

**(ख) सिकाइ सहजीकरण प्रक्रिया**

१. प्रारम्भिक बालविकासमा पढाइ लेखाइमा भन्दा पनि बालबालिकाहरूको समग्र विकास, स्याहार तथा सुरक्षामा जोड दिनुपर्छ । प्रारम्भिक बालशिक्षाको सिकाइ क्रियाकलाप अनौपचारिक रूपले बालबालिकाको व्यक्तिगत भिन्नता र क्षमताका आधारमा स्वतन्त्र रूपले सिक्ने मौका प्रदान गर्ने किसिमले सञ्चालन गर्नुपर्दछ । बालबालिकाको विविधतालाई ध्यानमा राखेर उनीहरूको सिकाइलाई प्रोत्साहन गर्नुपर्दछ । खेल, गीत, कविता, कथाकथन, प्रदर्शन, श्रव्यदृश्य सामग्रीको प्रदर्शनमार्फत सिकाइका क्रियाकलापहरू सञ्चालन गरिनुपर्दछ । यसका अतिरिक्त अवलोकन, समूहकार्य, परियोजना कार्य, छलफल जस्ता विधिहरूका माध्यमबाट बालबालिकाको सर्वाङ्गीण विकासमा जोड दिनुपर्दछ ।

२. सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधि अपनाई शिक्षणमा भन्दा निरन्तर सिकाइमा जोड दिनुपर्ने छ । सबै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका (अपाङ्गता भएका, अशक्त, असहाय, कमजोर आदि) विद्यार्थीलाई समेट्ने गरी कक्षामा समावेशी सिकाइ सहजीकरण प्रक्रिया अपनाउनुपर्ने छ ।

३. विद्यार्थीको सिकाइलाई केन्द्रबिन्दु मानी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ । विद्यार्थीको सहभागितामा योजना निर्माण, परियोजना कार्य, क्षेत्र भ्रमण, समस्या समाधान, आविष्कारमुखी अध्ययन, प्रवर्तनमुखी शिक्षण पद्धतिलाई सिकाइ सहजीकरण विधिका रूपमा कार्यान्वयन गर्नुपर्ने छ ।
४. सिकाइ प्रक्रिया सैद्धान्तिक पक्षमा भन्दा बढी गरेर सिक्ने अवसर प्रदान गर्ने क्रियाकलापमा आधारित हुनुपर्ने छ ।
५. शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिका निर्वाह गर्नुपर्ने छ ।
६. पठनपाठनमा सूचना तथा सञ्चार प्रविधिलाई उपलब्ध साधन, स्रोत र आवश्यकताअनुसार उपयोग गर्नुपर्ने छ ।
७. सबै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका (अपाङ्गता भएका, अशक्त, असहाय, कमजोर आदि) विद्यार्थीलाई समेट्ने गरी कक्षामा समावेशी सिकाइ सहजीकरण प्रक्रिया अपनाउनुपर्ने छ ।
८. प्राविधिक तथा व्यावसायिक धारका विधागत विषयहरू (Disciplinary Subjects) मा सिकाइ सहजीकरण प्रक्रियाका लागि सामान्यतया ५० प्रतिशत पाठ्यभारको सैद्धान्तिक र ५० प्रतिशत पाठ्यभारको प्रयोगात्मक सिकाइ सहजीकरण क्रियाकलाप हुने छ ।

### (ग) विषय छनोट प्रक्रिया र हेरफेर

१. विद्यालयमा पठनपाठन हुने मातृभाषाको छनोट, पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक विकास तथा कार्यान्वयन स्थानीय तहको समन्वय र सहजीकरणमा विद्यालय वा सम्बन्धित शैक्षिक संस्था आफैँले गर्ने छ ।

२. स्थानीय विषयको हकमा स्थानीय तहका लागि उपयोगी पेसा, व्यवसाय, परम्परा, संस्कृति, रीतिरिवाज, स्थानीय सम्पदा, वातावरण संरक्षण, खेतीपाती, स्थानीय प्रविधि, चाडपर्व, सामाजिक व्यवहार आदि विषयवस्तु स्थानीय तहको समन्वय र सहजीकरणमा विद्यालय आफैँले छनोट गर्न सक्ने छ । यस्ता विषयको पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक विकास तथा कार्यान्वयन स्थानीय तहको परामर्शमा विद्यालय वा सम्बन्धित शैक्षिक संस्था आफैँले गर्ने छ ।

३. माध्यमिक शिक्षा कक्षा ९ देखि १२ का ऐच्छिक विषयहरू र त्यसको समूहीकृत व्यवस्था अनुसूचीमा दिइएको छ । उक्त अनुसूचीमा अद्यावधिक गरी ऐच्छिक विषयहरूको समूह र छनोट गर्नुपर्ने विषय हेरफेर गर्नुपर्ने भएमा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्ले गर्न सक्ने छ ।

४. कक्षा ९ र १० मा ऐच्छिक विषय छनोट गर्दा कक्षा ९ मा छनोट गरिएकै विषय कक्षा १० मा समेत छनोट गर्नुपर्ने छ । कक्षा ११ र १२ को हकमा अनुसूचीमा दिइएबमोजिम कक्षा ११ र १२ मा एकै विषय वा फरक फरक विषय हुन सक्ने छ ।

# परिच्छेद : पाँच

## विद्यार्थी मूल्याङ्कन तथा प्रमाणीकरण

विद्यालय शिक्षाका कक्षाहरूमा निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन, सैद्धान्तिक र प्रयोगात्मक मूल्याङ्कन तथा विद्यालयस्तरीय र सार्वजनिक परीक्षाका आधारमा विद्यार्थीहरूको सिकाइ उपलब्धिको परीक्षण, मूल्याङ्कन र प्रमाणीकरण गर्नुपर्ने छ ।

### ५.१ आधारभूत तहमा विद्यार्थी मूल्याङ्कन

१. आधारभूत तहमा निर्णयात्मक पद्धतिभन्दा बढी निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई सुनिश्चित गर्नुपर्ने छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीहरूको सिकाइस्तरमा सुधार गर्नु हो । यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटक पटक सिकाइ अवसर प्रदान गर्नुपर्ने छ ।

२. विद्यालयले विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई व्यवस्थित गर्न विद्यार्थीको व्यक्तिगत प्रगति विवरण सञ्चय गरी राख्नुपर्ने छ । यसलाई विद्यार्थीको कक्षाकार्य, सिकाइ क्रियाकलापमा सहभागिता, परियोजना कार्य, सिर्जनात्मक कार्य, गृहकार्य, उपलब्धि परीक्षा, हाजिरी, अनुशासन, व्यवहार परिवर्तनको अवलोकन आदिका माध्यमले अद्यावधिक गर्नुपर्ने छ । विद्यार्थीको उपलब्धिका बारेमा आवधिक रूपमा विद्यालयमा छलफल गर्ने व्यवस्था गर्नुपर्ने छ र विद्यार्थीको सिकाइ सुधारका लागि आवश्यक व्यवस्था गर्नुपर्ने छ । प्रत्येक विद्यार्थीको व्यक्तिगत प्रगति विवरण सञ्चित अभिलेख फाइलमा राख्ने व्यवस्था गर्नुपर्ने छ ।

३. आधारभूत शिक्षाको कक्षा १-३ मा पूर्ण रूपमा सिकाइका लागि मूल्याङ्कन पद्धति अवलम्बन गरिने छ । कक्षा ४-८ मा ५० प्रतिशत भारको आन्तरिक मूल्याङ्कन र ५० प्रतिशत भारको बाह्य मूल्याङ्कनका माध्यमले विद्यार्थीको उपलब्धिको लेखाजोखा गर्नुपर्ने छ । सिकाइका लागि मूल्याङ्कन र आन्तारिक मूल्याङ्कनलाई निर्माणात्मक÷ निरन्तर मूल्याङ्कनका रूपमा र बाह्य मूल्याङ्कनलाई सैद्धान्तिक मूल्याङ्कनका रूपमा लिइएको छ ।

४. सिकाइका लागि मूल्याङ्कन र आन्तारिक मूल्याङ्कन पद्धतिमा विद्यार्थीको नियमितता/हाजिरी, कक्षाकार्य/सहभागिता, परियोजना तथा प्रयोगात्मक कार्य, सिर्जनात्मक कार्य, सिकाइ व्यवहारमा आएको परिवर्तन, र उपलब्धि परीक्षा जस्ता पक्षहरूलाई समावेश गरिने छ । यससम्बन्धी थप व्यवस्था विषयगत पाठ्यक्रमको मूल्याङ्कन खण्डमा समावेश गरिने छ । विद्यार्थी मनोविज्ञानलाई दृष्टिगत गरी विद्यार्थी मूल्याङ्कन प्रणालीमा समसामयिक सुधारसमेत गर्दै लगिने छ ।

५. आन्तारिक मूल्याङ्कन पद्धतिअन्तर्गतको उपलब्धि परीक्षा सञ्चालन गर्दा हरेक एकाइ/पाठको पठनपाठनपश्चात् पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धिलाई समेट्ने प्रश्नपत्र निर्माणमा ध्यान दिनुपर्ने छ ।

६. विद्यार्थी मूल्याङ्कन गर्दा शिक्षकले अपाङ्गता भएका र विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्ने छ ।

## ५.२ माध्यमिक तहमा विद्यार्थी मूल्याङ्कन प्रक्रिया

विद्यालय तहमा विद्यार्थी उपलब्धि मूल्याङ्कनका लागि आन्तरिक (निरन्तर/निर्माणात्मक) र बाह्य मूल्याङ्कन प्रक्रियालाई अवलम्बन गर्नुपर्ने छ ।

### १. आन्तरिक÷ निर्माणात्मक मूल्याङ्कन

आन्तरिक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीहरूको सिकाइ स्तरमा सुधार गर्नु हो । यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटक पटक सिकाइ अवसर प्रदान गर्नुपर्ने छ । विद्यालय तहको आन्तरिक मूल्याङ्कनमा कक्षागत सिकाइ सहजीकरणको अभिन्न अङ्गका रूपमा कक्षाकार्य, परियोजना कार्य, सामुदायिक कार्य, अतिरिक्त क्रियाकलाप, प्रयोगात्मक÷ व्यावहारिक अभ्यास, प्रस्तुतीकरण, खोज, इन्टर्नसिप, खेलकुद, गायन, एकाइ परीक्षा, मासिक तथा त्रैमासिक परीक्षा जस्ता मूल्याङ्कनका साधनहरूको प्रयोग गर्न सकिने छ । यस्तो मूल्याङ्कनमा विद्यार्थीको अभिलेख राखी सिकाइ अवस्था यकिन गरी सुधारात्मक तथा उपचारात्मक सिकाइबाट सुधार गर्ने पक्षमा जोड दिइने छ । विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीका लागि विषय शिक्षकले नै उपयुक्त प्रक्रिया अपनाई मूल्याङ्कन गर्नुपर्ने छ ।

### २. निर्णयात्मक मूल्याङ्कन

माध्यमिक तहमा निम्नानुसार निर्णयात्मक मूल्याङ्कन गर्नुपर्ने छ :

(क) निर्माणात्मक मूल्याङ्कनबाट प्राप्त नतिजाका आधारमा आन्तरिक मूल्याङ्कनको कम्तीमा २५ प्रतिशत र बाह्य परीक्षाको ७५ प्रतिशत भार कायम गरी निर्णयात्मक मूल्याङ्कन गरिने छ ।

(ख) कक्षा ९ को अन्तिम परीक्षा विद्यालयले सञ्चालन गर्ने छ भने कक्षा १०, ११ र १२ मा बाह्य परीक्षा हुने छ ।

(ग) प्रयोगात्मक, सैद्धान्तिक तथा अन्य पक्षको मूल्याङ्कनको भार, विधि तथा साधन सम्बन्धित विषयको पाठ्यक्रममा उल्लेख भएअनुसार हुनुपर्ने छ । सैद्धान्तिक पक्षको मूल्याङ्कनका लागि निश्चित आधार, स्तर तथा साधनको स्वरूप निर्धारण गरिने छ ।

# परिच्छेद : छ

# राष्ट्रिय पाठ्यक्रम प्रारूप कार्यान्वयन

राष्ट्रिय पाठ्यक्रम प्रारूप नेपालको विद्यालय शिक्षाको पाठ्यक्रमसम्बन्धी मार्गदर्शक मूल दस्तावेज हो । यसले विद्यालय शिक्षाको दृष्टिकोण र नीतिगत मार्गदर्शन प्रस्तुत गरेको छ । यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न नीतिगत, संरचनागत र प्रक्रियागत बन्दोबस्त गर्न जरुरी छ । यस प्रारूपले निर्दिष्ट गरेबमोजिमका पाठ्यक्रम तर्जुमा गरी विद्यालयमा पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयनको वातावरणलाई सहज बनाइनुपर्छ । यसको कार्यान्वयनलाई सहजता प्रदान गर्न निम्नानुसारका व्यवस्था गरिने छ :

## ६.१ पाठ्यक्रम विकास, स्वीकृति र परिमार्जन प्रक्रियामा सुधार

राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद् पाठ्यक्रम, पाठ्यपुस्तक, पाठ्यसामग्री र मूल्याङ्कनसम्बन्धी नीतिहरू निर्माण र मार्गनिर्देशन गर्न जिम्मेवार हुने छ । यस प्रारूपले मार्गदर्शन गरेअनुसार सङ्घीय तहबाट विकास गरिने  पाठ्यक्रमको विकास तथा परिमार्जनको कार्य सङ्घीय सरकारअर्न्तगतको पाठ्यक्रम विकास केन्द्रले केन्द्रले गर्ने छ भने स्थानीय पाठ्यक्रमको विकास र परिमार्जन स्थानीय तहले गर्ने छ । पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्रीको विकास निर्माण प्रक्रियामा महिला, आदिवासी/जनजाति समूह, दलित, अपाङ्गता भएका, सीमान्तकृत समूहका व्यक्तिहरू, अभिभावक, शिक्षक, नागरिक समाज र मानव अधिकार तथा बाल अधिकार विशेषज्ञहरूसमेतको व्यापक प्रतिनिधित्व गराइने छ । साथै प्रदेश तथा स्थानीय तहमा पाठ्यक्रम विकाससम्बन्धी कार्य हुँदासमेत विशेषज्ञसहित सरोकारवालाहरूको समावेशी प्रतिनिधित्व गराइने छ । राष्टिञय स्तरमा पाठ्यक्रम विकास केन्द्रले विकास गरेका पाठ्यक्रम  राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्ले स्वीकृत गरेपछि  कार्यान्वयन गरिन्छ भने स्थानीय तहले विकास गर्ने स्थानीय पाठ्यक्रमको स्वीकृतिको सस्थागत व्यवस्था स्थानीय तहले गर्ने छ । पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्रीको विकास गर्दा तोकिएको प्रक्रियाअनुसार गरिने छ । पाठ्यक्रमको अद्यावधिक परिमार्जन तथा सुधार गर्ने कार्य निम्नानुसार गरिने छ :

- राष्ट्रिय पाठ्यक्रम प्रारूपले निर्देश गरेअनुसार पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्रीको विकास गरिने छ ।
- आवश्यकतानुसार पाठ्यक्रम तथा पाठ्यपुस्तकमा प्रत्येक वर्ष अद्यावधिक गरिने छ ।
- सामान्यतया प्रत्येक पाँच वर्षमा समसामयिक परिमार्जन गरिने छ ।
- सामान्यतया प्रत्येक दश वर्षमा पुनरवलोकन गरी समयानुकूल परिवर्तन गरिने छ ।

## ६.२ पाठ्यक्रमसम्बद्ध सामग्री विकास र वितरण

प्रभावकारी सिकाइ सहजीकरणका लागि पाठ्यक्रमसम्बद्ध सामग्रीको विकास तथा प्रयोग गर्ने व्यवस्था गरिने छ । यसका  लागि निम्नलिखित कार्यहरू सम्पन्न गरिने छ :

- पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्रीहरूको विकास

- शैक्षणिक सामग्री विकास र वितरण
- विद्यालयमा पुस्तकालयको व्यवस्था
- विज्ञान, कम्प्युटर, भाषा र गणित प्रयोगशाला निर्माण
- विशेष आवश्यकता समूहका लागि शैक्षणिक सामग्री विकास तथा वितरण

विद्यालयहरूलाई शैक्षणिक सामग्री विकास तथा प्रयोगात्मक कार्यका लागि प्रोत्साहन गर्न विद्यालयमा आधारित शैक्षणिक सामग्री क्रमशः विकास गरिने छ । यसका लागि विद्यालयहरूलाई स्थानीय स्रोत र साधन उपयोग गरी शैक्षणिक सामग्री विकास र व्यवस्थापन गर्न सक्षम बनाउँदै लगिने छ। साथै सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइ सामग्रीको विकासमा जोड दिइने छ।

## ६.३ संस्थागत संयन्त्रको विकास

पाठ्यक्रम परिमार्जन र अद्यावधिक कार्यका लागि पृष्ठपोषण स्थानीय, प्रदेश तथा सङ्घीय तहमा देहायबमोजिमको संयन्त्रको व्यवस्था सम्बन्धित तहका सरकारहरूले गर्नु उपयुक्त हुने छ :

### (क) स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक समन्वय समिति

प्रत्येक स्थानीय तहले विद्यालय तहको स्थानीय पाठ्यक्रम विकास तथा परिमार्जन, ऐच्छिक विषय छनोट, पाठ्यक्रमको कार्यान्वयन तथा सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्ने छ । यस कार्यका लागि स्थनीय तहले स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक समन्वय समिति गठन गरी सो समितिलाई निम्नलिखित कार्यका लागि जिम्मेवार बनाउन सक्ने छ :

- विद्यालयस्तरीय राष्ट्रिय पाठ्यक्रम तथा पाठ्यसामग्रीको प्रभावकारी कार्यान्वयन
- राष्ट्रिय पाठ्यक्रम प्रारूपको परिधिभित्र रही स्थानीय पाठ्यसामग्री विकास, स्वीकृति, परिमार्जन र कार्यान्यन
- पाठ्यक्रमसम्बन्धी सुपरिवेक्षण, अनुगमन, अनुसन्धान तथा पृष्ठपोषण
- प्रतिवेदन लेखन र प्रस्तुतीकरण

### (ख) प्रादेशिक पाठ्यक्रम, पाठ्यपुस्तक समन्वय समिति

प्रदेशको शिक्षा हेर्ने मन्त्रालयअन्तर्गत प्रादेशिक पाठ्यक्रम, पाठ्यपुस्तक समन्वय समिति गठन हुने छ । यस समितिले स्थानीय स्तरको पाठ्यक्रम, पाठ्यपुस्तक समन्वय समितिहरू तथा शिक्षक, विद्यार्थी, अभिभावक र अन्य सरोकारवालाहरूबाट पृष्ठपोषण लिई नियमित कार्यक्रमका रूपमा वार्षिक प्रतिवेदन दिने छ। यस समितिलाई निम्नलिखित कार्यका लागि जिम्मेवार बनाइने छ :

- विद्यालयस्तरीय राष्ट्रिय पाठ्यक्रम तथा पाठ्यसामग्रीको प्रभावकारी कार्यान्वयन
- राष्ट्रिय पाठ्यक्रम प्रारूपको परिधिभित्र रही प्रादेशिक पाठ्यसामग्री विकास, स्वीकृति र कार्यान्वयन
- पाठ्यक्रमसम्बन्धी सुपरिवेक्षण, अनुगमन, अनुसन्धान तथा पृष्ठपोषण
- प्रतिवेदन तयारी र प्रस्तुतीकरण

**(ग) केन्द्रीय पाठ्यक्रम सल्लाहकार समिति**

पाठ्यक्रमसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भएका अनुसन्धान तथा अभ्याससमेतका आधारमा राष्ट्रिय बहस गर्ने, अनुसन्धान गर्ने र आवश्यक सुधारका लागि केन्द्रलाई सुझाव दिन बाह्य विशेषज्ञको अध्यक्षतामा केन्द्रीय पाठ्यक्रम सल्लाहकार समिति रहने छ । यसलाई निम्नलिखित कार्यका लागि जिम्मेवार बनाइने छ :

- पाठ्यक्रमको विकास, विस्तार, स्तरीयता, सुधार अनुसन्धानलगायतका विषयहरूमा नियमित रूपमा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्, यसअन्तर्गतका समितिहरू र पाठ्यक्रम विकास केन्द्रलाई पेसागत सहयोग प्रदान गर्ने
- पाठ्यक्रमसम्बन्धी महत्त्वपूर्ण विषयहरू विद्यालय शिक्षाको दृष्टिकोण, दर्शन, संरचना, पाठ्यक्रम आदिमा केन्द्रलाई प्राविधिक सल्लाह प्रदान गर्ने
- विद्यालय शिक्षाको सक्षमता र विषयवस्तुको विश्वविद्यालय तह तथा अन्तर्राष्ट्रिय तहसमेतको स्तरअनुसार भए नभएको सम्बन्धमा केन्द्रलाई उचित परामर्श तथा सल्लाह दिने

## ६.४ अनुसन्धान र पाठ्यक्रम मूल्याङ्कन

पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम विकास, कार्यान्वयन र परिमार्जनका लागि पृष्ठपोषण प्राप्त गर्न अनुसन्धान र पाठ्यक्रम मूल्याङ्कन कार्यलाई नियमित रूपमा अवलम्बन गर्ने छ । पाठ्यक्रमका सम्बन्धमा अध्ययन अनुसन्धान गर्न पाठ्यक्रम विकास केन्द्र पूर्ण रूपमा जिम्मेवार हुने छ । अनुसन्धानका आधारमा पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई समसामयिक सुधार गर्ने नीतिलाई प्राथमिकता दिइने छ । ज्ञानमा आधारित समाज, सूचना तथा प्रविधिको विकास र प्रयोग, विश्व परिवेशमा उत्पन्न शैक्षिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक परिवर्तनसमेतका आधारमा पाठ्यक्रमलाई समसामयिक, सान्दर्भिक र व्यावहारिक बनाउन नियमित रूपमा यसको मूल्याङ्कन गरिने छ ।

## ६.५ विभिन्न स्तरमा परीक्षा बोर्ड र समितिको निर्माण

पाठ्यक्रमको उद्देश्यबमोजिम सिकाइ उपलब्धि तथा व्यवहारमा हुने प्रगतिको लेखाजोखा गर्न परीक्षा पद्धतिलाई एउटा महत्त्वपूर्ण पक्षका रूपमा अवलम्बन गरिने छ । यस प्रक्रियालाई देहायअनुसार व्यवस्थित गरिने छ :

**(क) स्थानीय स्तरको परीक्षा समिति**

आधारभूत तह (कक्षा ८) को अन्त्यमा स्थानीय तहमा परीक्षा हुने छ । यसका लागि स्थानीय सरकार मातहतको विद्यालय शिक्षा हेर्ने परीक्षा समिति जिम्मेवार हुने छ । उक्त समितिको भूमिका देहायबमोजिम हुने छ :

- परीक्षाको योजना, विकास र कार्यान्वयन गर्नु
- नतिजा प्रकाशन र प्रमाणित  गर्नु
- माध्यमिक तहका निम्ति विद्यार्थी छनोट गर्नु

- परीक्षाको विश्लेषण गरी जिल्लाभित्रका अन्य विद्यालयसँग तुलना गरी छलफल गर्नु र जिल्लामा शैक्षिक सुधार योजनाको निर्माण एवम् कार्यान्वयन गर्नु
- कक्षागत र विषयगत रूपमा उपलब्धि परीक्षा सञ्चालन गर्न शैक्षिक गुणस्तर परीक्षण केन्द्रलाई सहयोग गर्नु

**(ख) प्रदेशस्तरीय परीक्षा बोर्ड**

कक्षा १० को अन्त्यमा प्रदेश स्तरीय माध्यमिक शिक्षा परीक्षा (Secondary Education Examination-SEE) सञ्चालन हुने छ । परीक्षा सञ्चालन तथा व्यवस्थापन, कार्यान्वयन योजना, प्रश्नपत्र निर्माण, परीक्षा सञ्चालन र नतिजा प्रकाशन गर्न प्रदेशस्तरीय परीक्षा बोर्ड गठन हुने छ । यो बोडले कक्षा १० को अन्त्यमा प्रदेशस्तरीय माध्यमिक शिक्षा परीक्षाको व्यवस्थापन, सञ्चालन र प्रमाणीकरणसम्बन्धी कार्य गर्ने छ ।

**(ग) राष्ट्रिय परीक्षा बोर्ड**

कक्षा ११ र १२ को अन्तिम परीक्षा, माध्यमिक शिक्षा प्रमाणीकरण परीक्षा (School Leaving Certificate Examination) राष्ट्रिय परीक्षा बोर्डले राष्ट्रिय स्तरमा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण गर्ने छ । राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्द्वारा स्वीकृत पाठ्यक्रम तथा मूल्याङ्कन प्रारूप र मापदण्डबमोजिम माध्यमिक शिक्षा प्रमाणीकरण परीक्षा सञ्चालन गरिने छ ।

## ६.६ पाठ्यक्रमको कार्यान्वयनमा सरोकारवालाको सहभागिता

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि पाठ्यक्रमसम्बद्ध सरोकारवालाहरू अभिभावक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, जनप्रतिनिधि, सङ्घसंस्था, बुद्धिजीवी, शिक्षाप्रेमी आदिको भूमिका महत्त्वपूर्ण हुन्छ । पाठ्यक्रम कार्यान्वयनमा क्रममा यससँग सम्बन्धित विविध पक्ष र प्रक्रियाहरूमा सरोकारवालाहरूले प्रदान गर्ने सहयोग र सहकार्यबाट मात्रै विद्यालयमा सिकाइका लागि उपयुक्त वातावरण तयार हुन सक्छ । अतः पाठ्यक्रम कार्यान्वयनका निम्नलिखित पक्षहरूमा सरोकारवालाहरूको सहभागिता सुनिश्चित गरिने छ :

- विद्यालय सुधार योजना, शैक्षणिक योजना, सिकाइ सुधार योजना निर्माण
- सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री सङ्कलन र निर्माण
- विद्यार्थी मूल्याङ्कन पद्धतिको प्रभावकारी कार्यान्वयन
- विद्यार्थीको सिकाइ प्रगतिका बारेमा छलफल तथा सुझाव सङ्कलन
- विद्यार्थीको सिकाइ उपलब्धि र सुधारात्मक सिकाइ सहजीकरणका लागि अन्तरक्रिया
- सिकाइ सुधारका लागि कार्यमूलक अनुसन्धान, परियोजना कार्य, घटना अध्ययन, सामुदायिक कार्य
- विद्यार्थीको सिकाइमा सुधार तथा शैक्षिक गुणस्तर अभिवृद्धिमा निरन्तर सुपरीवेक्षण र अनुगमन

- विद्यार्थीको सिकाइ सुधारका लागि एक विद्यालय र अर्को विद्यालयबिच (शिक्षक-शिक्षक, विद्यार्थी-विद्यार्थी) छलफल तथा अन्तरक्रिया
- विद्यार्थी मूल्याङ्कनमा भए गरेका राम्रा अभ्यासको पहिचान र छलफल

## ६.७ प्रभावकारी पाठ्यक्रम विकास र कार्यान्वयनका निम्ति शिक्षकको तयारी

सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रका रूपमा शिक्षक रहन्छन् । सिकारु र शिक्षकबिचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ । पाठ्यक्रमको विकास र प्रभावकारी कार्यान्वयनमा शिक्षकको भूमिका महत्त्वपूर्ण हुन्छ । यसका लागि निम्नलिखित विषयहरूमा सक्षम हुने गरी शिक्षक विकास गरिने छ :

- आफूले अध्यापन गर्ने विषयमा गहन ज्ञान र समसामयिक ज्ञान तथा सिपमा अद्यावधिकता
- सिकाइ सहजीकरण प्रक्रियासम्बन्धी गहन ज्ञान र सो ज्ञानलाई सिकाइ सहजीकरणमा उपयुक्त तवरले प्रयोग
- बालबालिकाहरूको विविध सिकाइ आवश्यकता पहिचान गरी बालकेन्द्रित सिकाइ सहजीकरण
- प्रभावकारी सिकाइ सहजीकरणका लागि कक्षा व्यवस्थापन
- विद्यार्थी, अभिभावक तथा शिक्षकहरूबिच प्रभावकारी सञ्चार र सहकार्य
- निरन्तर सिकाइ र पेसागत विकास प्रतिको प्रतिबद्धता
- प्रचलित ऐन नियम तथा सामाजिक मूल्य मान्यताअनुकूल आदर्श पेसागत आचरण प्रदर्शन एवम् पेसागत जिम्मेवारी तथा उत्तरदायित्व वहन
- विविधताको व्यवस्थापन र बहुभाषिक शिक्षण
- सूचना तथा सञ्चार प्रविधिसम्बन्धी आधारभूत ज्ञान र सिपको सिकाइ सहजीकरणमा प्रयोग
- सिकाइ सहजीकरणमा सामुदायिक कार्य, घटना अध्ययन तथा लघु अनुसन्धानको प्रयोग
- पाठ्यक्रम, पाठ्यपुस्तक विकास, विश्लेषण, समायोजन तथा प्रयोग
- समावेशी शैक्षणिक सामग्रीको निर्माण र प्रयोग
- मूल्याङ्कन सामग्री विकास, परीक्षाका परिणामहरूको विश्लेषण र सुधार
- समसामयिक शैक्षिक अनुसन्धानका प्राप्तिको कार्यान्वयन

## ६.८ विद्यालयको भूमिका

राष्ट्रिय पाठ्यक्रम प्रारूपको कार्यान्वयन गर्ने मुख्य शैक्षिक संस्था विद्यालय हो । विद्यालयले प्रारूपले निर्दिष्ट गरेको खाकाका आधारमा स्थानीय आवश्यकता, पहुँच, सान्दर्भिकता र गुणस्तरसमेतलाई सम्बोधन गर्न सक्ने गरी पाठ्यक्रम तथा पाठ्यक्रमसम्बद्ध सामग्री विकास तथा कार्यान्वयन गर्ने छ । विद्यालय भौतिक वातावरण, पाठ्यक्रम, शिक्षक, विद्यार्थी र अन्य व्यवस्थापकीय पक्षलाई सिकाइ सहजीकरण प्रक्रियासँग आबद्ध गरी विश्व परिवेशअनुरूप विद्यालय स्वयम् पनि पाठ्यक्रमसम्बन्धी

निरन्तर गतिविधि सञ्चालन गर्न स्वायत्त हुने छ । यसप्रकारका स्वायत्त रूपमा विकसित हुने विद्यालयहरूलाई खुला/दूर शिक्षा, बहुकक्षा शिक्षण र सिकाइअनुरूपका शैक्षिक क्रियाकलापहरू सञ्चालन गर्न सक्षम बनाइँदै लगिने छ । यसका लागि विद्यालयले निम्नलिखित पक्षलाई विशिष्ट ध्यान दिने छन् :

- विद्यालयलाई शान्ति क्षेत्रका रूपमा विकास गर्न
- बाल अधिकारको सुनिश्चित गर्न
- समावेशी शैक्षिक वातावरण सिर्जना गर्न
- अभिभावक विद्यालय सहसम्बन्धलाई सुदृढ गराउन
- प्रतिस्पर्धी वातावरण सिर्जना गरी शैक्षिक गुणस्तर सुनिश्चित गर्न
- शैक्षिक स्रोतसामग्रीको विकास गर्न
- सूचना सञ्चार प्रविधिलाई अवलम्बन गर्न
- सहभागितामूलक कार्यविधि अवलम्बन गर्न
- बहुकक्षा शिक्षण, विषय शिक्षण, कक्षा शिक्षण गर्न
- विद्यार्थी परामर्श सेवा तथा सरसल्लाह प्रदान गरी सबैका लागि गुणस्तरीय विद्यालय शिक्षा प्रदान गर्न

## ६.९ अनुगमन र सुपरिवेक्षण

विद्यालय शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि समन्वयात्मक अनुगमन संरचनाको विकास र प्रयोग गरी अनुगमन तथा सुपरिवेक्षण गरिने छ । आन्तरिक तथा बाह्य अनुगमन र सुपरिवेक्षण कार्यलाई संस्थागत गरिने छ । मूलतः पाठ्यक्रम कार्यान्वयनका क्रममा देहायअनुसारका पक्षहरूमा अनुगमन तथा सुपरिवेक्षणलाई विशेष ध्यान दिइने छ :

- पाठ्यक्रम विकास प्रक्रियामा हुने लगानी (Input), विकास प्रक्रिया (Process) र प्रतिफल (Output) को अवस्था र प्रभाव (Impact)
- लगानी, प्रक्रिया र प्रतिफलमा सरोकारवालाहरूको सहभागिता, समावेशी पक्ष
- पाठ्यक्रम तथा पाठ्यक्रमसम्बद्ध सामग्रीको पहुँच र सर्वसुलभता
- सिकाइ सहजीकरण क्रियाकलाप र पाठ्यक्रमबिचको सामञ्जस्य एवम् सामाजिक रूपान्तरण
- मातृभाषा र स्थानीय पाठ्यक्रमको विकास र प्रयोग
- पेसागत छलफल, अन्तरक्रिया, सहयोग एवम् पृष्ठपोषण आदानप्रदान
- विद्यार्थी मूल्याङ्कन र पृष्ठपोषण
- निजी क्षेत्रबाट मुद्रित तथा वितरीत पाठ्यपुस्तकको छपाइ, वितरण र प्रयोग
- संस्थागत विद्यालयमा प्रयोगमा रहेका पाठ्यसामग्री

- नतिजा प्राप्ति
- धार्मिक संस्थाबाट सञ्चालित सिकाइ सहजीकरण क्रियाकलाप प्रयोग भएका पाठ्यसामग्री तथा परीक्षा पद्धतिको अवस्था
- प्रदेश तथा स्थानीय तहका पाठ्यक्रम सम्बद्ध समितिका कार्यको सहजीकरण

## ६.१० समन्वय र साझेदारी

पाठ्यक्रम प्रारूपको कार्यान्वयन समन्वयात्मक रूपमा सञ्चालन गरिने छ । यसका लागि पाठ्यक्रम विकास, शिक्षक शिक्षा, परीक्षा र मूल्याङ्कन, शैक्षिक व्यवस्थापन, शैक्षिक सुपरिवेक्षण, शैक्षिक अनुसन्धान जस्ता पक्षहरूलाई समुचित रूपमा समन्वय गरी शैक्षिक गतिविधिहरू सञ्चालन गरिने छ । अतः सङ्घीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतका केन्द्रीय निकाय, राष्ट्रिय परीक्षा बोर्ड, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, शिक्षक सेवा आयोगलगायत विश्वविद्यालय तथा अन्य संस्थाहरूबिच कार्यगत समन्वय सञ्जालका आधारमा पाठ्यक्रम प्रारूप कार्यान्वयन गरिने छ । त्यसै गरी जिल्ला र स्थानीय तहमा भइरहेका साझेदारी तथा समन्वयलाई सुदृढ र विस्तार गरिने छ । विद्यालय शिक्षामा गुणस्तर सुनिश्चित गर्न जवाफदेही परीक्षणसम्बन्धी कार्य शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट गरिने छ । साझेदारी र समन्वय कार्य गर्दा विशेषत सरकारी-सरकारी, सरकारी-निजी, निजी-निजी तथा सरकारी, गैरसरकारी निकायसँगको सहकार्यलाई विशेष जोड दिइने छ । यसप्रकारको सहकार्यले सिकाइ सहजीकरण क्रियाकलापमा सुधार गर्न, शिक्षकको पेसागत विकासमा सहजीकरण गर्न र शैक्षिक व्यवस्थापनमा सुधार गर्न जोड दिने छ ।

## ६.११ संस्थागत क्षमता र प्रारूप कार्यान्वयन

प्रारूपले व्यवस्था गरेका नीतिगत प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्न केन्द्रदेखि विद्यालयसम्मको संस्थागत क्षमतामा विशेष ध्यान दिनुपर्छ । यसका लागि सङ्घीय, प्रादेशिक र स्थानीय तहसम्मको संस्थागत क्षमता विकास योजना (Institutional Capacity Building Plan) विकास गरी कार्यान्वयन गरिने छ । यस प्रारूपको कार्यान्वयनका लागि पाठ्यक्रम विकास केन्द्रले कार्ययोजना तयार गर्ने छ । उक्त कार्ययोजनलाई राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्बाट स्वीकृत गराई क्रमशः कार्यान्वयन गर्दै लगिने छ । प्रारूपको कार्यान्वयनका लागि आवश्यकताअनुसार कार्यान्वयन निर्देशिका एवम् कार्यविधिसमेत विकास गरिने छ ।

## ६.१२ राष्ट्रिय पाठ्यक्रम प्रारूप गतिशील दस्तावेजका रूपमा

नेपालको सन्दर्भमा वि.स. २०६३ सालमा पहिलो पटक राष्ट्रिय पाठ्यक्रम प्रारूपको विकास गरिएको थियो । यस प्रारूपलाई वि. स. २०७१ सालमा समसामयिक परिमार्जन र अद्यावधिक गरी सुधार गरिएको थियो । यसको कार्यान्वयनको सन्दर्भमा विभिन्न क्षेत्रबाट प्राविधिक, शैक्षिक एवम् प्राज्ञिक सुझावहरू प्राप्त भएका छन् । ती सुझावहरूको विश्लेषण, अभ्यास, अनुभव तथा विद्यालय क्षेत्र विकास योजनालगायत नीतिगत दस्तावेजका आधारमा यो राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ तयार गरिएको छ । यस प्रारूपलाई गतिशील दस्तावेज (Living document) का रूपमा लिई निरन्तर प्राप्त हुने सुझाव तथा नीतिगत व्यवस्थाका आधारमा भविष्यमा समेत सुधार गर्दै लगिने छ ।

# अनुसूची १

## माध्यमिक शिक्षा (कक्षा ९-१०) ऐच्छिक विषय

(क) साधारण शिक्षातर्फ

(ख) ऐच्छिक विषय

(अ) साधारणतर्फ : ऐच्छिक पहिलो समूह

| क्र.स. | कक्षा ९ का ऐच्छिक विषय | कक्षा १० का ऐच्छिक विषय |
|---|---|---|
| १. | गणित | गणित |
| २. | अर्थशास्त्र | अर्थशास्त्र |
| ३. | भूगोल | भूगोल |
| ४ | इतिहास | इतिहास |
| ५. | नागरिक शास्त्र | नागरिक शास्त्र |
| ६ | जनसङ्ख्या अध्ययन | जनसङ्ख्या अध्ययन |
| ७ | समाजशास्त्र | समाजशास्त्र |
| ८ | वातावरण विज्ञान | वातावरण विज्ञान |
| ९ | अङ्ग्रेजी | अङ्ग्रेजी |
| १० | फ्रेन्च | फ्रेन्च |
| ११ | रसियन | रसियन |
| १२ | अरेबिक | अरेबिक |
| १३ | जापानिज | जापानिज |
| १४ | ग्रामीण विकास | ग्रामीण विकास |
| १५ | सामान्य कानुन | सामान्य कानुन |

| | | |
|---|---|---|
| १६ | मानव मूल्य शिक्षा | मानव मूल्य शिक्षा |
| १७ | सहकारी शिक्षा | सहकारी शिक्षा |
| १८ | वाणिज्य गणित | वाणिज्य गणित |
| १९ | बजारशास्त्र | बजारशास्त्र |
| २० | चिनिया | चिनिया |
| २१ | जर्मन | जर्मन |
| २२ | कोरियन | कोरियन |
| २३ | बङ्गाली | बङ्गाली |
| २४ | ल्याटिन | ल्याटिन |
| २५ | तिब्बती | तिब्बती |
| २६ | ग्रिक | ग्रिक |
| २७ | स्पेनिस | स्पेनिस |
| २८ | मलाया | मलाया |
| २९ | हिब्रू | हिब्रू |
| ३० | हिन्दी | हिन्दी |
| ३१ | पर्सियन | पर्सियन |
| ३२ | प्राकृतिक चिकित्सा | प्राकृतिक चिकित्सा |
| ३३ | आयुर्वेद | आयुर्वेद |

(आ) साधारणतर्फ : ऐच्छिक दोस्रो समूह

| सि. नं. | कक्षा ९ का विषय | कक्षा १० का विषय |
|---|---|---|
| १. | कम्प्युटर विज्ञान | कम्प्युटर विज्ञान |
| २. | स्वास्थ्य तथा शारीरिक शिक्षा | स्वास्थ्य तथा शारीरिक शिक्षा |
| ३. | विज्ञान | विज्ञान |
| ४. | कार्यालय सञ्चालन र लेखा | कार्यालय सञ्चालन र लेखा |
| ५. | कृषि | कृषि |
| ६. | लेखापरीक्षण | लेखापरीक्षण |
| ७. | प्रारम्भिक बालविकास शिक्षा | प्रारम्भिक बालविकास शिक्षा |
| ८. | शिक्षा | शिक्षा |
| ९. | वास्तुशास्त्र | वास्तुशास्त्र |
| १०. | छविकला | छविकला |
| ११. | दृश्यकला | दृश्यकला |
| १२. | सङ्गीत | सङ्गीत |
| १३. | सिलाइबुनाइ | सिलाइबुनाइ |
| १४. | हस्तकला | हस्तकला |
| १५. | बेतबास शिल्पकला | बेतबास शिल्पकला |
| १६. | पत्रकारिता | पत्रकारिता |
| १७. | केशकला | केशकला |
| १८. | बागवानी | बागवानी |

| | | |
|---|---|---|
| १९. | पुष्पखेती | पुष्पखेती |
| २०. | फलफूल खेती | फलफूल खेती |
| २१. | रेसम खेती र मौरीपालन | रेसम खेती र मौरीपालन |
| २२. | पशुपालन | पशुपालन |
| २३. | तरकारी खेती | तरकारी खेती |
| २४. | सौन्दर्य शास्त्र | सौन्दर्य शास्त्र |
| २५ | योग शिक्षा | योग शिक्षा |
| २६ | माछापालन | माछापालन |
| २७. | बुद्यौली शिक्षा | बुद्यौली शिक्षा |
| २८ | पन्छीपालन | पन्छीपालन |
| २९. | जडीबुटी खेती | जडीबुटी खेती |
| ३०. | गृह विज्ञान | गृह विज्ञान |
| ३१. | खाद्य विज्ञान | खाद्य विज्ञान |
| ३२ | वित्त तथा बैङ्किङ | वित्त तथा बैङ्किङ |
| ३३. | होटेल व्यवस्थापन | होटेल व्यवस्थापन |
| ३४ | पर्यटन व्यवसाय | पर्यटन व्यवसाय |
| ३५. | ज्योतिष | ज्योतिष |
| ३६ | संस्कृत साहित्य | संस्कृत साहित्य |
| ३७ | कर्मकाण्ड | कर्मकाण्ड |

(इ) साधारणतर्फ : ऐच्छिक तेस्रो समूह

| क्र.स. | कक्षा ९ का ऐच्छिक विषय | कक्षा १० का ऐच्छिक विषय |
|---|---|---|
| १. | नेपाली | नेपाली |
| २. | मैथिली | मैथिली |
| ३. | नेपाल भाषा | नेपाल भाषा |
| ४ | अवधी | अवधी |
| ५. | भोजपुरी | भोजपुरी |
| ६ | भोटभाषा | भोटभाषा |
| ७ | पाली | पाली |
| ८ | उर्दू | उर्दू |
| ९ | संस्कृत | संस्कृत |
| १० | मातृभाषा | मातृभाषा |

(ई) संस्कृत/गुरुकुल/वेदविद्याश्रमः ऐच्छिक प्रथम समूह

| सि. नं. | कक्षा ९ का विषय | कक्षा १० का विषय |
|---|---|---|
| १. | फलित ज्योतिष | फलित ज्योतिष |
| २. | प्राकृतिक चिकित्सा | प्राकृतिक चिकित्सा |
| ३. | आर्युवेद | आर्युवेद |
| ४. | वास्तुशास्त्र | वास्तुशास्त्र |
| ५. | योग शिक्षा | योग शिक्षा |

| | | |
|---|---|---|
| **६.** | **कर्मकाण्ड** | **कर्मकाण्ड** |
| **७.** | **गणित** | **गणित** |

## ऐच्छिक दोस्रो समूह

| सि. नं. | कक्षा ९ का विषय | कक्षा १० का विषय |
|---|---|---|
| १. | शुक्लयजुर्वेद | शुक्लयजुर्वेद |
| २. | सामवेद | सामवेद |
| ३. | ऋगवेद | ऋगवेद |
| ४. | अथर्ववेद | अथर्ववेद |
| ५. | व्याकरण | व्याकरण |
| ६. | न्याय | न्याय |
| ७. | दर्शनशास्त्र | दर्शनशास्त्र |
| ८. | इतिहास पुराण | इतिहास पुराण |
| ९. | ज्योतिष | ज्योतिष |
| १० | संस्कृत साहित्य | संस्कृत साहित्य |
| ११ | नीतिशास्त्र | नीतिशास्त्र |
| १२ | **तन्त्रशास्त्र** | **तन्त्रशास्त्र** |

**(ऋ) गोन्पातर्फ : ऐच्छिक समूह**

**गोन्पातर्फ साधारण धारतर्फका ऐच्छिक समूहका विषयका अतिरिक्त निम्नलिखित विषयको अध्ययन गर्न सकिने छ :**

**(ऋ) गोन्पातर्फ : ऐच्छिक पहिलो समूह**

| सि. नं. | **कक्षा ९** | **कक्षा १०** |
|---|---|---|
| १. | भोट भाषा | भोट भाषा |

**(ऋ) गोन्पातर्फ : ऐच्छिक दोस्रो समूह**

| सि. नं. | **कक्षा ९** | **कक्षा १०** |
|---|---|---|
| १. | बौद्ध शिक्षा | बौद्ध शिक्षा |

(ए) मदर्सातर्फ : ऐच्छिक पहिलो समूह

मदर्सातर्फ साधारण धारतर्फका ऐच्छिक पहिलो समूहका विषयका अतिरिक्त निम्नलिखित विषयको अध्ययन गर्न सकिने छ :

| सि. नं. | कक्षा ९ का विषय | कक्षा १० का विषय |
|---|---|---|
| १. | अरेबिक भाषा, साहित्य र व्याकरण | अरेबिक भाषा, साहित्य र व्याकरण |
| २ | उर्दू भाषा, साहित्य र व्याकरण | उर्दू भाषा, साहित्य र व्याकरण |

(ऐ) मदर्सातर्फ : ऐच्छिक दोस्रो समूह

मदर्सातर्फ साधारण धारतर्फका ऐच्छिक दोस्रो समूहका विषयका अतिरिक्त निम्नलिखित विषयको अध्ययन गर्न सकिने छ :

| सि. नं. | कक्षा ९ का विषय | कक्षा १० का विषय |
|---|---|---|
| १. | दिनियात | दिनियात |

# अनुसूची २

## माध्यमिक शिक्षा (कक्षा ११-१२) ऐच्छिक विषय

**(क) ऐच्छिक पहिलो पत्र**

| क्र. स. | **कक्षा ११ का ऐच्छिक विषय** | **कक्षा १२ का ऐच्छिक विषय** |
|---|---|---|
| १. | भौतिक विज्ञान (Physics) | भौतिक विज्ञान (Physics) |
| २. | लेखाका सिद्धान्तहरू (Principles of Accounting) | लेखाका सिद्धान्तहरू (Principles of Accounting) |
| ३. | ग्रामीण विकास (Rural Development) | ग्रामीण विकास (Rural Development) |
| ४ | नेपालको न्याय र कानुनी प्रणाली (Nepali Legal System) | नेपालको न्याय र कानुन प्रणाली (Nepalese Legal system) |
| ५. | चित्रकला (Painting ) | चित्रकला (Painting ) |
| ६ | खेलकुद विज्ञान (Sports Science) | खेलकुद विज्ञान (Sports Science) |
| ७ | बालविकास र सिकाइ (Child Development and Learning) | शैक्षणिक पद्धति र मूल्याङ्कन (Instructional Pedagogy and Evaluation) |
| ८ | मनोविज्ञान (Psychology) | मनोविज्ञान (Psychology) |
| ९ | इतिहास (History) | इतिहास (History) |
| १० | लैङ्गिक अध्ययन (Gender Studies) | लैङ्गिक अध्ययन (Gender Studies) |
| ११ | अतिथि सत्कार व्यवस्थापन (Hospitality Management) | अतिथि सत्कार व्यवस्थापन (Hospitality Management) |
| १२ | बाली विज्ञान (Agronomy) | बाली विज्ञान (Agronomy) |
| १३ | प्राकृतिक चिकित्सा (Naturopathy) | प्राकृतिक चिकित्सा (Naturopathy) |
| १४ | मानवमूल्य शिक्षा (Human Value Education) | मानवमूल्य शिक्षा (Human Value Education) |

**(ख) ऐच्छिक दोस्रो पत्र**

| क्र. स. | **कक्षा ११ का ऐच्छिक विषय** | **कक्षा १२ का ऐच्छिक विषय** |
|---|---|---|
| १. | रसायन विज्ञान (Chemistry) | रसायन विज्ञान (Chemistry) |
| २. | शिक्षा र विकास ( Education and Development ) | शिक्षा र विकास (Education and Development) |
| ३ | भूगोल (Geography) | भूगोल (Geography) |
| ४. | कार्यविधि कानुन (Procedural Law ) | कानुनको मस्यौदा प्रक्रिया (Legal Drafting) |

| | | |
|---|---|---|
| ५ | समाजशास्त्र (Sociology ) | समाजशास्त्र (Sociology ) |
| ६ | आयुर्वेद (Ayurbed) | आयुर्वेद (Ayurbed) |
| ७ | व्यवसाय अध्ययन (Business Studies) | व्यवसाय अध्ययन (Business Studies) |
| ८ | भाषा विज्ञान (Linguistics) | भाषा विज्ञान (Linguistics) |
| ९ | राजनीतिशास्त्र (Political Science) | राजनीतिशास्त्र (Political Science) |
| १० | दर्शनशास्त्र (Philosophy) | दर्शनशास्त्र (Philosophy) |
| ११ | बुढ्यौली शिक्षा (Gerontology) तथा स्याहार शिक्षा (Care Taking Education) | बुढ्यौली शिक्षा (Gerontology) तथा स्याहार शिक्षा (Care Taking Education) |
| १२ | बागवानी (Horticulture) I (फलफूल, तरकारी , पुष्प र च्याउ खेती) | बागवानी (Horticulture) (फलफूल, तरकारी , पुष्प र च्याउ खेती) |
| १३ | खाद्य र पोषण (Food and Nutrition) | खाद्य र पोषण (Food and Nutrition) |
| १४ | नृत्य (Dance) | नृत्य (Dance) |
| १५ | कला इतिहास ( History of arts ) | कला इतिहास ( History of arts ) |
| १६ | कम्प्युटर विज्ञान (Computer Science) | कम्प्युटर विज्ञान (Computer Science) |

**ग) ऐच्छिक तेस्रो पत्र**

| क्र.स. | **कक्षा ११ का ऐच्छिक विषय** | **कक्षा १२ का ऐच्छिक विषय** |
|---|---|---|
| १. | जीव विज्ञान (Biology) | जीव विज्ञान (Biology) |
| २. | अर्थशास्त्र (Economics) | अर्थशास्त्र (Economics) |
| ३. | पर्यटन र पर्वतारोहण अध्ययन (Tourism and Mountaineering Studies) | पर्यटन र पर्वतारोहण अध्ययन (Tourism and Mountaineering Studies) |
| ४. | जनसङ्ख्या अध्ययन (Population Studies) | जनसङ्ख्या अध्ययन (Population Studies) |
| ५. | योग तथा ध्यान (Yoga and meditation) | योग तथा ध्यान (Yoga and meditation) |
| ६. | वाद्यवादन (Vocal/Instrumetal) | वाद्यवादन(Vocal/Instrumetal) |
| ७. | सिलाइ तथा बुनाइ (Sewing and Knitting) | सिलाइ तथा बुनाइ (Sewing and Knitting) |
| ८. | संवैधानिक कानुन (Constitutional Law) | देवानी तथा फौजदारी कानुन र न्याय (Civil and Criminal law and justice) |
| ९. | आमसञ्चार अध्ययन (Mass | आमसञ्चार अध्ययन (Mass Communication |

| | | |
|---|---|---|
| | Communication Studies) | Studies) |
| १०. | संस्कृति (Culture) | संस्कृति (Culture) |
| ११. | फेसन डिजाइनिङ (Fashion designing ) | फेसन डिजाइनिङ (Fashion designing ) |
| १२. | प्रायोगिक कला ( Applied Arts) | प्रायोगिक कला ( Applied Arts) |
| १३. | पशुपालन, पंन्छीपालन र माछापालन (Livestock, Poultry and Fisheries) | पशुपालन, पंक्षीपालन र माछापालन (Livestock, Poultry and Fisheries) |
| १४. | अङ्ग्रेजी (English) | अङ्ग्रेजी (English) |
| १५. | हिन्दी | हिन्दी |
| १६. | चिनियाँ | चिनियाँ |
| १७. | जर्मन | जर्मन |
| १८. | जापानिज | जापानिज |
| १९. | कोरियन | कोरियन |
| २०. | फ्रेन्च | फ्रेन्च |
| २१. | हिब्रू | हिब्रू |
| २२. | अरेबिक | अरेबिक |
| २३. | पाक कला (Culinary Arts) | पाक कला (Culinary Arts) |
| २४. | बजारशास्त्र (Marketing) | बजारशास्त्र (Marketing) |

**(घ) ऐच्छिक चौथो पत्र**

| क्र. स. | **कक्षा ११ का ऐच्छिक विषय** | **कक्षा १२ का ऐच्छिक विषय** |
|---|---|---|
| १. | गणित (Mathematics) | गणित (Mathematics) |
| २. | प्रायोगिक गणित (Applied mathematics) | प्रायोगिक गणित (Applied Mathematics) |
| ३. | वाणिज्य गणित (Business Mathematics) | वाणिज्य गणित (Business Mathematics) |
| ४ | मानव अधिकार (Human rights) | मानव अधिकार (Human rights) |
| ५ | पुस्तकालय तथा सूचना विज्ञान (Library and Information Science) | पुस्तकालय तथा सूचना विज्ञान (Library and Information science) |
| ६ | गृह विज्ञान (Home Science) | गृह विज्ञान (Home Science) |
| ७ | वातावरण विज्ञान (Environment Science) | वातावरण विज्ञान (Environment Science) |
| ८ | साधारण कानुन (General Law) | साधारण कानुन (General Law) |

| | | |
|---|---|---|
| ९ | वित्तशास्त्र (Finance) | वित्तशास्त्र (Finance) |
| १० | सहकारी व्यवस्थापन (Co-operative management) | सहकारी व्यवस्थापन (Co-operative Management) |
| ११ | बौद्ध दर्शन (Buddist Philosophy) | बौद्ध दर्शन (Buddist Philosophy) |
| १२ | प्रायोगिककला (Applied Arts) | प्रायोगिक कला (Applied Arts) |
| १३ | गायन (Signing) | गायन (Signing) |
| १४ | मूर्तिकला (Sculpture) | मूर्तिकला (Sculpture) |
| १५ | रेसम खेती र मौरीपालन (Apiculture and Sericulture) | रेसम खेती र मौरीपालन (Apiculture and Sericulture) |
| १६ | सौन्दर्यकला (Beautician) र केशकला (Hair dressing) | सौन्दर्यकला (Beautician) र केशकला (Hair dressing) |
| १७ | जडीबुटी (Herbals) | जडीबुटी (Herbals ) |
| १८ | प्लम्बिङ र वाइरिङ (Plumbing and Wiring) | प्लम्बिङ र वाइरिङ (Plumbing and Wiring) |
| १९ | आन्तरिक सजावट (Internal Decoration) | आन्तरिक सजावट (Internal Decoration) |
| २० | होटेल व्यवस्थापन (Hotel Management) | होटेल व्यवस्थापन (Hotel Management) |
| २१ | खेलकुद विज्ञान (Sports Sceince ) | खेलकुद विज्ञान (Sports Sceince ) |
| २२ | स्वास्थ्य तथा शारीरिक शिक्षा (Health and Physical Education) | स्वास्थ्य तथा शारीरिक शिक्षा (Health and Physical Education) |
| २३ | पाठ्यक्रम तथा मूल्याङ्कन (Curriculum and Evaluation) | पाठ्यक्रम तथा मूल्याङ्कन (Curriculum and Evaluation) |

**(घ) ऐच्छिक पाँचौं पत्र**

| क्र.स. | **कक्षा ११ का ऐच्छिक विषय** | **कक्षा १२ का ऐच्छिक विषय** |
|---|---|---|
| १. | नेपाली (Nepali) | नेपाली (Nepali) |
| २. | मैथिली | मैथिली |
| ३. | नेपाल भाषा | नेपाल भाषा |
| ४. | उर्दू | उर्दू |
| ५. | संस्कृत | संस्कृत |
| ६. | मातृभाषा | मातृभाषा |
| ७. | भोजपुरी | भोजपुरी |

## अनुसूची ३

### माध्यमिक शिक्षा (कक्षा ११-१२) परम्परा धारतर्फ

### संस्कृततर्फका विषय

(क)  अनिवार्य विषय

| सि. नं. | कक्षा ११ का विषय | कक्षा १२ का विषय |
|---|---|---|
| १ | संस्कृत रचना | संस्कृत रचना |
| २ | संस्कृत भाषा तथा व्याकरण | संस्कृत भाषा तथा व्याकरण |

द्रष्टव्य : अनिवार्य विषयहरू नेपाली, अङ्ग्रेजी, सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा वा गणित **(Mathematics)** सामाजिक छन् । विद्यार्थीले अङ्ग्रेजीको सट्टा स ंस्कृत रचना विषय अध्ययन गर्न सक्ने छन् ।

(ख) ऐच्छिक विषय

निम्नलिखित तीन समूहमध्ये कुनै दुई समूहबाट एक एक विषय गरी दुई विषय अध्ययन गर्नुपर्ने छ ।विद्यार्थीले थप विषय अध्ययन गर्न चाहेमा ऐच्छिक विषय छनोट नभएको समूहबाट एक विषय अध्ययन गर्न सक्ने छन् ।

(अ) ऐच्छिक पहिलो समूह

| क्र.स. | कक्षा  ११ का ऐच्छिक विषय | कक्षा १२ का ऐच्छिक विषय |
|---|---|---|
| १ | शुक्लयजुर्वेद | शुक्लयजुर्वेद |
| २ | सामवेद | सामवेद |
| ३ | ऋग्वेद | ऋग्वेद |
| ४ | अथर्ववेद | अथर्ववेद |
| ५ | व्याकरण | व्याकरण |

| | | |
|---|---|---|
| ६ | सिद्धान्त ज्योतिष | सिद्धान्त ज्योतिष |
| ७ | न्याय | न्याय |
| ८ | दर्शनशास्त्र | दर्शनशास्त्र |
| ९ | संस्कृत साहित्य | संस्कृत साहित्य |
| १० | इतिहास पुराण | इतिहास पुराण |
| ११ | नीतिशास्त्र | नीतिशास्त्र |
| १२ | तन्त्रशास्त्र | तन्त्रशास्त्र |

(आ) ऐच्छिक दोस्रो समूह

| क्र.स. | कक्षा ११ का ऐच्छिक विषय | कक्षा १२ का ऐच्छिक विषय |
|---|---|---|
| १ | प्राकृतिक चिकित्सा (Naturopathy) | प्राकृतिक चिकित्सा (Naturopathy) |
| २ | आयुर्वेद (Ayurbed) | आयुर्वेद (Ayurbed) |
| ३ | योग (Yog) | योग (Yog) |
| ४ | कर्मकाण्ड | कर्मकाण्ड |
| ५ | फलित ज्योतिष | फलित ज्योतिष |
| ६ | वास्तुशास्त्र | वास्तुशास्त्र |
| ७. | सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा | सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा |

(इ) ऐच्छिक  तेस्रो समूह

| क्र.स. | कक्षा  ११ का ऐच्छिक विषय | कक्षा १२ का ऐच्छिक विषय |
|---|---|---|
| १ | मानवमूल्य शिक्षा ९Human Value Education) | मानवमूल्य शिक्षा (Human Value Education) |
| २ | कम्प्युटर विज्ञान ९ (Computer Science) | कम्प्युटर विज्ञान ९ (Computer Science) |
| ३ | अर्थशास्त्र ९ (Economics) | अर्थशास्त्र ९ (Economics) |
| ४ | नेपाली ९ (Nepali) | नेपाली ९ (Nepali) |
| ५ | अङ्ग्रेजी ९ (English) | अङ्ग्रेजी ९ (English) |
| ६ | गणित ९ (Mathematics) | गणित ९ (Mathematics) |

मदर्सा

(क) अनिवार्य  विषय

**मदर्सा**

**(क) अनिवार्य  विषय**

| **सि. नं.** | **कक्षा ११ का विषय** | **कक्षा १२ का विषय** |
|---|---|---|
| **१** | उर्दू व्याकरण र साहित्य | उर्दू व्याकरण र साहित्य |

द्रष्टव्य : अनिवार्य विषयहरू नेपाली, अङ्ग्रेजी, सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा,  वा गणित (Mathematics) , सामाजिक अध्ययन  तथा जीवनोपयोगी शिक्षा, वा गणित (Mathematics), साधारण धारमै उल्लेख भएअनुसार हुने छन् ।विद्यार्थीले अङ्ग्रेजीको सट्टा मदर्सामा उर्दू व्याकरण र साहित्य विषय अध्ययन गर्न सक्ने छन् ।

**(ख) ऐच्छिक विषय** मदर्सा

निम्नलिखित तीन समूहमध्ये कुनै दुई समूहबाट एक एक विषय गरी दुई विषय अध्ययन गर्नुपर्ने छ ।विद्यार्थीले थप विषय अध्ययन गर्न चाहेमा ऐच्छिक विषय छनोट नभएको समूहबाट एक विषय अध्ययन गर्न सक्ने छन् ।

**(अ) ऐच्छिक पहिलो समूह**

| क्र.स. | **कक्षा ११ का ऐच्छिक विषय** | **कक्षा १२ का ऐच्छिक विषय** |
|---|---|---|
| **१** | कुरान | कुरान |

**(आ) ऐच्छिक दोस्रो समूह**

| क्र.स. | **कक्षा ११ का ऐच्छिक विषय** | **कक्षा १२ का ऐच्छिक विषय** |
|---|---|---|
| **१** | कम्प्युटर विज्ञान | कम्प्युटर विज्ञान |
| **२** | हदिस र असुले हदिस | हदिस र असुले हदिस |

**(इ) ऐच्छिक तेस्रो समूह**

| क्र.स. | **कक्षा ११ का ऐच्छिक विषय** | **कक्षा १२ का ऐच्छिक विषय** |
|---|---|---|
| **१** | अङ्ग्रेजी | अङ्ग्रेजी |
| **२** | चिनियाँ भाषा | चिनियाँ भाषा |
| **३** | जापानिज भाषा | जापानिज भाषा |
| **४** | मिरास विज्ञान | मिरास विज्ञान |

## गोन्पा तथा विहार

**(क) ऐच्छिक विषय**

**(अ) गोन्पा शिक्षातर्फः ऐच्छिक प्रथम**

| क्र.स. | कक्षा ११ | कक्षा १२ |
|---|---|---|
| १ | बौद्ध दर्शन | बौद्ध दर्शन |
| २ | परियात्ति शिक्षा | परियात्ति शिक्षा |
| ३ | मनोविज्ञान | मनोविज्ञान |
| ४ | मानवमूल्य शिक्षा | मानवमूल्य शिक्षा |
| ५ | नेपालको न्याय र कानूनी प्रणाली | नेपालको न्याय र कानूनी प्रणाली |
| ६ | लेखाका सिद्धान्तहरू | लेखाका सिद्धान्तहरू |

**(आ) गोन्पा शिक्षातर्फः ऐच्छिक द्वितीय**

| क्र.स. | कक्षा ११ | कक्षा १२ |
|---|---|---|
| १ | बौद्ध शिक्षा | बौद्ध शिक्षा |
| २ | समाजशास्त्र | समाजशास्त्र |
| ३ | शिक्षा विकास | शिक्षा विकास |
| ४ | दर्शनशास्त्र | दर्शनशास्त्र |

**(इ) गोन्पा शिक्षातर्फः ऐच्छिक तृतीय**

| क्र.स. | कक्षा ११ | कक्षा १२ |
|---|---|---|
| १ | भोट भाषा | भोट भाषा |
| २ | संस्कृत रचना | संस्कृत रचना |
| ३ | पालि भाषा | पालि भाषा |
| ४ | चाइनिज भाषा | चाइनिज भाषा |
| ५ | जापानिज भाषा | जापानिज भाषा |
| ६ | अंङ्ग्रेजी भाषा | अंङ्ग्रेजी भाषा |
| ७ | कोरियन भाषा | कोरियन भाषा |
| ८ | योग तथा ध्यान | योग तथा ध्यान |

**(ई) गोन्पा शिक्षातर्फः ऐच्छिक चतुर्थ**

| क्र.स. | कक्षा ११ | कक्षा १२ |
|---|---|---|
| १ | भोट ज्योतिष | भोट ज्योतिष |
| २ | सोवा रिग्पा सोरिग | सोवा रिग्पा सोरिग |
| ३ | शिल्प विद्धा | शिल्प विद्धा |
| ४ | बौद्ध कर्मकाण्ड | बौद्ध कर्मकाण्ड |

# अनुसूची ४

## माध्यमिक (कक्षा ९-१२) प्राविधिक तथा व्यावसायिक शिक्षाको पाठ्यक्रम संरचना

### १. बाली विज्ञान

(क) बाली विज्ञान (कक्षा ९-१०)

| क्र.स. | विधागत विषय | कक्षा ९ | कक्षा १० |
|---|---|---|---|
| १. | प्रथम | Agriculture Extension and Computer Science | Industrial Entomology and Fish Culture |
| २. | द्वितीय | Principle of Agronomy | Food Crop Production |
| ३. | तृतीय | Basic Horticulture | Horticultural Crop Production |
| ४. | चतुर्थ | Plant Protection | Floriculture and Nursery Management |

(ख) बाली विज्ञान (कक्षा ११-१२)

| **क्र.स.** | **प्राज्ञिक विषय** | **कक्षा ११** | **कक्षा १२** |
|---|---|---|---|
| **१.** | प्रथम | जीवशास्त्र | जीवशास्त्र |
| **२.** | द्वितीय | रसायनशास्त्र | रसायनशास्त्र |
| **३.** | तृतीय | भौतिकशास्त्र | गणित |
| | **विधागत विषय** | | |
| **१.** | प्रथम | Farm Machinery and Seed Technology | Industrial Crop Production |
| **२.** | द्वितीय | Soil Fertility and Nutrient Management | Plant Pathology and Mushroom Production |
| **३.** | तृतीय | Commercial Fruit Crop Production and Post-Harvest Technology | Agri- Economics |
| **४.** | चतुर्थ | Agricultural Entomology | Vegetable and Medicinal Plant Production |

## २. पशु विज्ञान

### (क) पशु विज्ञान (कक्षा ९-१०)

| क्र.स. | विधागत विषय | कक्षा ९ | कक्षा १० |
|---|---|---|---|
| १. | प्रथम | Veterinary Extension and Computer Science | Veterinary Laboratory Technology |
| २. | द्वितीय | General LPM (Livestock Production and Management) and Fodder Production | Dairy Product Technology |
| ३. | तृतीय | Veterinary Anatomy and Physiology | Aquaculture and Fisheries |
| ४. | चतुर्थ | Animal Health –I | Animal Health –II |

### (ख) पशु विज्ञान (कक्षा ११-१२)

| क्र.स. | प्राज्ञिक विषय | कक्षा ११ | कक्षा १२ |
|---|---|---|---|
| १. | प्रथम | जीवशास्त्र | जीवशास्त्र |
| २. | द्वितीय | रसायनशास्त्र | रसायनशास्त्र |
| ३. | तृतीय | भौतिकशास्त्र | गणित |
| | **विधागत विषय** | | |
| १. | प्रथम | Ruminants Production and Management | Non-Ruminants Production and Management |
| २. | द्वितीय | Animal Nutrition | Meat Science and Technology |
| ३. | तृतीय | Veterinary Pharmacology Technology | Genetics and Animal Breeding |
| ४. | चतुर्थ | Commercial Poultry Farming | General Surgery and Radiology |

## ३.इलेक्ट्रिकल इन्जिनियरिङ

### (क) इलेक्ट्रिकल इन्जिनियरिङ (कक्षा ९-१०)

| क्र.स. | विधागत विषय | कक्षा ११ | कक्षा १२ |
|---|---|---|---|
| १. | प्रथम | Computer Application | Electrical Machine |
| २. | द्वितीय | Basic Electrical Engineering | Basic Electronics |
| ३. | तृतीय | Engineering Drawing | Electrical Instalation and Maintenance |
| ४. | चतुर्थ | Basic Electrical Instalation and Workshop Technology | Utilazation of Electrical Energy |

### (ख) इलेक्ट्रिकल इन्जिनियरिङ (कक्षा ११-१२)

| **क्र.स.** | **प्राज्ञिक विषय** | **कक्षा ११** | **कक्षा १२** |
|---|---|---|---|
| १. | प्रथम | गणित | गणित |
| २. | द्वितीय | रसायनशास्त्र | रसायनशास्त्र |
| ३. | तृतीय | भौतिकशास्त्र | भौतिकशास्त्र |
| | विधागत विषय | | |
| १. | प्रथम | Electrical Measurement and Instruments | Switch Gear and Protection |
| २. | द्वितीय | Electrical Instalation, Estimation and Circuit Design | Renewable Energy System |
| ३. | तृतीय | Electrical Power System | Electrical CAD and Based Design |
| ४. | चतुर्थ | Repair and Maintenance of Electrical Equipments | Power Transmisson and Distribution |

## ४.सिभिल इन्जिनियरिङ

### (क) सिभिल इन्जिनियरिङ (कक्षा ९-१०)

| क्र.स. | विधागत विषय | कक्षा ९ | कक्षा १० |
|---|---|---|---|
| १. | प्रथम | Computer and Drawing | Building Construction and Drawing |
| २. | द्वितीय | Water Supply and Sanitary Engineering | Highway Engineering |
| ३. | तृतीय | construction Technology and Workshop | Engineering Surveying- I |
| ४. | चतुर्थ | Water Resource Engineering | Estimating, Costing and supervision – I |

### (ख) सिभिल इन्जिनियरिङ (कक्षा ११-१२)

| क्र.स. | प्राज्ञिक विषय | कक्षा ११ | कक्षा १२ |
|---|---|---|---|
| १. | प्रथम | गणित | गणित |
| २. | द्वितीय | रसायनशास्त्र | रसायनशास्त्र |
| ३. | तृतीय | भौतिकशास्त्र | भौतिकशास्त्र |
| | विधागत विषय | | |
| १. | प्रथम | Geo-technical Engineering | Mechanics of Structure |
| २. | द्वितीय | Estimating, Costing and supervision- II | Fluids Mechanic |
| ३. | तृतीय | Engineering Surveying- II | RCC Structure |
| ४. | चतुर्थ | Applied Mechanics | Construction Management |

## ५. कम्प्युटर इन्जिनियरिङ

### (क) कम्प्युटर इन्जिनियरिङ (कक्षा ९-१०)

| क्र.स. | विधागत विषय | कक्षा ११ | कक्षा १२ |
|---|---|---|---|
| १. | प्रथम | Programming principal & concept in C Language | Data structure & OOP concept using c++ |
| २. | द्वितीय | Fundamentals of computer and Application | computer Hardware, Electronics Repair & Maintenance |
| ३. | तृतीय | Fundamentals of electro-system | Data Based Management System |
| ४. | चतुर्थ | Website design | Digital design & Microprocessor |

### (ख) कम्प्युटर इन्जिनियरिङ (कक्षा ११-१२)

| क्र.स. | प्राज्ञिक विषय | कक्षा ११ | कक्षा १२ |
|---|---|---|---|
| १. | प्रथम | गणित | गणित |
| २. | द्वितीय | रसायनशास्त्र | रसायनशास्त्र |
| ३. | तृतीय | भौतिकशास्त्र | भौतिकशास्त्र |
| **विधागत विषय** | | | |
| १. | प्रथम | Programming in Java | Visual Programming |
| २. | द्वितीय | Computer Organization & Architecture | Computer Network |
| ३. | तृतीय | Operating System | Contemporary Technology |
| ४. | चतुर्थ | Web & Mobile Application Development | Software Engineering and Project |

**६. सङ्गीत शिक्षा**

**(क) सङ्गीत शिक्षा (कक्षा ९-१०)**

| क्र.स. | विधागत विषय | कक्षा ९ | कक्षा १० |
|---|---|---|---|
| १. | प्रथम | शास्त्रीय सङ्गीत | शास्त्रीय सङ्गीत |
| २. | द्वितीय | नेपाली लोक सङ्गीत | नेपाली लोक सङ्गीत |
| ३. | तृतीय | पाश्चात्य सङ्गीत | पाश्चात्य सङ्गीत |
| ४. | चतुर्थ | ऐच्छिक विषयहरू मध्ये कुनै एक ( गायन, वादन र नृत्य) प्रचलित नेपाली सङ्गीत | ऐच्छिक विषयहरू मध्ये कुनै एक (गायन, वादन र नृत्य) प्रचलित नेपाली सङ्गीत |

**(ख) सङ्गीत शिक्षा (कक्षा ११-१२)**

**(क) सङ्गीत शिक्षा (कक्षा ९-१०)**

| क्र.स. | विधागत विषय | कक्षा ९ | कक्षा १० |
|---|---|---|---|
| १. | प्रथम | शास्त्रीय सङ्गीत | शास्त्रीय सङ्गीत |
| २. | द्वितीय | नेपाली लोक सङ्गीत | नेपाली लोक सङ्गीत |
| ३. | तृतीय | पाश्चात्य सङ्गीत | पाश्चात्य सङ्गीत |

**(ख) सङ्गीत शिक्षा (कक्षा ११-१२)**

| क्र.स. | प्राज्ञिक विषय | कक्षा ११ | कक्षा १२ |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १. | प्रथम | मानवमूल्य शिक्षा | मानवमूल्य शिक्षा |
| २. | द्वितीय | कम्प्युटर विज्ञान | कम्प्युटर विज्ञान |
| ३. | तृतीय | संस्कृति | संस्कृति |
| क्र.स. | विधागत विषय | कक्षा ११ | कक्षा १२ |
| १. | प्रथम | शास्त्रीय सङ्गीत | शास्त्रीय सङ्गीत |
| २. | द्वितीय | नेपाली लोक सङ्गीत | नेपाली लोक सङ्गीत |
| ३. | तृतीय | पाश्चात्य सङ्गीत | पाश्चात्य सङ्गीत |
| ४. | चतुर्थ | प्रचलित नेपाली गायन, वादन र नृत्यमध्ये कुनै एक | प्रचलित नेपाली गायन, वादन र नृत्यमध्ये कुनै एक |

| **विधागत विषय** | | | |
|---|---|---|---|
| १. | प्रथम | शास्त्रीय सङ्गीत | शास्त्रीय सङ्गीत |
| २. | द्वितीय | नेपाली लोक सङ्गीत | नेपाली लोक सङ्गीत |
| ३. | तृतीय | पाश्चात्य सङ्गीत | पाश्चात्य सङ्गीत |
| ४. | चतुर्थ | ऐच्छिक विषयहरूमध्ये कुनै एक (गायन, वादन र नृत्य) प्रचलित नेपाली सङ्गीत | ऐच्छिक विषयहरू मध्ये कुनै एक ( गायन, वादन र नृत्य) प्रचलित नेपाली सङ्गीत |

द्रष्टव्य : विगतमा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्ले स्वीकृत गरेका प्राविधिक तथा व्यावसायिक शिक्षाका माथि उल्लिखित विषयबाहेकका हस्पिटालिटी म्यानेजमेन्ट, अटोमोबाइल/मेकानिकल इन्जिनियरिङ, खेलकुद शिक्षा, ललितकला, वन विज्ञान, पब्लिक हेल्थ, प्राकृतिक चिकित्सा, आयुर्वेद र योग विज्ञान शिक्षाका पाठ्यक्रम विकास गर्दै लगिने छ ।

# अनुसूची ५

## राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ विकासमा संलग्न विज्ञहरूको विवरण

(क) विषयक्षेत्रगत समूह (Thematic group) का संयोजकहरूको नामावली

| क्र.स. | विषयक्षेत्र | संयोजक |
|---|---|---|
| १. | प्रारम्भिक बालशिक्षादेखि कक्षा ३ सम्मको पाठ्यक्रम संरचना | प्रा.डा. किशोर श्रेष्ठ |
| २. | विद्यालय शिक्षाको दृष्टिकोण, राष्ट्रिय उद्देश्य, तहगत सक्षमता र धारगत सक्षमता | प्रा. डा. वासुदेव काफ्ले |
| ३. | साधारण धारको पाठ्यक्रम ढाँचा | प्रा. डा. राममान श्रेष्ठ |
| ४. | संस्कृत तथा परम्परागत शिक्षाको पाठ्यक्रम ढाँचा | प्रा.डा. माधवशरण उपाध्याय |
| ५. | प्राविधिक तथा व्यावसायिक शिक्षाको पाठ्यक्रम संरचना | प्रा. डा. टङ्कनाथ शर्मा |
| ६. | सिकाइ सहजीकरण प्रक्रिया, मूल्याङ्कन र प्रमाणीकरण | प्रा.डा. गणेशबहादुर सिंह |
| ७. | पाठ्यक्रम सिद्धान्त, नीति र अन्य सान्दर्भिक विषयहरू | प्रा. डा. तिर्थराज पराजुली |

(ख) छलफल तथा अन्तरक्रियामा सहभागी विज्ञहरू

| क्र.स. | नाम थर | पद/ कार्यालय |
|---|---|---|
| १. | डा. गङ्गालाल तुलाधर | पूर्व शिक्षामन्त्री |
| २. | श्री धनिराम पौडेल | पूर्व शिक्षामन्त्री |
| ३. | श्री विष्णु रिमाल | प्रधानमन्त्रीका प्रमुख सल्लाहकार |
| ४. | डा.राजन भट्टराई | राजनीतिकर्मी |
| ५. | श्री केदारभक्त माथेमा | पूर्व उपकुलपति, त्रि. वि. |

| | | |
|---|---|---|
| ६. | प्रा.डा.सुरेशराज शर्मा | पूर्व उपकुलपति, काठमाडौँ विश्वविद्यलाय |
| ७. | प्रा.डा.पीताम्बर शर्मा | पूर्व उपाध्यक्ष, राष्ट्रिय योजना आयोग |
| ८. | प्रा.डा.परासर कोइराला | अध्यक्ष, विश्वविद्यालय अनुदान आयोग |
| १०. | श्री बालानन्द पौडेल | पूर्व सचिव, नेपाल सरकार |
| ११. | प्रा.डा.चैतन्य मिश्र | विज्ञ |
| १२. | प्रा.डा.मिनबहादुर विष्ट | शिक्षाविद् |
| १३. | श्री जर्नादन नेपाल | पूर्व सचिव, नेपाल सरकार |
| १४. | श्री महाश्रम शर्मा | पूर्व सचिव, नेपाल सरकार |
| १५. | प्रा.डा. मनप्रसाद वाग्ले | शिक्षाविद् |
| १६. | प्रा.डा. विद्यानाथ कोइराला | शिक्षाविद् |
| १७. | प्रा.डा. चन्द्रमणि पौडेल | अध्यक्ष, राष्ट्रिय परीक्षा बोर्ड |
| १८. | प्रा.डा. सुशन आचार्य | त्रिभुवन विश्वविद्यालय |
| १९. | डा.हरि रोका | विज्ञ |
| २०. | प्रा.डा. लेखनाथ शर्मा | उपकुलपति, खुला विश्वविद्यालय |
| २१. | प्रा.डा. बालचन्द्र लुइटेल | स्कुल अफ एजुकेसन, काठमाडौँ विश्वविद्यालय |
| २२. | प्रा.डा. लक्ष्मण ज्ञवाली | स्कुल अफ एजुकेसन, काठमाडौँ विश्वविद्यालय |
| २३. | प्रा.डा. रामप्रसाद खतिवडा | डिन, विज्ञान सङ्काय, त्रिभुवन विश्वविद्यालय |
| २४. | प्रा.डा. भीमप्रसाद सुवेदी | त्रिभुवन विश्वविद्यालय |
| २५. | डा. लेखप्रसाद निरौला | नेपाल संस्कृत विश्वविद्यालय |
| २६. | प्रा.डा. काशीनाथ न्यौपाने | उपकुलपति, नेपाल संस्कृत विश्वविद्यालय |
| २७. | प्रा.डा. शिवलाल भुसाल | डिन, मानविकी, त्रिभुवन विश्वविद्यालय |
| २८. | प्रा.डा.त्रिरत्न बज्राचार्य | त्रिभुवन विश्वविद्यालय |

| | | |
|---|---|---|
| २९. | प्रा.डा. डिल्लीराम शर्मा | डिन, व्यवस्थापन, त्रिभुवन विश्वविद्यालय |
| ३०. | डा.निरञ्जनप्रसाद शर्मा | सहायक डिन, इ.अ.सं, पुल्चोक |
| २८. | प्रा.डा. रमेशप्रसाद भट्टराई | त्रिभुवन विश्वविद्यालय |
| २९. | प्रा.डा. विनयकुमार कुशियत | त्रिभुवन विश्वविद्यालय |
| ३०. | प्रा.डा. रामकृष्ण महर्जन | त्रिभुवन विश्वविद्यालय |
| ३१. | प्रा.डा. रामकृष्ण तिवारी | त्रिभुवन विश्वविद्यालय |
| ३२. | प्रा.डा. कर्णबहादुर बानियाँ | त्रिभुवन विश्वविद्यालय |
| ३३. | प्रा.डा. जीवनाथ धिताल | त्रिभुवन विश्वविद्यालय |
| ३४. | प्रा.डा. राममान श्रेष्ठ | त्रिभुवन विश्वविद्यालय |
| ३५. | प्रा.डा.शिवशरण महर्जन | त्रिभुवन विश्वविद्यालय |
| ३६. | प्रा.डा. चिरञ्जीवी खनाल | त्रिभुवन विश्वविद्यालय |
| ३७. | डा. चिन्तामणि योगी | त्रिभुवन विश्वविद्यालय |
| ३८. | प्रा.डा.शशिधर जोशी | त्रिभुवन विश्वविद्यालय |
| ३९. | श्री दुर्गाप्रसाद अर्याल | सदस्य सचिव, राष्ट्रिय परीक्षा बोर्ड |
| ४०. | डा. दिपक श्रेष्ठ | काठमाडौं विश्वविद्यालय |
| ४१. | श्री बाबुराम थापा | अध्यक्ष, नेपाल शिक्षक महासङ्घ |
| ४२. | श्री तिलक कुँवर | उपाध्यक्ष, नेपाल शिक्षक महासङ्घ |
| ४३. | श्री राजेन्द्रराज पौडेल | अध्यक्ष, नेपाल शिक्षक सङ्घ |
| ४४. | श्री शङ्कर अधिकारी | अध्यक्ष, एकीकृत अखिल नेपाल शिक्षक सङ्गठन |
| ४५. | श्री रमेश सिलवाल | अध्यक्ष, हिसान |
| ४६. | श्री लोकबहादुर भण्डारी | महासचिव, हिसान |
| ४७. | श्री निमबहादुर के.सी. | महासचिव, UANTO |

| | | |
|---|---|---|
| ४८. | ऋषिराम चापागाई | एकीकृत अनेशिस. |
| ४९. | प्रा.डा. शशी अधिकारी | सहायक डिन, कानुन, त्रिवि |
| ५०. | प्रा.डा. कुलप्रसाद कोइराला | उपकुलपति, नेसंवि. |
| ५१. | प्रा.डा. राजेन्द्रध्वज जोशी | पूर्व डिन, इन्जिनियरिङ् अध्ययन संस्थान |
| ५२. | श्री जीवेन्द्रदेव गिरी | नेपाल प्रज्ञा प्रतिष्ठान |
| ५३. | श्री मदन राई | शिक्षाविद् |
| ५४. | श्री विमलकुमार फुयाल | स्वतन्त्र अध्येता |
| ५५. | श्री रामेश श्रेष्ठ | कला क्षेत्र |
| ५६. | श्री रायन श्रेष्ठ | कला क्षेत्र |
| ५७. | श्री जीवन शर्मा | कला क्षेत्र |
| ५८. | श्री प्रदीप लामा | कला क्षेत्र |
| ५९. | श्री टीका पुन | कला क्षेत्र |
| ६०. | श्री पूर्णकला वि.सी. | कला क्षेत्र |
| ६१. | श्री विन्दु शर्मा | त्रिभुवन विश्वविद्यालय |
| ६२. | श्री चन्द्र शर्मा | कला क्षेत्र |
| ६३. | श्री रमेशप्रसाद ढकाल | शिक्षाध्यक्ष, नेसंवि |
| ६४. | श्री महेशप्रसाद तिमल्सेना | जनक शिक्षा सामग्री विकास केन्द्र |
| ६५. | श्री युवराज शर्मा | वरिष्ठ उपाध्यक्ष, हिसान |
| ६६. | श्री टङ्क आचार्य | उपाध्यक्ष, हिसान |
| ६७. | श्री पुष्पप्रसाद न्यौपाने | अध्यक्ष, हिस्टान |
| ६८. | श्री सुवास भण्डारी | वरिष्ठ उपाध्यक्ष, अभिभावक सङ्घ नेपाल |
| ६९. | श्री ऋतुराज सापकोटा | अध्यक्ष, नेसनल प्याब्सन |

| | | |
|---|---|---|
| ७०. | श्री कर्णबहादुर शाही | प्रमुख सल्लाहकार |
| ७१. | श्री तिलक भण्डारी | उपाध्यक्ष, अखिल - क्रान्तिकारी) |
| ७२. | श्री महेशकुमार बर्तौला | उपाध्यक्ष, अनेरास्ववियु |
| ७३. | श्री नरायण घर्ती | सचिवालय सदस्य |
| ७४. | श्री मनिषजङ थापा | नेपाल विद्यार्थी सङ्घ |
| ७५. | श्री टङ्क पाण्डे | नेपाल विद्यार्थी सङ्घ |

(ग) छलफलमा सहभागी भएका शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तगर्तका पदाधिकारीहरू

| क्र.स. | नाम थर | पद/कार्यालय |
|---|---|---|
| १. | माननीय मन्त्री श्री गिरिराजमणि पोखरेल | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| २. | श्री महेशराज दहाल | सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ३ | श्री खगराज बराल | सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ४ | श्री मधु रेग्मी | सचिव, नेपाल सरकार |
| ५ | श्री सूर्यप्रसाद गौतम | सहसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ६ | डा. हरिप्रसाद लम्साल | सहसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ७. | श्री वैकुण्ठप्रसाद अर्याल | सहसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ८. | श्री बालकृष्ण पन्थी | सहसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ९. | श्री बाबुराम पौडेल | महानिर्देशक, शिक्षा विभाग |
| १०. | श्री देवकुमारी गुरागाई | कार्यकारी निर्देशक, शैजविके. |

| | | |
|---|---|---|
| ११ | श्री टेकनारायण पाण्डे | परियोजना निर्देशक, इभेन्ट |
| १२ | श्री चूडामणि पौडेल | निर्देशक, अनौपचारिक शिक्षा केन्द्र |
| १३. | श्री खगेन्द्र नेपाल | निर्देशक, शैजविके. |
| १४. | डा.तुलसीप्रसाद थपलिया | प्रशासकीय प्रमुख, शिक्षक सेवा आयोग |
| १५. | श्री कृष्णप्रसाद काप्री | कार्यकारी निर्देशक, पाविके. |
| १६. | डा. लेखनाथ पौडेल | प्रमुख, शैक्षिक गुणस्तर परीक्षण केन्द्र |
| १७ | श्री रामशरण सापकोटा | सहसचिव, भाषा आयोग |
| १८. | श्री दीपक शर्मा | निर्देशक, शिक्षा विभाग |
| १९. | श्री इमनारायण श्रेष्ठ | प्रमुख, सिएलपिआइयु |
| २०. | श्री अम्बिकाप्रसाद रेग्मी | परीक्षा नियन्त्रक, परीक्षा नियन्त्रण कार्यालय |
| २१. | श्री हरि गौतम | प्रमुख, विद्यालय शिक्षक किताव खाना |
| २२. | श्री विष्णुप्रसाद अधिकारी | प्रमुख, शिक्षाका लागि खाद्य कार्यक्रम |
| २३. | श्री लालजङ चौहान | सचिव, चिकित्सा शिक्षा आयोग |